# खण्ड १ : परिचय

## १.१.१ पृष्ठभूमि

नेपाल भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, असिना, चट्याङ, जङ्गली जनावरको आतंक, पशु तथा बालीमा रोगकिरा, सुख्खा खडेरी जस्ता विविध प्राकृतिक प्रकोपका घटनाहरूबाट संकटासन्न अवस्थामा रहेको छ । बर्ड फ्लु, स्वाईन फ्लु जस्ता नयाँ प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, विद्युतीय दुर्घटना, सडक, हवाई, डुङ्गा दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपद्का घटनाहरू पनि हुने गरेका छन् । जलवायु परिवर्तनका कारण देशले ठूलो सास्ती भोग्नु परिरहेको र यो समस्या दिनप्रतिदिन विकराल बन्दै गैरहेकोछ । देशले वर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक (मानव सिर्जित) विपद्का घटनाहरूको सामना गरिरहनु परेको  छ । तथ्याङ्कहरूका आधारमा नेपाल विश्वमा विपद् जोखिमको नक्शाङ्कनमा बीसौं स्थानमा रहेको छ भने नेपाललाई पहिरो र बाढीजस्ता पानीजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट तीसौं स्थानमा राखिएको छ । काठमाण्डौ उपत्यका भूकम्पीय जोखिमका दृष्टिबाट विश्वकै प्रथम स्थानमा रहेको छ । नेपालको सम्पूर्ण भूभाग भूकम्प जाने संभावित क्षेत्रभित्र पर्दछ । संकटासन्नता र जोखिमका सम्बन्धमा गरिएको अध्ययन अनुसार भूकम्पको सापेक्षिक संकटासन्नताका दृष्टिबाट नेपाल संसारका सबैभन्दा बढी जोखिममा रहेका देशहरूमध्ये एघारौं स्थानमा रहेको छ । त्यसै गरी अध्ययन अनुसार  जलवायु परिवर्तनका कारणले हुने असरका दृष्टिले नेपाल जोखिमको चौथो स्थानमा रहेको छ । नेपालमा रहेका २,३१५ हिमतालमध्ये २२ वटा विष्फोट हुने खतरामा छन् । आगलागी तर्फ विशेष गरी तराईमा गर्मीको मौसममा तापक्रम ४५ डिग्री सेल्सियससम्म पुग्ने भएकाले ग्रामीण बस्तीहरूमा आगलागी ठूलो समस्याको रूपमा रहेको छ । हालका दिनहरूमा हावाहुरीको प्रकोपमा पनि बृद्धि हुँदै गएको छ ।

विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहलकदमी लिन आरम्भ भइसकेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु पर्ने यथार्थतालाई आत्मसात् गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन नेपाल सरकारले "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४", स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनैतिक कार्ययोजना २०७५, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ समेत पारित गरी काम अगाडि बढाएको छ । यसैगरी प्रदेश सरकारले "विपद् व्यवस्थापन ऐन २०७५" र विराटनगर महानगरपालिकाले "विराटनगर महानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५" समेत जारी गरी जोखिम न्यूनीकरण र विपद् उत्थानशीलताका लागि प्रयाशहरु हुन आरम्भ गरिएका छन् ।

"स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८" (स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका मस्यौदाको रुपमा) का आधारमा स्थानीय प्राथमिकताको योजना बनाई सरकारी बजेट र नीति, नियममा विपद् तथा जलवायु उत्थानशील योजनालाई पालिकाको योजनामा संलग्न गराउने, स्थानीय तहमा प्रकोप तथा जोखिमको पहिचान, सोको विश्लेषण साथै मूल्याङ्कन र पूर्व सूचना प्रणालीको विकास गर्ने, समुदाय स्तरमा भएको ज्ञान, नवीनतम सोच तथा शिक्षाको प्रयोगबाट समुदाय तहमा सुरक्षा र पूर्वतयारी भएको उत्थानशील संस्कारको विकास गर्ने, समुदाय स्तरमा अन्तरनिहित जोखिमका कारणहरू पत्ता लगाई न्यूनीकरणका लागि पहल गर्ने, प्रभावकारी योजना निर्माणका लागि विषयविज्ञ एवम् अन्य सहयोगी सरोकारवालाहरूको सहयोग लिई सम्भावित विपद्को पूर्वतयारीलाई सशक्त बनाउँदै विपद् उत्थानशील समाजको निर्माण गर्न वडास्तरीय विपद् व्यवस्थापन समिति र महानगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको अर्थपूर्ण सहभागितामा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरिएको छ ।

## १.१.२. मोरङ जिल्लाको परिचय :

नेपालको प्रदेश नं. १ अन्तगत कोशी अञ्चलमा पर्ने तराईको बिकसित जिल्लाको रुपमा मोरङलाई चिनिन्छ । जनसंख्याको आधारमा दोस्रो स्थानमा पर्ने यो जिल्ला उत्तरमा २६°२०´ देखी २६°५३´ अक्षांस सम्म र पुर्वमा ८७°१६´ देखी

८७°५१´ देशान्तर सम्म फैलिएको छ । यो जिल्ला समुद्र सतहबाट ६० मीटर देखि २,४१० मिटर सम्मको उचाईमा अवस्थित छ । १,८५५ वर्ग किमि क्षेत्रफल भएको यस जिल्लाको पुर्व पश्चिम लम्बाई ४६ किमि र उत्तर दक्षिण सरदर चौडाई ५४ किमि छ । यस जिल्लाको सिमाना पुर्वमा झापा र ईलाम जिल्ला, पश्चिममा सुनसरी जिल्ला, उत्तरमा धनकुटा र पाँचथर जिल्ला र दक्षिणमा भारतको विहार राज्य पर्दछ । बहुधार्मिक, बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक धरोहरकोरुपमा परिचित जिल्ला हो मोरङ । ९,६५,३७० जनसंख्या रहेको यो जिल्लामा धेरै जातजाती (राई, लिम्बू, नेवार, शाक्य, तामाङ, मगर, राजवंशी, गनगाई, सतार, मुसहर, थारु, ताजपुरिया, धिमाल, कोचे, मेचे, झाँगड, किसान, सन्थाल, तराई माझी, मुण्डा जाती आदी) का मानिसहरु बसोबास गर्दछन् भने मुख्य जातीको रुपमा ब्राम्हण र क्षेत्रीहरुको वाहुल्यता रहेको छ । यस जिल्लामा उष्ण मनसुनी हावापानी पाइन्छ । गृष्मकालमा यहांको तापक्रम ४५° सेल्सियस सम्म पुग्दछ भने शीतकालमा ५° सेल्सियससम्म ओर्लिन्छ ।




मोरङ जिल्ला सर्वाङ्गिण विकासका लागि अगाडी बढीरहेको जिल्ला भएतापनि यसले चाहेजस्तो सफलता पाउन अझै सकिरहेको छैन । पुर्वबाट वहने मनसुनी हावा महाभारत पर्वत श्रृखंलामा ठक्कर खाएर यहाँ मनसुनी वर्षा हुन्छ । सबभन्दा बढी वर्षा असार, श्रावण, भाद्र महिना र कम वर्षा मंसिर महिनामा हुन्छ । बकाहा, चिसाङ, खदम, मावा, रतुवा, डाँस, सिता, लोहन्द्रा, केशलिया, बुढी, मिक्लु, सिंघिया, गछिया आदि खोलाहरु मुख्यरुपमा रहेका छन् भने मोरङ्गी, बेतना, जुडी, साखरे, कचला आदि साना खोलाहरु रहेका छन् । प्रायः सबै खोलाहरुको मुहान चुरे क्षेत्र नै हो । यी नदी नालाहरुमा वर्षेनी आउने वाढीले यस जिल्लालाई प्रभावित पारेको छ ।

१ महानगरपालिका, ८ नगरपालिका, ८ गाउँपालिका रहेको यो जिल्लाको ८० प्रतिशत भुभाग तराई क्षेत्रमा र २० प्रतिशत भुभाग पहाडी क्षेत्रमा पर्दछ । जिल्लाको सदरमुकाम देशकै दोस्रो ठूलो शहर विराटनगरमा रहेको छ ।

### १.१.३ महानगरपालिकाको परिचय :

प्रदेश नं. १ को राजधानी तथा मोरङ्ग जिल्लाको सदरमुकाम बिराटनगर महानगरपालिका राज्य पुनर्संरचना पश्चात् बैजनाथपुर र बुधनगर गाविसहरु गाभिएर उपमहानगरपालिकाबाट महानगरपालिकामा रुपान्तरण भएको हो । यसको पूर्वमा जहदा र कटहरी गाउँपालिका पर्दछन् । पश्चिममा केशलिया खोला र विराटनगर महानगरपालिकाको वडा नं. १ सुनसरी जिल्लाका बर्जु गाउँपालिका र दुहवी नगरपालिका, उत्तरमा बुढिगंगा गाउँपालिका र दक्षिणमा भारतको विहार राज्य पर्दछन् । समुद्र सतह देखि करिव ८० मिटरको उचाईमा रहेको यो महानगरपालिकामा पहाडी क्षेत्री बाहुन, मारवाडी, नेवार, मधेशी, पासवान, डुम, ऋषिदेव लगायतका दलित वर्ग, जनजातिहरु, सन्यासी, मुस्लिम लगायतका जातजातिको बसोबास रहेका छन् भने अधिक संख्यामा हिन्दू, केही मुस्लिम र क्रिस्चियन धर्म मान्नेहरु छन् ।




अनेक जाति, भाषा, धर्म र संस्कृति रहेको यहाँ दशैं, तिहार, तीज, हरितालिका, श्रीकृष्ण जन्माष्टमी, छठ, सिरुवा, फागु, माघे संक्रान्ती, जितियापर्व, दिनभद्री पूजा, ईद आदि चाडबाडहरु मनाईन्छन् । जातीय छुवाछुत प्रथा सार्वजनिक स्थलमा उल्लेख्य रुपमा कम भएको भएतापनि पुरानो पुस्तामा भने कायमै रहेको छ । दलित र पिछडावर्गका संगठन भएपनि धेरै सक्रिय छैनन् र दलित सशक्तिकरणका लागि र जातीय विभेद उन्मुलनका लागि प्रभावकारी अभियानहरु पनि चलेका छन् । ग्रामिण समुदायमा महिला हिंसाका घटनाहरु प्रसस्तै छन् । महिला शिक्षामा विभेद घट्दै गएको छ । दहेज प्रथा पनि कायमै छ । आमा समूह तथा महिला समूहहरु गठन भएका छन् । घरायसी कामहरु अधिकाँस महिलाहरुले नै गर्नुपर्छ । यो ग्रामिण समुदायमा बढी नै छ भने शहरी क्षेत्रमा कम छ । यद्यपी महिला सशक्तिकरण हुन थालेको छ ।

### १.१.४ आर्थिक अवस्था :

नेपालको औद्योगिक नगरीको रुपमा परिचित यो महानगरपालिकाका नागरिकहरुको मूख्य आर्थिक श्रोत उद्योग, व्यापार, कृषि र ज्याला मजदुरी हो । शहरी क्षेत्रका अधिकाँस मानिसहरु व्यापार गर्दछन् । पुराना र नयाँ समेत धेरै उद्योगहरु पनि छन् भने ग्रामिण समुदायका मानिसहरु खेतीपाती र ज्याला मजदुरीबाट जीवन निर्वाह गर्ने गर्दछन् । मूख्यरुपमा धान, तोरी, दलहन बाली, गहुँ, मकै, उखु आदिको उत्पादन हुन्छ । व्यवसायिक तरकारी खेती आँशिकरुपमा गरिएको छ । पशुपालन र दुध विक्रिबाट केहीले आम्दानी गरेको देखिन्छ । ग्रामिण परिवेशमा अधिकाँस मानिसहरु राजमिस्त्री (डकर्मी), लेवर र सिकर्मीको काम गर्दछन् । कतिपय युवाहरु वैदेशिक रोजगारीमा गएका छन् । भूमिहिन परिवार करिव ६०४६ र परालको छाना भएका झुप्रा घरहरु करिव २०८३ को संख्यामा छन् ।

### १.१.५ शैक्षिक अवस्था

महानगरपालिकाको शैक्षिक अवस्थालाई पनि २ किसिमले हेर्नुपर्ने हुन्छ । शहरी क्षेत्रमा पूर्वकै शैक्षिक केन्द्रको रुपमा बिराटनगर रहेको छ भने ग्रामिण क्षेत्रमा शैक्षिक अवस्था तुलनात्मक रुपमा कमजोर देखिन्छ । शहरी क्षेत्रमा सामुदायिक विद्यालयहरु भन्दा बढी संस्थागत विद्यालयहरुले सेवा दिई रहेका छन् भने ग्रामिण समुदायमा सामुदायिक विद्यालयहरुको बाहुल्यता देखिन्छ । उच्च शिक्षाका लागि महेन्द्र मोरङ्ग कलेज लगायत दर्जनौं क्याम्पसहरु रहेका छन् ।

महानगरपालिका भित्र ५५ वटा सामुदायिक विद्यालय, १०५ वटा संस्थागत विद्यालय, १८ वटा मदरसा, गुरुकुल २ वटा रहेका छन् । ग्रामिण समुदायका प्रायः सबै नै बालबालिका विद्यालय भर्ना भएतापनि कमैमात्र विद्यालय जाने गरेका छन् र कतिपयले बीचैमा पढाई छाड्ने गर्दछन् ।

### १.१.६ जलवायु, हावापानी आदिको अवस्था र प्रभाव :

यस महानगरपालिकामा उष्ण किसिमको हावापानी पाइन्छ । यहाँको अधिकतम तापक्रम गर्मी समयमा ४३ डिग्री सेल्सियस सम्म र जाडो याममा ६ डिग्री सेल्सियस सम्म हुन्छ । मंसिरदेखि माघ सम्म जाडो हुने, बैशाख देखि आश्विन सम्म गर्मी हुन्छ । लगभग ८० प्रतिशत वर्षा आषाढ, श्रावण, भाद्र महिनामा मनसुनी वर्षा हुने गर्दछ । केही वर्षयता जलवायु परिवर्तनको कारण एकातिर बर्षादमा कमी आएको, भूमिगत पानीको सतह घट्दै गएको र गर्मी बढ्दै गएको छ भने अर्कोतिर पशु तथा बालीविरुवामा रोगकिरामा बृद्धि हुँदै गएकोछ । सडक विस्तारको क्रममा सडक किनाराका सयौं रुखहरुको विनास भएको छन् ।

### १.१.७ प्राकृतिक श्रोत साधन :

**नदी खोलाहरु :** यस महानगरपालिकामा पूर्वतर्फ सिंघिया खोला, पश्चिम तर्फ केशलिया खोला रहेका छन् । बीचमा साना खोला खोल्साहरु पनि रहेका छन् ।

**सामुदायिक वनहरु :** यो महानगरपालिका क्षेत्रमा केही नीजि वनहरु भएतापनि सामुदायिक वनहरु छैनन् ।

**खानीहरु :** खानीहरु भएको भएतापनि अध्ययन नभएकोले पत्तालाग्न सकेको छैन ।

### १.१.८ खोलानाला तथा नदी र तिनबाट पर्ने प्रभाव

यहाँ भएका खोलाहरुबाट कुनै सिंचाई छैन । सिंघिया खोलाले वडा नं. १, २, ७, ८, १४, १६ र १९ का धेरै भागहरुमा कटान तथा डुवान गर्ने गरेको छ भने केशलिया खोलाले वडा नं. ४, ५, ६, ११, १२ र १६ का धेरै भागहरुमा कटान तथा डुवान गर्ने गरेको छ । यी लगायत अरु साना खोल्सा खोल्सी, धद्रा खोला, खदरा खोला, पैनी तथा घोघाहरुले पनि कतिपय वस्तीहरुमा डुवान गर्ने गरेको छ ।

### १.१.९ सडकको अवस्था :

महानगरपालिका क्षेत्रमा जोगवनी देखि धरान सम्मको ६ लेनको सडक निर्माण भईरहेको छ भने अरु हरेक टोलमा पुग्ने सडक निर्माण भएका छन् । स्थानीय तहको निर्वाचन पश्चात् सडक विकासले तिब्रता लिएको छ । हरेक टोलमा मापदण्ड अनुसार

ग्राभेल र पक्की सडक निर्माण तथा स्तरोन्नती हुने क्रम हालका दिनमा व्यापकरुपमा बढिरहेको छ । सडकहरु निर्माणको क्रममा रहेका र महानगरपालिका क्षेत्रको कमजोर ट्राफिक व्यवस्थापनका कारण दिनहुँ सडक दुर्घटनाका घटनाहरु हुने गरेका छन् ।

### १.१.१० भू-उपयोग :

महानगरपालिकाको ठूलो भाग शहरीकरण र उद्योगहरुले ओगटेका छन् भने ग्रामिण क्षेत्रका सबै भागमा धनहर खेतहरु रहेका छन् । करिव ७० प्रतिशत जग्गा खेतीयोग्य जमिन रहेको यो महानगरमा मुख्य उत्पादनको रुपमा धान रहेको छ । दलहन बाली, गहुँ, तोरी, मकै आदिको पनि राम्रो उत्पादन हुने गर्दछ । कतिपय मानिसले ३ बालीसम्म लगाउने गरेका छन् भने धेरै जग्गा हिउँदको समयमा अधिकाँस बाँझै रहेको देखिन्छ । ऐलानी जग्गाहरु पनि प्रसस्तै भेटिन्छन् । पहुँच हुनेहरुले ऐलानी जग्गा मिचेका उदाहरणहरु पनि पाईन्छन् । यीनै ऐलानी र जोखिमयुक्त जग्गाहरुमा मुसहर, पासवान, डुम, मुस्लिम लगायतका वस्तीहरु बसेका छन् । हाल विराटनगर महानगरपालिकाले नमुना वस्ती निर्माण गर्ने कार्यको आरम्भ गरेको छ । ठूलो भूभागमा अहिलेपनि सिंचाई सुविधाको अभावमा आकासेपानीको भरमा खेतीपाती गर्नुपरेको छ । नहर नपुगेका स्थानहरुमा पम्पिङसेटबाट पानी निकालेर खेती गर्ने गर्दछन् ।

## १.२ योजनाको उद्देश्य :

यस योजनाका उद्देश्यहरु यसप्रकार रहेका छन् :

१. प्रकोप नक्साङ्कन गरी स्थानीय तहमा रहेको प्रकोपको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता बिश्लेषण गरी जोखिम न्यूनीकरण गर्ने ।
२. स्थानीय तह, समुदाय, संघसंस्थाहरु र सरोकारवालाको प्रत्यक्ष र सकृय सहभागिता बढाई विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।
३. विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्ने ।
४. विपद्संग सामना गर्नसक्ने दक्ष जनशक्ति तयार गर्ने ।
५. स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्ने ।
६. आवश्यकतानुसार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात् गर्नुपर्ने कार्यलाई प्राथमिकीकरण गर्ने ।
७. महानगरपालिका तथा वडातहमा गठन भएका विपद् व्यवस्थापन समिति तथा विपद् सम्बन्धी काम गर्ने अन्य संघ संस्थाहरुलाई उत्तरदायी बनाउने ।
८. विपद् प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउन सुनिश्चित गर्ने ।
९.उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दै, अतिरिक्त श्रोत र साझेदारहरु संलग्न गराउने ।

## १.३ योजनाको आवश्यकता तथा महत्व :

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरुलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रुपमा निरन्तर रुपमा यो योजना कार्यान्वयन हुनेछ । विपद्को घटना मानव समुदायका लागि संवेदनशील भएकोले यस्तो अवस्था नआओस् भन्नाका निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसंग समायोजन गरी दीगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुंदा यसले महत्वपूर्ण स्थान ओगटेको हुन्छ ।

- महानगरपालिका तथा वडाहरुमा संस्थागत संरचना तयार हुने ।
- महानगरपालिका तथा वडाहरुमा पूर्वतयारी/प्रतिकार्य समूहहरु निर्माण हुने ।
- विपदपूर्व, विपद्का समयमा र विपद् पश्चात मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्धत पुऱ्याउने ।
- स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथामका कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन स्थानीय तह तथा सरोकारवाला निकायहरुलाई जिम्मेवार बनाउने ।

- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिने ।
- विपद्बाट प्रभावित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउने ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्ने ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्ने ।

## १.४ योजनाका सीमा :

यो योजना तर्जुमा गर्दा देखिएका केही सीमाहरु देहाय बमोजिम रहेका छन् ।

- महानगरपालिका भित्र बिभिन्न विपद्हरुबाट हुने क्षतिलाई सिमित स्रोत र साधनबाट पूर्णरुपमा न्यून गर्न चुनौतीपूर्ण रहेको छ ।
- यो योजना विगतका घटनाका अनुभवहरू, स्थानीयस्तरमा उपलब्ध जानकारी तथा स्थानीय समुदाय र सरोकारवालाहरूका विपद् व्यवस्थापन सम्बन्धी सिकाई र अवधारणाहरूमा आधारित भै तयार गरिएको छ । प्राकृतिक तथा मानवीय कारणबाट भबिष्यमा हुनसक्ने बिभिन्न प्रकृतिका प्रकोपहरूको बैज्ञानिक बिश्लेषण आँशिकरुपमा मात्र गरिएको छ ।
- यो योजना अन्तर्गत तर्जुमा गरिएका गतिविधिहरुको कार्यान्वयनका लागि बढी मात्रामा वाह्य श्रोतको भर पर्नु पर्ने अवस्था देखिन्छ । जसले गर्दा बाह्य श्रोत प्राप्त नभएमा योजनाको कार्यान्वयनमा महानगरपालिकाको आन्तरिक श्रोतमा असर पर्ने सम्भावना देखिन्छ ।
- यस योजनाको कार्यान्वयनका लागि महानगरपालिका र वडाले आवस्यक रुपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन तत्काल उपलब्ध हुन्छ नै भन्ने निर्क्योल गर्न सकिँदैन ।

## १.५ योजना निर्माण प्रक्रिया विधि :

विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्दा सहभागितामूलक प्रकृयाबाट गरिएको छ ।

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ (स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका) अनुसार योजना तर्जुमा गर्दा निम्न प्रकृया र बिधि अपनाइएको छ ।

- ✓ यस प्रक्रियामा महानगरपालिका सबै वडाहरुमा एक एक दिनको संकटासन्नता तथा क्षमता विश्लेषण गरिएको थियो ।
- ✓ यस क्रममा सम्बन्धित वडाका जनप्रतिनिधिहरु, वडास्तरीय विपद् व्यवस्थापन समिति, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकाय, रेडक्रस, स्वास्थ्य केन्द्र, सहकारीका प्रतिनिधिहरु, विद्यालयका शिक्षक, स्थानीय संघसंस्थाका प्रमुखहरु, लक्षित समूहका प्रतिनिधिहरु, टोल संगठनका प्रतिनिधिहरु, बुद्धिविजी लगायत स्थानीय नागरिकहरुको सहभागिता रहेको थियो ।
- ✓ वडाका संकटासन्न अधिकाँस क्षेत्रहरुमा स्थलगत भ्रमण गरी सम्भव भएसम्म सुक्ष्म र यथार्थ जानकारी लिने कार्य गरियो ।
- ✓ "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका" बमोजिम समुदाय र वडा तहको विपद्सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । सूचना तथा तथ्याङ्क सङ्कलन गर्दा सङ्कटासन्नता तथा क्षमता विश्लेषण औजारहरू (VCA Tools) को प्रयोग गरी गरिएको छ ।
- ✓ अभिलेखीकरण पश्चात १ दिन वडाका सरोकारवालाहरुका बीचमा मस्यौदा योजनाको बारेमा छलफल गरी आवश्यक परिमार्जन गरेर निर्णय सहित हस्तान्तरण गरियो ।

## १.६ योजना कार्यान्वयन रणनीति :

स्थानीय विपद् व्यवस्थापन समितिले तयार गरेको यस योजनालाई महानगरपालिकाको परिषदबाट स्वीकृत गरी कार्यान्वयन गराइनेछ ।

- योजना कार्यान्वयनको लागि महानगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ ।
- महानगरपालिकामा गठित स्थानीय विपद् व्यवस्थापन समिति तथा वडास्तरीय विपद् व्यवस्थापन समिति र कार्यदलहरुको क्षमता अभिवृद्धिकालागि विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत सरोकारवालाहरुको सहभागितालाई जोड दिइनेछ र आवश्यकताअनुसार तालिम प्रदान गरी विपद्को समयमा कार्यदललाई विपद् प्रतिकार्यका लागि परिचालन गरिनेछ ।
- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- जननिर्वाचित प्रतिनिधिहरुबाट यसको कार्यान्वयनमा निर्णयात्मक तथा समन्वयात्मक भूमिका निर्वाह गरिनेछ ।
- योजना कार्यान्वयनको क्रममा समुदायको प्रतिकार्यका साथसाथै विद्यालय तथा क्याम्पसस्तरमा समेत प्रतिकार्य गर्नका लागि सोही बमोजिमको सहभागिता गराइनेछ र शिक्षक तथा विद्यार्थीवर्गलाई समेत सहभागी गराइनेछ ।

## १.७ योजनाको अनुगमन, मुल्याङ्कन र पुनरावलोकन :

महानगरपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ । महानगरपालिकामा गठित अनुगमन समितिले विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकतानुसार महानगरपालिकालाई सिफारिस गर्नेछ । राष्ट्रिय योजना आयोगको निर्देशिका अनुसार महानगरपालिका अन्तर्गत सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको लागि स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्ने छ । योजना कार्यान्वयन गर्ने संस्थाहरूले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, महानगरपालिकामा पेश गर्ने छ । महानगरपालिका र वडाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्ने छ । विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्ने छ ।

## खण्ड २ :

## प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण :

### २.१ प्रकोपको पहिचान र स्तरीकरण :

विपद्का दृष्टिले यो महानगरपालिका निक्कै सम्वेदनशील रहेको छ । यहाँ मूख्यरुपमा बाढी डुवान, आगलागी, सडक दूर्घटना, जनावरहरुको आतङ्क, शीतलहर, हावाहुरी, भूकम्प, पशु तथा बालीमा रोग, सर्पदंश, चट्याङ्ग, असिनापानी, महामारी, विद्युत दुर्घटनाजस्ता प्रकोपहरु रहेका छन् । सिंघिया र केशलिया खोलाको बाढीबाट खोला किनारका वस्तीहरु जोखिममा रहेका छन् भने साना बाँस र परालबाट निर्माण भएका झुप्रा घरहरुमा धेरै मानिसको बसोबास रहेको कारण आगलागीका घटनाहरु हुने गरेका र त्यसबाट व्यापक भौतिक र आर्थिक क्षति हुन गई मानिसहरु झनै गरिबीतिर धकेलिने गरेका छन् । गत २०७४ सालमा आएको बाढीका कारण महानगरपालिकाका अधिकाँस भागहरु डुवानमा परेका थिए भने करिव १२,००० घरहरुमा व्यापक क्षति भएको थियो । नहर कलभर्ट बाटो आदिमा पनि नराम्ररी क्षति पुगेको थियो । आगामी दिनमा पनि बाढी डुवानका कारण क्षति हुने सम्भावना रहेको देखिन्छ । जलवायु परिवर्तनका कारण वर्षामा उल्लेख्य कमी भएको, समयमा पानी नपर्ने र सबै वडाहरुमा नहर नपुगेकोले समयमा खेती गर्न नपाएको किसानहरुको गुनासो रहेको छ । गरिवीमा बाँचेको समुदाय भएकोले हिउँदका दिनमा शीतलहरका कारण जनजीवन आक्रान्त बनेको देखिन्छ । सडक निर्माण संगै सडक दुर्घटना र वातावरणीय प्रदूषण पनि बढेको देखिन्छ । सरसफाईको कमीका कारण विशेष गरी बालबालिकाहरुमा संक्रामक रोग लगायतका स्वास्थ्य समस्याहरु अक्सर वर्षभरीनै देखिने गरेका छन् । वडा नं. ११ मा डुम जातिले पालेका छाडा संगुरले वडा नं. ५, ६, ११ र १२ का अधिकाँस क्षेत्रका मानिसहरु आक्रान्त छन् भने सबै वडामा भएका भुस्याहा कुकुर अत्यन्त ठूलो समस्याको रुपमा रहेको छ । कुकुरले ग्रामिण वस्तीहरुमा बाख्रा, पाठा, कुखुरा, हाँसहरु खाईदिने र मानिसहरुमा पनि आक्रमण गर्ने गरेको छ भने शहरी क्षेत्रमा सडक दुर्घटना गराउने, मानिसहरुलाई टोक्ने गरिरहको छ । छाडा साँढेहरु पनि कतिपय क्षेत्रको ठूलो समस्या बनेको छ । शहरी क्षेत्रमा धेरै पुराना र पिलर नभएका घरहरु छन् जुन भूकम्पीय उच्च जोखिममा छन् । ११ तला सम्मका घरहरु शहरमा छन् तर आगो निभाउने दमकलको क्षमता भने मुस्किलले तीनतलाको मात्र छ । दमकलमा पानी भने पर्याप्त वाटर पोईण्टहरु पनि छैनन् । धेरै गरिबीमा बाँचेका समुदायहरु खोला किनारको ऐलानी जग्गामा बसेका छन् जो बाढीको समयमा हरेक वर्ष विपद्मा पर्ने गरेका छन् ।

स्थानीयस्तरको पहलले मात्र दीर्घकालिन रुपमा समस्या समाधान गर्न कठीन भएकाले प्रदेश र केन्द्रीय तहसम्म समस्या पुग्नु पर्ने देखिन्छ । यसका साथै सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा धनी र गरिव बीचको खाडल पनि उच्च रहेको पाइन्छ । यी सबै सुचकहरुले विपद् संग जुध्न सक्ने क्षमतालाई निर्धारण गर्दछन् । कृषि उत्पादन तथा खाद्यसुरक्षाको अवस्था पनि सन्तोषजनक छैन । आर्थिक विपन्नताका कारण विपद्को सामना गर्न समुदायको कमजोर अवस्था, युवाहरुको विदेश पलायन, ग्रामिण समुदायमा आधारभूत सुविधाहरुको कमी, विपद् जोखिम न्यूनीकरणमा स्थानीय साधन स्रोतहरुको न्यून प्रयोग, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतनाको कमी जस्ता पक्षहरु मुख्य चुनौतीको रुपमा रहेका छन् । प्रकोप स्तरीकरणका आधारमा सहभागीहरुले  मानवीय क्षति, भौतिक संरचनामा भएको क्षति, मानव जीवनमा प्रकोपले पारेको प्रभाव तथा प्रकोपले ओगटेको क्षेत्रको आधारमा प्रकोपको निम्नानुसार प्राथमिकीकरण गरेका थिए ।

### २.२  महानगरपालिकाका जोखिमयुक्त प्रकोपहरुको अवस्था :

सहभागितामूलक तवरबाट गरिएको लेखाजोखामा प्रकोपहरुको तपसिल बमोजिम स्तरीकरण गरिएको छ :

| | | | | |
|---|---|---|---|---|
| १. भूकम्प | २. बाढी तथा डुवान | ३. सडक दुर्घटना | ४. जनावरहरुको आतङ्क | ५. प्रदूषण |
| ६. हावाहुरी | ७. शितलहर | ८. विद्युत दुर्घटना | ९. आगलागी | १०.चट्याङ |
| ११. सर्पदंश | १२. महामारी | १३.असिना | | |

## २.३ प्रकोप विश्लेषण :

प्रकोप विश्लेषणका औजारहरु (सामाजिक स्रोत नक्साङ्कन, संकटासन्नता तथा क्षमता पहिचान, समस्या वृक्ष विश्लेषण, संस्थागत विश्लेषण, ऐतिहासिक समयरेखा, प्रकोप, मौसमी पात्रो आदि) को प्रयोगबाट समष्टीमा आएको तथ्याङ्कलाई आधार मानेर प्रकोपको विश्लेषण गरिएको छ। हरेक विधिबाट आएका सूचनाहरु र त्यसको विश्लेषण तपसिलमा उल्लेख गरिएको छ।

### २.३.१ महानगरपालिकाका वडामा विगतका विपद्हरुको ऐतिहासिक समयरेखा :

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | सूचना पुष्ट्याईं विधि |
|---|---|---|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | | | | |
| भूकम्प | २०४५ साल भदौ ५ | सम्पूर्ण वडा | मानवीय क्षती नभएको, घर ५-७ भत्कीए, पर्खाल भत्किएको | सामान्य | ५० लाख अनुमानित | नभएको | पानीबाट चिसो भएको | |
| रोग महामारी | २०७३ | सम्पूर्ण वडा | | | औषधि खर्च, पानी समस्या, ५० लाख | आँखा समस्या | | |
| भूकम्प | २०७२ वैशाख १२ | | वडाका सबै घर पर्खाल भत्किएको | मठ मन्दिर विद्यालय सबै चर्किएको | २ करोड | | | |
| बाढी | २०७४ साउन २६ | खोला छेउ, वडा सबै घर | ८० घर पूर्ण क्षती, डुवान सबै घर भएको सरसामान सबै | माटो थुप्रिएको, घरहरु पुरिएका | ५ करोड | विरामी भए, रोग र प्रदुषण समस्या | वन जंगल कटान, पुल भत्काएको, केही घर बगाएको | |
| भूकम्प | २०४५ साल भदौ ५ | सम्पूर्ण वडा | मानवीय क्षती नभएको, घर ५-७ भत्कीए, पर्खाल भत्किएको | सामान्य | ५० लाख अनुमानित | नभएको | पानीबाट चिसो भएको | |
| रोग महामारी | २०७३ | सम्पूर्ण वडा | | | औषधि खर्च, पानी समस्या, ५० लाख | आँखा समस्या | | |
| **वडा नं. २** | | | | | | | | |
| बाढी | २०४४ साल | सिंघिया खोला | पूर्ण क्षती २५ घर<br>आंशिक क्षती १५ घर | | १० लाख | | | |
| भूकम्प | २०४५ | वडा भरी | पूर्ण क्षती १० घर<br>आंशिक क्षती ५० घर | | १० लाख | | | |
| भूकम्प | २०७२ | वडा भरी | आंशिक २५ घरमा क्षती | | १५ लाख | | | |
| बाढी | २०७४ | वडा भरी | पूर्ण क्षती १४० घर<br>आंशिक क्षती ५० घर | | २० लाख | | | |
| **वडा नं. ३** | | | | | | | | |
| बाढी डुवान | २०५४ ५-५ देखि | टंकी दक्षिण बरगाछी | २०० भन्दा बढी घर टहरा, विद्यालय, | भौतिक क्षती | करोडौं सम्पत्ति नोक्सान, | गाई बस्तु वाखा आदि, | बालीनाली तथा जमिन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हाल सम्म | उत्तर सवै | सार्वजनिक स्थलमा क्षती | बरावर | २०७४ मा मात्र २ करोड भन्दा बढी | घरपालुवा पंक्षी समेत | डुवान | |
| आगलागी | | | घर टहरा पसल आदि, साना घरेलु उद्योग समेतमा विद्युत आगलागी | | लाखौं रकम बराबर | | | |
| विद्युत दुर्घटना | | | | | | ५ जना | | |
| सडक दुर्घटना | | | | | | १०० जना | | |
| जनावर आतंक कुकुर | | | | मानवीय क्षती | | १० जना | | |
| **वडा नं. ४** | | | | | | | | |
| भूकम्प | २०४५ साल भदौ ५ | विराटनगर ४ | करिब २०० घर आंशिक क्षती | विद्यालय २ आंशिक क्षती | करिब २५ लाख | | कुवा इनारमा क्षती | |
| बाढी | २०४४ साउन २८ | विराटनगर ४ | १०० घरमा क्षती | एयरपोर्ट र विद्यालयमा क्षती | २० लाख जति | | बाली नालीमा क्षती | |
| आगलागी | २०६० वैशाख १ | विराटनगर ४ | इकराही ६२ घर नष्ट | | १८ लाख जति | | | |
| भूकम्प | २०७२ वैशाख १२ | विराटनगर ४ | १५० घर आंशिक क्षती | जनता मा.वि., गोग्राहा मा.वि. क्षती | २० लाख जति | | | |
| बाढी | २०७४ साउन २८ | विराटनगर ४ | १५० घर पूर्ण क्षती र ३०० घर आंशिक क्षती | ५ करोड जति | | | चौपायाहरु बगाएको | |
| **वडा नं. ५** | | | | | | | | |
| सडक दुर्घटना | २०७४ | कोचाखाल दाना फ्याक्ट्री | | | | १ जनाको मृत्यु | | सडक दुर्घटना |
| बाढी | २०७४ साउन | नहर पश्चिम केसलिया सम्म | घर ६५ प्रतिसत | बाटा १५ प्रतिसत | करिब ५० लाख जति | गाई, बाखा, कुखुरा आदि ५० लाख | बाली कटान करोडौं भन्दा बढी | बाढी |
| आगलागी | २०५१ साल | कोचाखाल मन्डल टोल | १०० जति घर | विजुली बत्ती | करिब १ करोड भन्दा बढी | गाई बख्रा ५ लाख | बोट विरुवा अन्य | आगलागी |
| बाढी | २०४५ साल | वडा भरी | घर ७० प्रतिसत | बाटोहरु २० प्रतिसत | ८० लाख भनदा बढी | गाई बाखा पशु १० लाख | बाली, नहर कटान ५० लाख | बाढी |
| भूकम्प | २०४५ | वडा भरी | घर १० प्रतिसत | | ५ लाख भन्दा | ११ जना | खाद अन्य ५० लाख | भूकम्प |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साल | | | | बढी | | भन्दा बढी | |
| भूकम्प | २०७४ वैशाख १२ | वडा भरी | घर ५ प्रतिसत | २ प्रतिसत | २५- ३० लाख भन्दा बढी | | | भूकम्प |
| विद्युत दुर्घटना | २०७५ माघ १५ | भृकुटी चोक | | | | १ जनाको मृत्यु | | विद्युत दुर्घटना |
| **वडा नं. ६** | | | | | | | | |
| बाढी | २०३२ वैशाख १४ | सरौचिया | ५० लाख | ३० लाख | ३५ लाख | | ५०० जना विरामी | |
| चट्याङ | २०५० /३/५ | वडा न ६ | १० लाख | ५ लाख | ८ लाख | ३ जना | | |
| बाढी | २०४२/ २/१८ | बरमपुरा | २० लाख | १० लाख | १८ लाख | २ जना | | |
| भूकम्प | २०४५/ ५/५ | | बाखा, गाई, भैंसी, कुखुरा आदि | | १ करोड | १ जना | | |
| बाढी | २०७४/ ५/४ | बाढी क्षती | खाद्य पदार्थ, पशु जनावर घर क्षती | ३० करोड | २ करोड | २५ करोड | | |
| भूकम्प | २०७२/१ /१२ | सवै क्षेत्र | घरहरु भत्किए, चर्किए | स्कुलमा र मन्दिरमा क्षती | ५० लाखको क्षती | | | |
| **वडा नं. ७** | | | | | | | | |
| बाढी | २०१८ | वडाभरी | २०० घर | विद्यालय ४, मन्दिर २, सा.भवन १ | २ लाख जति | ५० जना घाइते | २ विगाहा | |
| बाढी | २०४४ | वडा भरी | २५० घर | विद्यालय ५, मन्दिर ३, सा. भवन १ | २० लाख जति | १०० | १ विगाहा | |
| बाढी | २०७४ | वडाभरी | ५०० | विद्यालय ५, मन्दिर ३, सा. भवन १ | ५ करोड जति | २०० | १ विगाहा | |
| भूकम्प | २०४५ २०७२ | वडाभरी | | | | | | |
| प्रदुषण | | वडाभरी | खानेपानी ध्वनी सरसफाई फोहोर अस्पताल | विद्यालय ५, मन्दिर ८, सा. भवन ४ | जनस्वास्थ्यमा असर | वडाभरी सम्पूर्ण | | |
| आगलागी | | हाटखोला सुगन्धमार्ग | १ घर | | ५० लाख | २ | | |
| हावाहुरी विजुलीको पोल र तार | | | १३०० यातायातलाई बाधा | विजुलीका पोल ढल्ने अवस्थामा धेरै छन् | १० लाख | | | |
| **वडा नं. ८** | | | | | | | | |
| बाढी | २०४४ साउन | वडा | खोला आसपासका कच्ची घरहरु नष्ट, पक्की घरसमेत नदी | | करोडौंको क्षती | | नदी कटान | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कटान, पशुपंक्षी खाद्यान्न समेत..... | | | | | |
| बाढी | २०७४ असार | | घर कम्पाउन्ड भत्किएर नष्ट, चर्किने भत्किने | नभएको | ५० लाख | | | |
| आगलागी | | | दक्षिणी क्षेत्र विश्वकर्मा चोक | | | | | |
| महामारी | | | दुषित पानीबाट महामारी फैलिएको | | | | | |
| **वडा नं. ९** | | | | | | | | |
| आगलागी | २०१८ | विराट नगर ९ | २०० घर | केही विद्यालय र मठ मन्दिरहरु ध्वस्त भएको | ५ लाख | १०० व्यक्ति घाइते भएको | केही बोट विरुवाको क्षती | |
| भूकम्प | २०४५ साल | | १० पूर्ण क्षती १२५ घर चर्किएको अवस्था | मठ मन्दिर विद्यालय भवन चर्किएको | ३० लाख | २ जनाको मृत्यु ५० जना घाइते | | |
| भूकम्प | २०७२ साल | | ६० घर चर्किएको पूर्ण क्षती नभएको | | ४० लाख | सामान्य घाइते | | |
| महामारी | २०७१ | | खानेपानीमा प्रदुषण भएको कारण महामारीको रुपमा जण्डिस देखा परेकोले २ जना को मृत्यु भएको अन्य धेरै व्यक्तिहरुको स्वास्थ्यमा समस्या उत्पन्न, पानी खानको लागी समस्या उत्पन्न | | | २ जनाको मृत्यु | | |
| शितलहर | २०७४ | | वृद्ध तथा वालवालिकाहरु जोखिममा परे, अन्यको पनि दैनिक जिवन यापनमा समस्या उत्पन्न, जसको न्युनिकरणका लागि महानगरपालिका र अन्य संघसंस्थाहरुले कम्बल, खानेकुरा दाउरा आदि वितरण | | | | | |
| बाढी | २०७४ | | जीवनयापनका निम्ती कठिनाई भएको, तर कुनै प्रकारको भौतिक क्षती नभएको । | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **वडा नं. ११** | | | | | | | | |
| बाढी | २०४४ भाद्र | विराटनगर ११ | घर क्षती, पशुजन्य क्षती | बाटो, विद्यालय | पाँचलाख जती | | दुर्गा मन्दिर क्षती | |
| भूकम्प | २०४५/५/५ | विराटनगर ११ | घरहरु चर्किए, कच्चि घर लडे | विद्यालय भवन चर्किए । | दस लाख जति | | दुर्गा मन्दिर पुरै क्षती | |
| बाढी | २०५५ | विराटनगर ११ | केशलियामा बाँध फुटेर घरभित्र पानी पस्यो । | दुर्गामन्दिर लड्यो, भत्कियो । | एक लाख जति | | | |
| बाढी | २०६७/६/१ | विराटनगर ११ | कच्चि घरहरु चर्किए | | एक लाख जति | | | |
| हावाहुरी | २०६०/१/२ | विराटनगर ११ | घरका छाना उडाएको र फुसका घरहरु उडाएको । | | दुइलाख जति | | दुर्गा मन्दिरमारुख ढली मन्दिर पुरै ढलेको । | |
| आगलागी | २०६२ चैत्र | विराटनगर ११ | बोरा फयाक्ट्री र पाउरोटी फ्याक्ट्री पुरै जलेर नष्ट भएको । | | दुइलाख जति | | | |
| बाढी | २०७४/४/२८ | विराटनगर ११ | बाटो, नाला, घर, पशुजन्य बस्तुहरु, कुखुरा फर्म सबै नष्ट भएको । | विद्यालय भवनहरुमा पानी पसेर भित्रका डेक्स, बेन्च लगायत सबै नष्ट भएको । मन्दिर, सामुदायिक भवनमा पानी पसेर नष्ट भएको | एक करोड | | ठूला ठूला रुखहरु सबै लडे बाटो, पिच, नाला भत्किए । | |
| चट्याङ | २०७५/१२/२७ | विराटनगर ११ | विद्युतीय सामानहरु धेरै नोक्सान । | | एक लाख जती | | बुद्धविहार मन्दिरमा ठूलो क्षती भएको । | |
| भूकम्प | २०७२/१/१२ | विराटनगर ११ | घरहरु अधिकांश भत्किए, चर्किए, मानवीय आतंक मच्चियो । एक महिनासम्म पटक पटक भुकम्पको झड्काले मानवीय आतंक मच्चियो । पानीका श्रोतहरु सुके | | पचास लाख जति | | | |
| **वडा नं. १२** | | | | | | | | |
| भूकम्प | २०४५ भदौ ५ | वडा भरी | सामान्य घरहरु चर्किए | | सामान्य क्षती | | | |
| | २०५२ | वडा भरी | घर बालीनाली १०२ | २वटा | ५ देखि ७ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | साउन २६ | | घर | विद्यालयलाई एक हप्ता प्रभावित | लाख सम्मको क्षती भएको | | | |
| बाढी | २०५७ भदौ ४ | वडाको पश्चिमी सिमानामा | घर र बालीनाली क्षती पुग्यो | विद्यालय, सडक | १०लाख जति | | | |
| बाढी | २०६५ भदौ १ गते | वडाको पश्चिमी सिमानामा | घर र बालीनाली क्षती पुग्यो | ३ वटा विद्यालय बाटो | धेरै क्षती भएको थियो ५० लाख जति | | | |
| बाढी | २०७४ साउन २८ | वडा भरी | घर बालीनालीमा ठुलो क्षती पुऱ्याएको | पानी, सडक, विद्यालय, संघसंस्था, सबै घरमा | करोडौंको क्षती भएको | | | |
| आगलागी | सबै साल | | टोल टोल | धेरै घरमा क्षती | १ करोड ५० लाख | ६ | | |
| हावाहुरी | २०६६ | वडा भरी | सामान्य | | ५० लाख | | | |
| चट्याङ | | घरमा | धेरै क्षती, विद्युतीय क्षती | | १ करोडको | | | |
| महामारी, जण्डिस, कालाजार | २०७१ साउन, २०७२ साउन | वडा भरी | | | | ४ जना | | |
| सडक दुर्घटना | सधै | वडाभरी | | | | १०० जना | | |
| शितलहर | २०४६ पुष, माघ | वडाभरी | सबै घरधुरीलाई | | | ३ जना | | |
| सर्पदंश | ....... | वडाभरी | | | | १९ जना | | |
| जनावर आतंक | | वडाभरी | | | | १० | | |
| **वडा नं. १३** | | | | | | | | |
| बाढी डुवान | २०७४ श्रावण | १३ नं वडा सबै | १०२ घरधुरी पूर्ण रुपमा क्षतीग्रस्त भएको | ५ वटा कल्भर्ट पूर्णरुपमा भत्किएको, बालमन्दिर विद्यालयमा शौचालयमा क्षती भएको | करिव १ करोड | | | |
| हावहुरी | २०६३ जेष्ठ | १३ नं वडा सबै | ७० घरधुरी आंशिक क्षती भएको । | | करिव १ करोड | | | |
| आगलागी | २०६२/२०६३ | थलाहा मार्ग | ३ वटा घर आगोले पूर्ण क्षती | | करिव १ लाख | | | |
| चट्याङ | | | हालसम्म कुनै पनि घटना नघटेको | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| खडेरी | २०६९ | १३ नं वडा सबै | | | | | १५-२० विगाहा मा लगाएको वाली पूर्ण नष्ट | |
| शित लहर | प्रत्येक वर्ष | १३ नं वडा सबै | शितलहरले प्रत्येक वर्ष क्षती गर्ने गरेको तर हालसम्म मानवीय क्षती तथा वृहत आर्थिक क्षती नभएको । | | | | | |
| **वडा नं. १४** | | | | | | | | |
| भूकम्प | २०४५/५/५ | वडाभरी | पूर्ण क्षती १० प्रतिसत, आंशिक क्षती १५ प्रतिसत स्कुलहरु मठमन्दिर | स्कुलहरु मठमन्दि १० प्रतिसत | एक करोड भन्दा बढी | | | |
| डुवान | २०४७ तिर | वडाका पूर्वीभाग | घरहरु १० प्रतिसत<br>खेती ७५ प्रतिसत भन्दा बढी | स्कुलहरुमा सामान्य क्षती | १ करोड २५ लाख जति | | जमिनमा बालुवा थुप्रिएर उर्वर भुमी नष्ट | |
| हावाहुरी | २०५९तिर | वडाभरी | ४० प्रतिसत जति घरहरुका छाना उडाएको, रुखहरु ढले, विजुली पोल ढले | स्कुल र मन्दिरका छानाहरु उडाएको | १ करोड | सामान्य चोटपटक लाग्यो | रुखहरु ढले | |
| हावाहुरी | २०६२ तिर | वडाभरी | ५० प्रतिसत जति घर, विजुली पोल, मन्दिर | स्कुल र मन्दिरका छानाहरु उडाएको | ८० लाख जतिको क्षती | सामान्य घाइते | | |
| चट्याङ | २०७१ | वडाको दक्षिणी क्षेत्रमा | पोलका बत्ति, पंखा, टिभी, वत्ति, मोटर अनि घरसमेत डड्यो | | ६० लाख जतिको क्षती | २ जनाको मृत्यु | | |
| भूकम्प | २०७२ | वडा भरी | घरहरुमा आंशिक क्षती पर्खाल लड्यो, चर्कियो । | मन्दिर स्कुलका भवन चर्किए | ५० लाख जतिको क्षती | | भूमिगत खानेपानीमा समस्या | |
| डुवान | २०७४ | वडा भरी | अन्नवाली, घर, बाटो, गाईवस्तु २५ जति, | स्कुल मन्दिर डुवे | ३/४ करोडको क्षती | त्रास भयो मृत्यु भएन । | उर्वर भूमिमा वालुवा, धान बाली नष्ट | |
| **वडा नं. १५** | | | | | | | | |
| भुकम्प | २०४५ | वडा भरी | ३० घर पूर्ण क्षती, पर्खाल भत्किएको, ५० घरमा आंशिक क्षती | २ विद्यालयमा क्षती | १ करोड ५० लाख बराबर | | रुख लडे, पानीको सतह हलचल | |
| हावाहुरी | २०५२ | | करिव ३५ घरको पर्खालमा क्षती छाना उडाएको | विद्याविकास आ.वि.को छाना उडाएको | करिब १ करोड भन्दा माथि | | रुख विरुवामा क्षती | |
| डुवान | प्रत्येक साल | वडाको पूर्व र दक्षिण भाग बढी डुवान | प्रतिवर्ष पक्की र कच्ची गरी ३५ प्रतिसत घर डुवान हुने | विद्याविकास विद्यालयमा १० दिन जति डुवान | ६० लाखको क्षती | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | हुन्थ्यो अहिले नाला निर्माण हुँदैछ । | | | | |
| चट्याङ | प्रत्येक साल | वडा भरी | टिभी, मोटर पंखा, बत्ती, फ्रिज, आदि जल्ने गरेको, प्रतिवर्ष २० प्रतिसत क्षती | सामान्य | प्रतिवर्ष ५/७ लाख क्षती भएको | | | |
| भूकम्प | २०७२ साल | वडा भरी | वाल भत्किए, पूर्ण क्षती घर १०-१५, आर्थिक क्षती ७० प्रतिसत भए, विद्यालय भवन पुरानो भएकोले जिर्ण भए, मन्दिर भत्कीएको । | विद्याविकास आ. वि. क्षती, मन्दिरमा क्षती | करिब १ करोड जति | २ जना महिलाको मृत्यु | | |
| बाढी | २०७४ | वडा भरी | प्राय पत्येक घरमा पानी भरिएको, १५ दिन पछिमात्र घर र बाटाहरुमा सहजता भएको | १५ दिन सम्म घरबाट बाहिर निस्कन कठिन | १ करोड २५ लाख | | | |
| हावाहुरी | २०६२ | वडा भरी | करिब ४० प्रतिसत जति घरका छाना उडाएको | विद्याविकास को छानामा क्षती भएको, मस्जिद छाना उडाएको | १ करोड ५० लाख | | | |
| **वडा नं. १६** | | | | | | | | |
| बाढी केशलिया खोला | २०४६ श्रावण | दरहियाँ उत्तर देखि दक्षिण सम्म | करिब ४० घर बगायो, पशलको सामान क्षती | विद्यालयको फर्निचर, कागजात अन्य सामाग्रीमा क्षती | करिब १० करोड, गाई,बाखा, भैंसी, कुखुरा, धान, चामल सबै बगायो । | करिब ५० जना घाइते | खेतीयोग्य जग्गामा पटान, सम्पूर्ण बाली नोक्सान | जेष्ठ नागरिक |
| बाढी | २०७४ श्रावण | दरहियाँ उत्तर देखि दक्षिण सम्म | करिब ७०० घर क्षती | विद्यालयको फर्निचार, कागजपत्र क्षती | करिब १५ करोड, गाई, बाखा, गाई, भैंसी, धान, चामल, सम्पत्ति | ६० जना जति विरामी | खेती योग्य जग्गा पटान, बाली नोक्सानी | जेष्ठ नागरिक तथा टोल विकासका पदाधिकारीहरु |
| असिना | २०७५ चैत्र | दरहिया | | | पचास टन गहु खराव, साग सब्जी नोक्सान | | | |
| चट्याङ | २०७५ श्रावण | चौकी टोल | घर आधा जलेको, टि.भी., मिटरबक्स सबै जलेको | | करिब १ लाख | | | जेष्ठ नागरिक तथा जानकार व्यक्ति |
| बाढी | प्रत्येक वर्ष | १६ नं वडा सबै | प्रत्येक साल बाढी आउने तथा बाढीले आर्थिक, भौतीक, प्राकृतिक क्षती हुने गरेको तर ३० वर्ष यता सबै भन्दा बढी | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | क्षती गर्ने बाढी २०४६ र २०७४ सालको बाढी | | | | | |
| हावाहुरी | २०४६ | १६ नं वडा | वि. सं. २०६३ सालमा आएको हावाहुरीले श्री महामाया भगवती आ. वि. को छाना उडाएको तथा अन्य घरहरुको छाना उडाएको । | | | | | |
| सडक दुर्घटना | २०७५ | दरहिया | समय समयमा मोटरसाइकल दुर्घटना भई मानिस घाइते हुने गरेको तर हाल सम्म मानवीय क्षती नभएको । | | | | | |
| **वडा नं. १७** | | | | | | | | |
| बाढी | २०७४ श्रावण | वडाको पूर्वी दक्षिणी क्षेत्र | ६३७ घर क्षती | मदरसा कोवा कच्ची भवन बगायो | हाँस, कुखुरा, बाख्राहरु, घरसमेत करिब २ करोड | २० जना घाइते | धान बाली पुरै सखाप, बोट विरुवामा क्षती | |
| भूकम्प | २०४५<br>२०७२ | वडा भरी<br>वडा भरी | घरहरु (२५) क्षती<br>घरहरु सामान्य चर्किए | आन्तरिक कलह | तत्कालिन २० लाख | सामान्य चोटपटक<br>डर त्रास | | |
| चट्याङ | २०४६ | हिमालय राइस मिल छेउ | | | राँगा ३ वटा मरे<br>१ लाख | एकजना घाइते | | |
| हावाहुरी | २०५२<br>२०५८ | वडाभरी | सबै घरका छाना पूर्ण क्षती<br>रघुपतिको छाना पुरै शिसा फुटेर(६०० घर) | सामाजिक जनजिवन अस्तव्यस्त | १ करोड | घाइतेहरु धेरै सिसा खसेर ( रघुपतिको ) | रुखका हाँगा भाचिएर पनि धेरै क्षती | |
| शितलहर | २०७४ | वडाभरी | | सामाजिक जनजिवन अस्तव्यस्त | हिउदे बालीनालीमा व्यापक क्षती | ५ जनाको मृत्यु | | |
| सडक दुर्घटना | हरेक समय | | घाइते भइरहने | | | | | |
| जनावर आतक | २ वर्ष अगाडी देखि | २० /२२ जना घाइते (साँढे,कुकर) | कुकुरले मान्छे, बाखा, पाठा, कुखुरा, टोक्ने गरेको | | | | | |
| **वडा नं. १८** | | | | | | | | |
| भूकम्प | २०४५ भाद्र | विराटनगर १८ | घरहरुको दिवाल भत्किएको, चिरा परेको, पशु चौपायाहरु मरेको । | विद्यालयको देवाल भत्किएको । | लगभग १५,००,००० तत्कालिन रकम | केही मानिसहरुमा सामान्य चोटपटक | केही गाछीहरु टुटेको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | २०४५ श्रावण | विराटनगर १८ | माटोको घरहरु भत्किएको, बाटोघाटो टुटेको, खेतीपाती नष्ट भएको । | बाढीको प्रकोपले सामान्य रोग व्याधीको प्रभाव | ८०,००,००० तत्कालिन रकम | सामान्य रोग लागेको | केही गाछीहरु टुटेको, चौपायाहरु मरेको | |
| भूकम्प | २०७२ वैशाख | विराटनगर १८ | घरको दिवाल भत्किएको, चिरा परेको, चौपाया पशुको चोटपटक लागेको । | विद्यालयको दिवालमा चिरा परेको | ४० लाख तत्कालिन रकम | केही मानिसको चोटपटक लागेको | केही गाछी टुटेको, सुकेको । | |
| बाढी | २०७४ श्रावण | विराटनगर | घर भत्किएको, बाटोघाटो टुटेको, बालबालिकाको किताव कपी नष्ट भएको । | मानिसहरुमा रोग व्याधी को प्रकोप बढेको, खेतीपाती नष्ट । | १ करोड | झाडापखाला आदी रोगको प्रकोप | केही गाछीहरु नष्ट | |
| आगलागी आगो | २०६८ चैत्र | विराटनगर | परालका, काठका घरहरु नष्ट, पशु चौपाया मरे । | केही मानिस घरबार विहिन भएको । | ९० लाख | आगो निभाउने क्रममा केही मानिस घाइते | | |
| आगलागी | २०७० चैत्र | विराटनगर | काठका, परालका घरहरु नष्ट, खानेकुरा, कपडा नष्ट | मानिसहरुलाई आगोले पोलेर घाउ भएको | ९५ लाख | केही मानिसहरुको आगोले पोलेर घाउ भयो । | | |
| हावाहुरी | २०७३ वैशाख | विराटनगर १८ | घरका छानाहरु उडायो, घरहरु नष्ट भए | सामान्य क्षती | १ करोड १० लाख | मानिसहरुमा सामान्य चोटपटक | गाछीहरु टुटे, पन्छीहरु मरे | |
| भूकम्प | २०४५ भाद्र | विराटनगर १८ | घरहरुको दिवाल भत्किएको, चिरा परेको, पशु चौपायाहरु मरेको । | विद्यालयको देवाल भत्किएको । | लगभग १५ लाख तत्कालिन रकम | केही मानिसहरुमा सामान्य चोटपटक | केही गाछीहरु टुटेको । | |
| **वडा नं. १९** | | | | | | | | |
| भूकम्प | २०४५ २०६८ २०७२ | वडा भरी | सामान्य घरहरु भत्केको | खानेपानीको मुहान प्रदुषित | अनुमानित एक लाख जति | | | सामुहिक छलफल |
| आगलागी | २०५४/१२/१४ २०६४/२/१७ | वैजनाथपुर साविक १ नं वडा | ६४ घर जलेर नष्ट | | अनुमानित १० लाख जति | सामान्य घाइते (१० जनाजति) | रुख विरुवाहरु पनि जलेको | समुहमा छलफलबाट |
| चट्याङ | २०६४/२/२७ | साविक वैजनाथपुर ८ | धनजनको क्षती | | अनुमानित ३०,००० जति क्षती | एक जना महिलाको मृत्यु र चौपाया १ मरेको | | समुहमा छलफलबाट |
| बाढी | २०७४/४/२८ | वडा भरी | आँकलन गर्न नसकिने | | अरवौंको क्षती | एक पुरुष र एक महिलाको मृत्यु | आँकलन गर्न नकसकिने | प्रत्यक्ष देखेको |
| सडक दुर्घटना | २०६४/८/१० २०६८ | विराटनगर विराटचोक सडक | | | | एक पुरुषको मृत्यु १२ वर्षको एक | | समुहमा छलफल प्रत्यक्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७२/ ४/१२ | वैजनाथपुर | | | | बालकको खुट्टा काटेर अपांग | | |
| हावाहुरी | २०५७/२ /७ २०६८/१ २/२८ | वडा भरी | १०० भन्दा बढी घरहरुमा क्षती | | करिब २० लाख भन्दा बढी | ७ जना घाइते | बोट विरुवामा क्षती | समुहमा छलफल |
| महामारी | २०२२ | मोरङको विभिन्न स्थानमा | घर बस्तीमा क्षती | | | ७०-७५ जनाको मृत्यु भएका | | समुहमा छलफल |
| खडेरी | २०७४ | वडा भरी | सुख्खा ग्रस्त | | करिव १ लाखको क्षती | | | समुहमा छलफल |
| शितलहर | हरेक वर्ष | वडाभरी | | | | | बालीनालीमा असर | समुहमा छलफल |
| सर्पदंस | २०७५/२ /२ | वडा भरी | | | ५ हजार जती | ८ वर्षको १ बच्चाको मृत्यु | | समुहमा छलफल |
| पशुबालीमा रोग | २०७५ | वडाभरी | | | सामान्य | | | समुहमा छलफल |
| विद्युतीय दुर्घटना | २०६८ २०७४/६ /३ | बैजनाथपुर | | | | १ जना मृत्यु १ जना मृत्यु | | समुहमा छलफल |
| असिना | २०७५ जेठ | वडाभरी | | | सामान्य | | | |

## २.३.२ प्रकोप पात्रो

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | पहिले (३० वर्ष) | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** |
| | अहिले | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** |
| बाढी | पहिले (३० वर्ष) | --- | +++ | *** | *** | *** | +++ | --- | --- | --- | --- | --- | --- |
| | अहिले | --- | +++ | *** | *** | *** | +++ | --- | --- | --- | --- | --- | --- |
| आगलागी | पहिले (३० वर्ष) | *** | --- | --- | --- | --- | +++ | +++ | --- | --- | +++ | *** | *** |
| | अहिले | *** | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | *** | *** |
| सडक दुर्घटना | पहिले (३० वर्ष) | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | अहिले | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** |
| जनावर आतङ्क | पहिले (३० वर्ष) | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ |
| | अहिले | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** | *** |
| हावाहुरी | पहिले (३० वर्ष) | *** | --- | --- | --- | --- | --- | +++ | +++ | --- | --- | --- | *** |
| | अहिले | *** | *** | --- | --- | --- | +++ | +++ | +++ | --- | --- | *** | *** |
| विद्युत दुर्घटना | पहिले (३० वर्ष) | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | *** | *** |
| | अहिले | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | +++ | *** | *** |
| सर्पदंश | पहिले (३० वर्ष) | +++ | +++ | +++ | *** | *** | *** | +++ | --- | --- | --- | --- | +++ |
| | अहिले | +++ | +++ | +++ | *** | *** | *** | +++ | --- | --- | --- | --- | +++ |
| शीतलहर | पहिले (३० वर्ष) | --- | --- | --- | --- | --- | --- | --- | --- | *** | *** | +++ | --- |
| | अहिले | --- | --- | --- | --- | --- | --- | --- | --- | *** | *** | +++ | --- |
| चट्याङ | पहिले (३० वर्ष) | *** | *** | --- | --- | --- | --- | --- | --- | --- | --- | *** | *** |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अहिले | *** | *** | +++ | +++ | +++ | --- | --- | --- | --- | --- | +++ | +++ |
| असिना | पहिले (३० वर्ष) | *** | *** | --- | --- | --- | --- | *** | *** | --- | --- | *** | *** |
| | अहिले | +++ | +++ | --- | --- | --- | --- | +++ | +++ | --- | --- | +++ | +++ |
| खडेरी | पहिले (३० वर्ष) | +++ | --- | --- | --- | --- | --- | +++ | +++ | --- | --- | --- | +++ |
| | अहिले | *** | *** | --- | --- | --- | +++ | +++ | +++ | --- | --- | *** | *** |
| पशुबालीमा रोग | पहिले (३० वर्ष) | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | अहिले | *** | +++ | *** | *** | *** | | | | --- | --- | --- | *** |

संकेत

| | |
|---|---|
| उच्च संकटासन्नता | *** |
| मध्यम संकटासन्नता | +++ |
| न्यून संकटासन्नता | --- |

### २.३.३ मौसमी पात्रो

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले(३० वर्ष) | | √ | √ | √ | √ | | | | | | | |
| | अहिले | | | √ | √ | √ | | | | | | | |
| हिउँदे वर्षा | पहिले(३० वर्ष) | | | | | | | | | √ | √ | √ | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले(३० वर्ष) | √ | | | | | | | | | | | √ |
| | अहिले | √ | | | | | √ | √ | | | | | √ |
| गर्मी | पहिले(३० वर्ष) | √ | √ | | | √ | | | | | | | |
| | अहिले | √ | √ | | | √ | | | | | | | |
| जाडो | पहिले(३० वर्ष) | | | | | | | | √ | √ | √ | | |
| | अहिले | | | | | | | | | √ | √ | | |
| चट्याङ्ग | पहिले(३० वर्ष) | | | √ | | | | | | | | | |
| | अहिले | √ | √ | √ | √ | | | | | | | | |

टिप्पणी : मनसुन विगतमा जेष्ठको तेस्रो हप्तादेखि शुरु हुने गरेको र हाल असार दोस्रो हप्ता देखि मात्र शुरु हुने गरेको।
हिउँदे वर्षा विगतमा प्रसस्त हुने गरेकोमा हाल कुनै कुनै वर्षमात्र थोरै पानी पर्छ र हावाहुरी बढी चल्ने गरेको छ।
विद्युत सेवा विस्तार संगै आगलागीको प्रकृतिमा परिवर्तन भएकोछ। विद्युत सट भएर अहिले कुनै पनि समयमा आगलागी हुने गर्दछ।
पहिले कार्तिक देखि नै जाडो शुरु हुनेमा हाल पौष र माघमा मात्र जाडो हुन गरेको छ।
विद्युत विस्तार संगै चट्याङ्गबाट हुने क्षति र क्षतिको प्रकृतिमा पनि बृद्धि भएको छ।

### २.३.४ बाली र वनस्पती पात्रो :

समुदायको प्रमुख बाली वा वनस्पतिसंग सम्बन्धित विभिन्न क्रियाकलापहरु कुन कुन समयमा गरिन्छ र यसका जलवायु परिवर्तनको प्रभाव पत्ता लगाउन यो तालिका प्रयोग गरिएको छ।

| विवरण | | वैशाख | जेष्ठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको बीउ लगाउने | पहिले (३० वर्ष) | | √ | | | | | | | | | | |
| | अहिले | | √ | √ | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान रोप्ने | पहिले (३० वर्ष) | | √ | √ | √ | | | | | | | | |
| | अहिले | | | √ | √ | | | | | | | | |
| धान काट्ने | पहिले (३० वर्ष) | | | | | | √ | √ | | | | | |
| | अहिले | | | | | | √ | √ | √ | | | | |
| विरुवामा फूल लाग्ने समय | पहिले (३० वर्ष) | | | | | | | | | | | √ | √ |
| | अहिले | | | | | | | | | | | √ | √ |
| गहुँ छर्ने | पहिले (३० वर्ष) | | | | | | | | √ | | | | |
| | अहिले | | | | | | | | √ | | | | |
| गहुँ काट्ने | पहिले (३० वर्ष) | √ | | | | | | | | | | | √ |
| | अहिले | √ | | | | | | | | | | | √ |
| मकै छर्ने | पहिले (३० वर्ष) | | | | | | | | | | | √ | √ |
| | अहिले | | | | | | | | | | | √ | √ |
| मकै भाँच्ने | पहिले (३० वर्ष) | | √ | √ | | | | | | | | | |
| | अहिले | | √ | √ | | | | | | | | | |
| दाल छर्ने | पहिले (३० वर्ष) | | | | | | | √ | √ | | | | |
| | अहिले | | | | | | | √ | √ | | | | |
| दाल काट्ने | पहिले (३० वर्ष) | √ | | | | | | | | | | | √ |
| | अहिले | √ | | | | | | | | | | | √ |

**टिप्पणी :** समयमा पानी नपर्ने र नहरको पानी नछाडिदिनाले बीउ राख्ने समय ढिला भएको छ भने मनसुन ढीलो हुने गरेको र समयमा नहरमा पानी नआउनाले धान रोप्ने समयमा पनि ढिलाई भएको छ ।

## २.४ : संकटासन्नताका मूल कारण, अन्तरनिहित कारकतत्व, प्रभाव र समाधानका सम्भावित उपायहरु :

यस खण्डमा वडाभित्र हुने प्रकोप, त्यसको कारण, कारकतत्व, त्यसको प्रभाव वा असर र सम्भावित समाधानका उपायहरुको बारेमा वडाका नागरिकहरुसंगको छलफल, प्रत्यक्ष अवलोकन समेतबाट आएका कुराहरुलाई यसमा समावेश गरिएको छ ।

| क्र.सं. | जोखिम तथा समस्या | मूल कारण | अन्तरनिहित कारक तत्व | प्रभाव वा असर | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपायहरु |
|---|---|---|---|---|---|
| १ | **भूकम्प** | * घर तथा भवनहरुको निर्माणमा कमजोरी<br>* भुकम्पबाट बच्ने उपाय बारे अनभिज्ञता,<br>* विपद्का विषयमा योजना नवन्नु ,<br>* प्राविधिक ज्ञानको कमी,<br>* समुदायमा व्याप्त गरिबी,<br>* गैरसंरचनात्मक वस्तुहरुको व्यवस्थापन हुन नसक्नु,<br>* पूर्वतयारीमा कमी | * चेतनामा कमी<br>* आर्थिक विपन्नता<br>* नेपाल भुकम्पीय जोखिमको क्षेत्रमा पर्नु ,<br>* विपद् पूर्वतयारीमा सरकारी उदासिनता | * मानिस मर्ने, घाईते हुने<br>* भय डर<br>* भौतिक सम्पत्ती नष्ट हुनु<br>* गरिबीमा बृद्धि हुने ।<br>* बहुप्रकोपको सम्भावना,<br>*सामाजिक जनजीवन<br>* अस्तव्यस्त हुने ।<br>* आर्थिक संकट पर्ने । | * जनचेतना बृद्धि<br>* भूकम्प प्रतिरोधि भवन निर्माण ।<br>* प्रतिकार्यका लागि पूर्वतयारी गर्ने ।<br>* आकस्मिक कोषको स्थापना ।<br>* समुदाय र गाउँपालिका स्तरको योजना निर्माण गरी विपद् व्यवस्थापन सामग्रीको व्यवस्था गर्ने ।<br>* समुदायमा र घरघरमा समेत नियमित छलफल, अन्तरकृया गर्ने । |

| क्र.सं. | जोखिम तथा समस्या | मूल कारण | अन्तरनिहित कारक तत्व | प्रभाव वा असर | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपायहरु |
|---|---|---|---|---|---|
| २ | **बाढी कटान तथा डुवान** | * सिंघिया, केशलिया लगायतका साना खोलाको किनारमा नै बसेका वस्तीहरु ।<br>* जोखिमयुक्त स्थानमा तटबन्ध नगरिनु ।<br>* अव्यवस्थित कुलोपैनी<br>* जनचेतनाको अभाव,<br>* जनसंख्या वृद्धि,<br>* गरिबीमा बाँचेको समुदाय | * सिंघिया, केशलिया लगायतका साना खोलाको किनारमा सुकुम्बासी वस्ती<br>* कमजोर भु-बनोट<br>* नदी नियन्त्रणमा सरकारी उदासिनता<br>* गहिरो भुभाग<br>* अतिबृष्टी | * सिंघिया र केशलिया खोलाले हरेक वर्ष कटान गरी क्षति गरिरहेको, घरहरु भत्किने गरेको ।<br>* समुदायका घर बर्षेनी डुबानमा परेको र एक हप्ताकोलागी बिस्थापित हुनु पर्ने बाध्यता<br>* होचो स्थानमा रहेका खानेपानीका कलहरु डुवानमा परी संक्रमित तथा पानी दुषित भई मानव स्वास्थ्यमा प्रभाव पर्ने । | * सिंघिया, केशलिया लगायतका खोलामा तटबन्ध निर्माण गर्ने ।<br>* खोला किनारका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने<br>* प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्ने ।<br>* होचो स्थानमा अग्ला एलिभेटेड कलहरु जडान गर्ने ।<br>* बर्षाको पानी निकासाका लागि कल्भर्टहरु निर्माण गर्ने ।<br>* आपतकालिन उद्धार सामग्रीहरु (लाईफ ज्याकेट, डोरी, ट्युव) तयारी अवस्थामा राख्ने । |
| ३ | **शीतलहर** | * औद्योगिकीकरण र वायु प्रदुषण ।<br>* पर्याप्त लत्ता कपडाको अभाव<br>* टहरामा र पालमा बास,<br>* व्यवस्थित घरहरु नहुनु ।<br>* दाउरा समेतको अभाव ।<br>* जाडोको समयमा कडा जाडो हुनु । | * जलवायु परिवर्तनको असर पनि हुनसक्छ ।<br>* गरिबीमा बाँचेको समुदाय । | * मानिस कठाङ्ग्रिने । मानिसको मृत्यु हुने<br>* लगाएको बाली नालीमा क्षति हुने ।<br>* अनिकाल वा खाद्य संकट हुन सक्ने ।<br>* कष्टकर जीवन ।<br>* दैनिक जीवन यापनमा समस्या | * हरियाली बढाउने ।<br>* हरितगृह ग्याँसको उत्सर्जनमा कमी ल्याउन प्रयाश गर्ने ।<br>* जाडोको लागी बाक्लो लत्ताकपडाको जोहो गर्ने ।<br>* घर निर्माण गर्दा जाडो समयलाई समेत विचार पुऱ्याउने । |
| ४ | **सडक दुर्घटना** | * साँघुरो सडक<br>* ट्राफिक नीतिनियमको पालना वा कार्यान्वयनमा कमी<br>* मादक पदार्थको सेवन ।<br>* सडकमा हाट लाग्नु ।<br>* पशु चौपायाहरु छाडा छोडिनु<br>* निर्माण सामग्री सडकमा जथाभावी राखिनु । | * साँघुरो र कच्ची सडक<br>* कानुनको कार्यान्वयनमा कमजोरी ।<br>* सडक प्रयोग सम्बन्धी चेतना को अभाव । | * मानवीय क्षति ।<br>* मानिस घाईते हुने ।<br>* सवारी साधनमा क्षति हुने ।<br>* आर्थिक नोक्सानी ।<br>* डर त्रास र मानसिक चिन्ता । | * ट्राफिक नीतिनियमको पालना वा कार्यान्वयनमा कडाई गर्ने ।<br>* मादक पदार्थको सेवन गरी सवारी चलाउनेलाई कारवाही गर्ने ।<br>* सडक देखि टाढा हाटबजारको व्यवस्था गर्ने ।<br>* पशु चौपायाहरु छाडा छोड्न नदिने<br>* निर्माण सामग्री सडकमा जथाभावी राख्न बन्देज गर्ने । |
| ५ | **सर्पदंश** | * गर्मी ठाउँ ।<br>* विषालु सर्पहरुको बिगबिगी<br>* मुसाको संख्या अधिक हुनु<br>* घर वरिपरि झाडि र फोहोर हुनु ।<br>* हिंडडुल र काम गर्दा असावधानी । | * नजिकमा झाडी<br>* सर्पको लागि उपयुक्त प्रकारको हावापानी ।<br>* समुदायमा व्याप्त गरिबी । | डर र त्रास<br>मानवीय क्षती<br>आर्थिक क्षती | * जनचेतनामा बृद्धि ।<br>* घर वरिपरिको सरसफाई गर्ने<br>* मुसा नियन्त्रण गर्ने ।<br>* मुसाका दुला र अन्य प्वाल टाल्ने<br>* हिंड्दा र काम गर्दा सावधानी अपनाउने । |
| ६ | **हावाहुरी** | * पराल, टिनको छाना र बासको प्रयोग गरी निर्माण गरीएको छ ।<br>* छानाको पर्याप्त बन्धन नहुनु, हावाहुरी सगै बर्षात | * समुदायमा व्याप्त गरिबी ।<br>* सचेतनाको कमी<br>* जलवायु परिवर्तन | * घरगोठ तथा पशु चौपायामा क्षति,<br>* मानवीय क्षति (घाईते, मृत्यु)<br>* अत्यावश्यकीय सेवा सुविधामा अवरोध । | * घरको छाना सुरक्षा सम्बन्धी घरायसी वस्ती स्तरमा जनचेतना जगाउने ।<br>* विद्यालय तथा घर नजिकमा अग्ला तथा खतराहुन सक्ने रुखहरु |

| क्र.सं. | जोखिम तथा समस्या | मूल कारण | अन्तरनिहित कारक तत्व | प्रभाव वा असर | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपायहरु |
|---|---|---|---|---|---|
| | | हुदा घरको छाना उडाउने ।<br>* बिजुलीका खम्बा लडेर मानिस घाईते तथा ज्यान जान सक्ने ।<br>* पुराना तथा मक्किएका खम्बाहरु कमजोर छन् । | | * आगलागीको खतरा । | नराख्ने ।<br>* गर्मी तथा सुख्खा मौसममा आगलागी बाट सुरक्षा अपनाउन पुर्व चेतावनी फैलाउने ।<br>* आकस्मिक समयकोलागी दमकल, वारुण यन्त्रलाई तयारी अवस्थामा राख्ने<br>* अत्यावश्यक नम्बरहरु प्रिन्ट गरेर वडाका सबै घरहरुमा बितरण गर्ने<br>* संवेदनशील समयमा बिजुलीका तार तथा खम्बाहरुको अवस्था अनुगमन गर्ने, पहिचान गर्ने र मर्मत संभार गर्न पहल गर्ने । |
| ७ | **आगलागी** | * पराल र बाँसको झुप्रोमा बसोबास ।<br>* बाँस, झिक्रा, पराल र त्रिपालका संरचनाहरु हुनु ।<br>* जनचेतनामा कमी,<br>* अव्यवस्थित विद्युत वायरिङ्ग<br>* आगोको प्रयोगमा असावधानी,<br>* खाना पकाउने खुल्ला ठाउँ<br>* बालेका गुईठा ननिभाई फाल्नु<br>* घुर तापेको आगो ननिभाउनु<br>* अगरबत्ती बालेर राख्नु ।<br>* गोठमा धुवाँ लगाउन आगो बाल्नु<br>* घना वा बाक्लो बस्ती हुनु<br>* पूर्वतयारी नहुनु । | * समुदायमा रहेको गरिबी ।<br>* आगो नियन्त्रण सम्बन्धी ज्ञान, सिपमा कमी ।<br>* पूर्वतयारीमा कमी । | * धन जनको क्षति ।<br>* गरिबीको कारकतत्व ।<br>* भौतिक संरचनाहरु ध्वस्त ,<br>* वायु तथा वातावरणीय प्रदूषण .....। | * संवेदनशील समयमा बिजुलीका तार तथा खम्बाहरुको अवस्था अनुगमन गर्ने र मर्मत संभार गर्न पहल गर्ने<br>* आगलागी सम्बन्धी कृत्रिम घटना अभ्यास गर्ने<br>* आगलागी बारे विद्यालय, युवा समुह तथा समुदाय स्तरमा छलफल तथा पुर्व सचेतनाका सन्देश प्रवाह गर्ने ।<br>* अग्नी नियन्त्रण तालिम आयोजना गर्ने ।<br>* विद्यालय, घर तथा सार्वजनिक कार्यालयहरुमा फायर ईक्सटेन्वीसर तयारी अवस्थामा राख्ने ।<br>* आकस्मिक समयमा प्रयोग हुने गरी आपतकालिन कोष स्थापना गर्ने ।<br>* त्रिपाल, भाडा सामग्रीहरु तयारी अवस्थामा भण्डारण गर्ने |
| ८ | **वालीमा रोगकिरा** | * रासायनिक विषादीको जथाभावी प्रयोग<br>* प्राङ्गारिक मलको कम प्रयोग<br>* माटोको गुणस्तरमा कमी<br>* वातावरण प्रदूषण<br>* सुख्खा खडेरीमा बृद्धि हुनु<br>* माटोको परीक्षण नहुनु ।<br>* कृषकहरु सचेत वा जानकार नहुनु ।<br>* प्राविधिक ज्ञानको कमी<br>* पशुपालनमा कमी | * जलवायु परिवर्तन<br>* तापक्रममा बृद्धि<br>* माटोको गुणस्तरमा कमी<br>* पर्याबरणीय असन्तुलन बृद्धि हुनु<br>* बैदेशिक रोजगारीमा युवा पलायन हुनु | * कृषि उत्पादनमा कमी ।<br>* खाद्य संकट, गरिबी ।<br>* वालीविरुवाहरु लोप हुँदै जानु ।<br>* मानव स्वास्थ्यमा प्रतिकुल असर ।<br>* कृषिकार्य प्रति व्यापक निराशा ।<br>* महंगीमा बृद्धि ।<br>* खेती गर्न छाड्नु ।<br>* युवाहरु विदेश पलायन | * रासायनिक मल र बिषादीको प्रयोगलाई न्युनिकरण गर्ने ।<br>* प्रांगारिक मलको प्रयोगमा जोड दिने ।<br>* रोगको संक्रमण नहुने विउको विकास गर्ने ।<br>*स्थानीय बिउको संरक्षण गर्ने ।<br>* माटोको परीक्षण गरी उपचार गरेर मात्र खेती गर्ने ।<br>* पर्याप्त सिंचाईका लागि काम गर्ने ।<br>* जैविक विषादिको प्रयोग । |

| क्र.सं. | जोखिम तथा समस्या | मूल कारण | अन्तरनिहित कारक तत्व | प्रभाव वा असर | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपायहरु |
|---|---|---|---|---|---|
| | | * स्थानीय खप्ने प्रजातीको विउ विजनको संरक्षण नहुनु | | | * कृषकहरुको शीप तथा प्राबिधिक क्षमता बिकास गर्ने |
| ९ | **चट्याङ** | * चेतनामा कमी । <br> * घर वरपर ठूला रुख हुनु । <br> * झुप्रा र टहराको बास हुनु | * चट्याङ पर्ने क्षेत्र <br> * विद्युत, टेलिभिजन, मोवाईल आदि सेवा सुविधामा बृद्धि । <br> * ज्ञानको कमी । | * मानवीय क्षती <br> * पशु चौपायाको क्षती <br> * घरहरुमा क्षती <br> * आगोलागीको सम्भावना <br> * सेवा सुविधामा अवरोध | * व्यवस्थित वायरिङ गर्ने । <br> * वायरिङ गर्दा अर्थिङ गर्ने <br> * मेघ गर्जेको समयमा सावधानी अपनाउने । <br> * समुदायमा चेतनाकरण गर्ने । <br> *घर नजिकका ठूलारुखहरु हटाउने <br> * खाली होल्डर नराख्ने । |
| १० | **सरुवा रोग व्याधि तथा महामारी** | * सौचालयहरु प्रयोग नगर्नु । <br> * खानेपानी सफा र व्यवस्थित नहुनु । <br> * साना झुप्राहरुमा बास भएकोले सरसफाईमा कमी हुनु <br> * वातावरणीय प्रदूषण बढ्नु । <br> * पशु चौपायाहरुको गोठ घर टहराको नजिकमा हुनु । <br> * सामुदायिक सरसफाईमा कमी | * स्वास्थ्य चेतनाको अभाव । <br> * पानी सफागर्ने प्रविधि र प्रचलन नहुनु । <br> * पानी सुद्धिकरण गर्ने प्रचलन नहुनु । <br> *समुदायको कमजोर आर्थिक अवस्था । | * सरुवा रोगहरुमा बृद्धि हुने <br> * मानिसहरुमा स्वास्थ्य समस्या आउने । <br> * मानिसको मृत्यु हुनसक्ने । <br> * उपचारमा ठूलो धनराशी खर्च हुने । <br> * मानसिक तनाव हुने <br> *सामाजिक जनजीवन अस्तव्यस्त हुनसक्ने | * सौचालय निर्माण गरी अनिवार्य सौचालय प्रयोग गर्ने । <br> * स्वास्थ्य चेतनाको प्रसार गर्ने । <br> * व्यक्तिगत, पारिवारिक र सामुदायिक सरसफाईमा ध्यान दिने <br> * पानी उमालेर वा प्रशोधन गरेर मात्र प्रयोग गर्ने । <br> * पशु गोठ घरदेखि टाढा राख्ने । <br> * स्वास्थ्यको विषयमा हेलचेक्र्याइ नगर्ने । |
| ११ | **जनावर आतङ्क** | * वडा नं. ११ का छाडा सुंगुरहरु <br> * सबै वडामा बढ्दो संख्यामा भुस्याहा कुकुरहरु <br> * छाडा छोडिएका साँढे तथा साँढीहरु <br> * छाडा चरिचरणका गाईवस्तुहरु | * छाडा पशु चौपाया व्यवस्थापनका लागि नीति नबन्नु <br> * पशु तथा सुँगुरपालकहरु उदासिन बन्नु । <br> * भुस्याहा कुकुर नियन्त्रणको कार्य प्रभावकारी नहुनु । | * मानिसमा भय त्रास <br> * बालीनालीको व्यापक नोक्सानी <br> * बाखा पाठा, कुखुरा खाईदिने । <br> * संगुरले घर पनि भत्काईदिने | * छाडा पशु सम्बन्धी कडा कानुन निर्माण र कार्यान्वयन । <br> * कान्जीहाउस निर्माण <br> * भुस्याहा कुकुरहरुको नियन्त्रण <br> * सुँगुर छाडा नछोड्न समुदायलाई सचेत गराई बैकल्पिक व्यवस्था गर्ने |

## जलवायु परिवर्तन विश्लेषण :

| क्र.सं. | समस्या | समस्याको कारण | समुदायमा परेको प्रभाव | समाधानका लागि गरिएका प्रयाशहरु |
|---|---|---|---|---|
| १ | गर्मी धेरै बढ्दै गएको | विश्व उष्णीकरणको प्रभाव | गर्मीका कारण कामगर्न नसक्नु । काम गर्न नसक्नाले उत्पादनमा कमी जीवन जिउन कठीन हुनु । | घरहरुमा पंखा जडान । विहान बेलुका काम गरेर दिउँसो चर्को घाममा काम नगर्नु । |
| २ | पशु तथा बालीमा रोग किरा | वायुमण्डलको तापक्रम बृद्धि हुँदै गएपछि बालीनाली तथा पशुमा लाग्ने रोगमा बृद्धि भएको | पशु तथा बालीमा रोग लागेर उत्पादनमा ह्रास आएको । | किटनाशक विषादीको प्रयोग । |
| ३ | हिउँदे बाली उत्पादनमा कमी | हिउँदमा वर्षा कम भएको र सिंचाईको भरपर्दो सुविधा नभएको | हिउँदे बाली लगाउन नपाउँदा खाद्य संकट बढेको छ । | मोटरबाट केहीले पानी निकालेको । अन्य केही प्रयाश भएको छैन । |
| ४ | चट्याङबाट मानवीय क्षति बढेको | जलवायुमा आएको परिवर्तनका कारण चट्याङ पर्ने दर बढेको | मानवीय मृत्यु, घाइते, विद्युतीय उपकरणहरुमा क्षति । पशु चौपाया हरुमा समेत क्षति हुने गरेको | कसै कसैले अर्थिङ गर्ने बाहेक अरु कुनै प्रयाश भएको छैन । |

## २.५ बिभिन्न प्रकोपका सन्दर्भमा महानगरपालिकाका सबै वडाका टोलहरुको संकटासन्नता स्तरीकरण

### बिराटनगर महानगरपालिका वडा नं. १

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| उत्तरी क्षेत्र (सुनामी मार्गदेखि बुद्धचोक सम्म) | करिव १,४०० घर | भूकम्प बाढी, कटान र डुवान | हावाहुरी आगलागी सडक दुर्घटना | शीतलहर जनावर आतङ्क प्रदुषण | करिव ९२ घर | ८० घर | क्षेत्री, बाहुन, मधेसी, दलित, जनजाति | नजिकै सिंघिया खोला छ । तटबन्ध र स्परहरु छैनन् । वस्तीका कारण खोला साँघुरिएको छ । पुलमा बाँस र रुख अडिएर पानी छेकेकोले गतवर्ष डुवान भयो । नालाहरु व्यवस्थित छैनन् । करिव ५० प्रतिशत नाली बनेका छन् । खोलाको किनारमा बाढीको बेला कटान भएर गतवर्ष ६५ घर बगाएको थियो । करिव ८० घर परालको छाना भएका कारण आगलागी र हावाहुरीको प्रकोप बढी छ । छाडा साँढे, गाईवस्तु र भुस्याहा कुकुरहरुको कारणले सवारी दुर्घटना हुने गरेको छ भने बालबालिकाहरु लगायत ठूला मानिसलाई लखेट्ने, टोक्ने गरेको छ । करिव १० प्रतिशतमा सौचालय छैन, खोलामा जान्छन् । खोला प्रदुषित भएको छ ।<br>विपन्न परिवारको मुख्य पेसा कृषि मजदुर, मिस्त्री तथा लेवर, ज्याला मजदुरी । महिलाहरु घरेलु कामदारको रुपमा । पढाई कम, मदिरा सेवन धेरै । अधिकास गरिब ।<br>यो टोलमा सम्पन्न मानिसहरु पनि छन् । पक्की घरहरु, जागिरेहरु पनि छन् । घरको प्रकृति अनुसार हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ । यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ ।<br>हालका दिनमा दमकल पुग्ने बाटो भने निर्माण भएको छ । |
| मध्यक्षेत्र (बुद्धचोक देखि भट्टाचोक सम्म) | करिव १,६०० घर | बाढी, कटान र डुवान जनावर आतंक सडक दुर्घटना | शीतलहर चट्याङ विद्युत दुर्घटना हावाहुरी आगलागी | असिनापानी प्रदुषण सर्पदंश | १२२ घर | २० | क्षेत्री, बाहुन, मधेसी, दलित, जनजाति, मुसलमान | नजिकै सिंघिया खोला छ । तटबन्ध र स्परहरु छैनन् । बाढीको बेला ५ देखि १५ फुटसम्म डुवान हुने गरेको छ । वस्तीका कारण खोला साँघुरिएको छ । पुलमा बाँस र रुख अडिएर पानी छेकेकोले गतवर्ष डुवान भयो । नालाहरु व्यवस्थित छैनन् । करिव ५० प्रतिशत नाली बनेका छन् । खोलाको बगरमा घर बनाएर बसेका पनि छन् । प्रत्येक वर्ष करिव ५० घर बाढीले भत्काउने गरेको छ । छाडा साँढे, गाईवस्तु र भुस्याहा कुकुरहरुको कारणले सवारी दुर्घटना हुने गरेको छ भने बालबालिकाहरु लगायत ठूला मानिसलाई लखेट्ने, टोक्ने गरेको छ । करिव १० प्रतिशतमा सौचालय छैन, खोलामा जान्छन् । खोला प्रदुषित भएको छ । परोपकार घाट यसै वडामा पर्दछ । घाटमा उत्पादन भएको फोहोर, |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | डढेका दाउरा, फालेका कपड आदिले पनि घाट फोहोर भएको छ।<br>खानेपानीको पाईप पुरानो भएकोले फुटेर पानी प्रदुषित हुने गरेको छ।<br>विपन्न परिवारको मुख्य पेसा कृषि मजदुर, मिस्त्री तथा लेवर, ज्याला मजदुरी। महिलाहरु घरेलु कामदारको रुपमा। पढाई कम, मदिरा सेवन धेरै। अधिकास गरिब।<br>यो टोलमा सम्पन्न मानिसहरु पनि छन्। पक्की घरहरु, जागिरेहरु पनि छन्। घरको प्रकृति अनुसार हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ। यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ। दमकल पुग्ने बाटो निर्माण भएको छ। |
| दक्षिणी क्षेत्र (भट्टाचोक देखि सिमाना सडक सम्म) | करिव १७०० घर | बाढी, कटान र डुवान हावाहुरी | शीतलहर विद्युत दुर्घटना आगलागी जनावर आतंक | असिनापानी प्रदुषण सर्पदंश | १५० घर | १५० घर | क्षेत्री, बाहुन, मधेसी, दलित, जनजाति, मुसलमान | नजिकै सिंघिया खोला छ। तटबन्ध र स्परहरु छैनन्। वस्तीका कारण खोला साँघुरिएको छ। पुलमा बाँस र रुख अडिएर पानी छेकेकोले गतवर्ष डुवान भयो। नालाहरु व्यवस्थित छैनन्। खोलाको बगरमा घर बनाएर बसेका पनि छन्। प्रत्येक वर्ष घरहरु बाढीले भत्काउने गरेको छ। छाडा साँढे, गाईवस्तु र भुस्याहा कुकुरहरुको कारणले सवारी दुर्घटना हुने गरेको छ भने बालबालिकाहरु लगायत ठूला मानिसलाई लखेट्ने, टोक्ने गरेको छ। करिव १० प्रतिशतमा सौचालय छैन, खोलामा जान्छन्। खोला प्रदुषित भएको छ। परोपकार घाट यसै वडामा पर्दछ। घाटमा उत्पादन भएको फोहोर, डढेका दाउरा, फालेका कपड आदिले पनि घाट फोहोर भएको छ।<br>खानेपानीको पाईप पुरानो भएकोले फुटेर पानी प्रदुषित हुने गरेको छ। पानीमा कोलिफर्म पनि पाईएकोले पिउन योग्य छैन। प्लास्टिकआदिका कारण वातावरण प्रदूषित भएपनि व्यवस्थित हुन सकेको छैन।<br>विपन्न परिवारको मुख्य पेसा कृषि मजदुर, मिस्त्री तथा लेवर, ज्याला मजदुरी। महिलाहरु घरेलु कामदारको रुपमा। पढाई कम, मदिरा सेवन धेरै। अधिकास गरिब।<br>यो टोलमा सम्पन्न मानिसहरु पनि छन्। पक्की घरहरु, जागिर गर्नेहरु पनि छन्। घरको प्रकृति अनुसार हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ। यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ। दमकल पुग्ने बाटो भने निर्माण भएको छ। |

## वडा न.. २

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| सुकुम्बासी टोल (सिंघिया पश्चिम, सरस्वती मन्दिर उत्तर र राधाकृष्ण मन्दिर दक्षिण) | करिव १३५० घर | बाढी, कटान र डुवान प्रदुषण हावाहुरी | आगलागी शीतलहर विद्युत दुर्घटना | असिना जनावर आतङ्क चट्याङ्ग | करिव ३५० घर | | कामत, राय, सशनी, मण्डल, मग्राती, पहाडी मगर, श्रेष्ठ, वि.क. | भाटा र माटाको घर, टिन र टालीको छाना भएका साना झुप्रा । ज्याला मजदुरी, मिस्त्री, लेवर, कालीगढ, सिटी र ठेलाचलाउने । महिलाहरु घरेलु कामदार । सिंघिया खोलाको किनारमा अतिक्रमण गरेर बसेका । वैदेशिक रोजगारी (५ प्रतिशत) । नदीमा तटबन्ध छैन । १०० घर झनै गहिरोमा बसेका छन् । बाढीको समस्या सबैभन्दा ठूलो छ । पुलमा बाँस र रुख अडिएर पानी छेकेकोले गतवर्ष प्लास्टिक आदिको जथाभावी प्रयोगले बोतल गुट्खा आदिका कारण प्रदूषण बढेको छ । चेतनामा कमी पनि छ । गाईहरु पालेको छन् र सडकमा छाडा छोडेका छन् । नालाहरु व्यवस्थित छैनन् । खोलामा ढल मिसाईएका छन् ।<br>सम्पन्न मानिसहरु छैनन् । पक्की घरहरु, जागिर गर्नेहरु पनि छन् ।<br>घरको प्रकृति अनुसार हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ । यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ ।<br>हालका दिनमा दमकल पुग्ने बाटो भने निर्माण भएको छ । |
| पूर्वटोल (तीनपैनी चोक पूर्व र सुकुम्बासी टोल पश्चिम) | करिव ७०० घर | प्रदूषण हावाहुरी जनावर आतङ्क | भूकम्प आगलागी सडक दुर्घटना | शीतलहर चट्याङ्ग सर्पदंश | | | क्षेत्री, बाहुन, नेवार मधेसी, दलित, कायस्थ, थारु | अधिकाँस पक्की घरहरु । थारैमात्र टिनको छाना भएका । पेशामा नोकरी, व्यापार, वैदेशिक रोजगारी (५ प्रतिशत) । काम गरी खाने वा मध्यम आर्थिक अवस्था । घरहरु ३ तलेसम्म ।<br>पुराना खानेपानीका पाईपहरु । कतिपय गाडिले फुटाएका । ढलको पानी, धमिलो पानी छिर्ने भएकोले खानेपानी प्रदुषित छ । तताएर मात्र पिउनयोग्य हुन्छ ।<br>छाडा पशुचौपाया (गाई गोरु), कटहरी देखिका वस्तुभायहरु आउँछन् । भुस्याहा कुकुरको आतंक अधिक छ । नाली फोटोर छ र क्लियर छैन । धुलोको कारण प्रदूषण बढेको छ । |
| पानी ट्याँकी देखि तीनपैनी चोक र वडा प्रहरी | करिव ८०० घर | प्रदूषण सडक दुर्घटना जनावर आतङ्क | भूकम्प आगलागी हावाहुरी | शीतलहर चट्याङ्ग सर्पदंश | | | क्षेत्री, बाहुन, मारवाडी, नेवार | अधिकाँस पक्की घरहरु । थारैमात्र टिनको छाना भएका । पेशामा नोकरी, व्यापार, वैदेशिक रोजगारी (५ प्रतिशत) । सामान्यतया घरहरु ३ तला सम्मका र केही ५ तलाका पनि छन् । ११ तलाको अपार्टमेण्ट पनि यसै वडामा पर्दछ ।<br>ढक्कन विनाको साँघुरो नाली, गुट्खाको खोल प्लास्टिक आदिका कारण फोहोर । पानीको निकास घोघा पैनी हो । भुस्याहा कुकुर आतङ्क व्यापक मात्रामा छ । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| कार्यालय सम्म मेनरोड आसपासको क्षेत्र | | | | | | | | दमकलको क्षमता ३ तलामात्र भएकोले अग्लो घरमा आगलागी हुँदा नियन्त्रण गर्न असम्भव हुनसक्छ । |
| कमलपोखरी क्षेत्र (बुढा निलकण्ठ बोर्डिङ्ग स्कूल देखि शंकरपुर मार्गसम्म) | करिव ६०० घरधुरी | डुवान जनावर आतङ्क, प्रदूषण | भूकम्प सडक दुर्घटना आगलागी हावाहुरी | शीतलहर चट्याङ्ग सर्पदंश | ३ ( राजवंशी टोल र विजुली अफिस पछाडि) | | राजवंशी, क्षेत्री, बाहुन, नेवार, कामत, ठाकुर | ३ वटा जति टाटीको घर । १० प्रतिशत ईटा र टिनको बाँकी सबै ढलान घरहरु ।<br>पेशा : व्यापार, जागिर । राजवंशी र कामत टोलमा श्रमिक, ज्याला मजदुरी ।<br>समस्या : जमिन नै होचो । पुराना र होचा घर । सडक अग्लो भयो । पश्चिमतर्फ पानी जान पाउँदैन । यो टोल डुवान हुन्छ । सिंघियामा मात्र जान्छ । पानी ह्युम पाईप हालेर पठाएको छ । नालीमा ढक्कन छैन । नाली जाम भएर फोहोर हुन्छ । गाई बाखाहरु छाडा छन् । भुस्याहा कुकुर आतङ्क पनि छ । |
| धरानरोड क्षेत्र ( बरगाछी देखि विजुली अफिस सम्म) | करिव ७०० घरधुरी | डुवान सडक दुर्घटना प्रदूषण | जनावर आतङ्क भूकम्प आगलागी | हावाहुरी चट्याङ्ग सर्पदंश | | | मिश्रीत जातजाति | कमलपोखरी भन्दा केही कम डुवान । हाई वे भएकोले सडक दुर्घटना, ध्वनी र वायु प्रदूषण बढी नै हुन्छ ।<br>यो व्यापारिक क्षेत्र हो । विराट नर्सिङ्ग ओम लगायत क्लिनिकहरु, होटलहरु प्रसस्त रहेका छन् । |

## वडा नं. ३

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| बरगाछी उत्तर कञ्चनमार्ग सम्मको क्षेत्र | करिव ३००० घर | डुवान प्रदुषण सडक दुर्घटना | महामारी जनावर आतङ्क विद्युत दुर्घटना | असिना हावाहुरी आगलागी चट्याङ्ग | | | क्षेत्री बाहुन, राजवंशी, मधेसी, मिश्रीत | घरहरु प्राय सबै ढलान । पिलर नभएका करिव ४० प्रतिशत । टाली र टिनका ५० घर जति (राजवंशी टोलमा) ।<br>पेशा : धेरै जागिरे, वैदेशिक रोजगारी, खेतीवाल (अरुलाई काम लगाउने), व्यापार । राजवंशीहरुको खुद्रे घुम्ती व्यापार, टेम्पो, परम्परागत ज्याला मजदुरी । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | समस्या : हाईवे बाट करिव ४०० मिटर पूर्वसम्मको क्षेत्र होचो भएकोले (हाईवे निर्माण गर्दा त्यहाँको माटो हालिएको रहेछ) यहाँ पानी जम्छ र घरहरु डुवाउँछ । पुराना घरहरु होचोमा नै निर्माण गरिएका, पानीको निकास नभएको, सडक अग्लो, पूर्वतर्फको जमिन पनि अग्लो भएकोले सबै तिरको पानी आएर डुवान हुन्छ । बीचमा भएका सडकहरु पनि साँधुरा छन् । बाटोको मापदण्ड र गुणस्तर पुरा नभएको ।<br>घरबाट निस्केको पानी बगाउन नाली छैनन् र भएकाबाट पनि पानी बग्दैन र जम्छ ।<br>अधिकाँस घरमा सौचालयहरु रिङ्ग सिस्टमका छन् वर्षादको समयमा भरिएर फोहोर र प्रदूषण हुन्छ ।<br>उत्तरी क्षेत्रमा भएका उद्योगहरुबाट निस्केको फोहोरपानी बगेर आउने गर्दछ ।<br>खसी, ब्रोइलरका फ्रेसहाउसबाट निस्केको फोहोर, होटलहरुबाट निस्केको फोहोर पानी, अस्पतालबाट निस्केको फोहोर पानी सबै नै नालीमा मिसिन्छ तर नालीको निकास छैन ।<br>अत्यधिक प्लास्टिकको प्रयोग पछि जलाउनाले र दुध फारामबाट निस्कको दुर्गन्धका कारण वायु प्रदूषण बढेको छ ।<br>घरपालुवा कुकुरलाई सडक पेटीमा विस्ट्याउनाले, छाडा पशुचोपायाले जथाभावी विस्ट्याउनाले पनि प्रदूषण बढेको छ ।<br>हाटबजार लगाएको ठाउँमा समयमा सफा नगर्नाले र निर्माण सामग्री सडक र नालामा हालेर ननिकाल्नाले पनि शहरको सौन्दर्य र सफाईमा समस्या आएको छ ।<br>गाई, कुकुर पाल्ने र आम्दानी दिन छाडेपछि सडकमा छाडिदिने । |
| कञ्चनमार्ग देखि उत्तर पुष्पमार्ग सम्मको क्षेत्र | करिव २५०० घर | डुवान<br>प्रदुषण<br>सडक दुर्घटना | महामारी<br>जनावर आतङ्क<br>विद्युत दुर्घटना | असिना<br>हावाहुरी<br>आगलागी<br>चट्याङ्ग | हलेसीमा २ | | क्षेत्री बाहुन, राजवंशी, मधेसी, मिश्रीत | घरहरु प्राय सबै ढलान । पिलर नभएका करिव १५ प्रतिशत । टाली र टिनका ५० घर जति (राजवंशी टोलमा) ।<br>पेशा : धेरै जागिरे, वैदेशिक रोजगारी, खेतीवाल (अरुलाई काम लगाउने), व्यापार । राजवंशीहरुको खुद्रे घुम्ती व्यापार, टेम्पो, परम्परागत ज्याला मजदुरी ।<br>ऐलानीमा बसोबास : हलेसीटोलमा ६ घर, राजवंशी टोलमा ३ घर, |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ज्योतिमार्गमा ६ घर, पुष्पमार्गमा २ घर (टिन टाली र माटोको घरहरु)।<br>समस्या : हाईवे बाट करिव ४०० मिटर पूर्वसम्मको क्षेत्र होचो भएकोले (हाईवे निर्माण गर्दा त्यहाँको माटो हालिएको रहेछ) यहाँ पानी जम्छ र घरहरु डुवाउँछ । पुराना घरहरु होचोमा नै निर्माण गरिएका, पानीको निकास नभएको, सडक अग्लो, पूर्वतर्फको जमिन पनि अग्लो भएकोले सबै तिरको पानी आएर डुवान हुन्छ । बीचमा भएका सडकहरु पनि साँधुरा छन् । बाटोको मापदण्ड र गुणस्तर पुरा नभएको ।<br>घरबाट निस्केको पानी बगाउन नाली छैनन् र भएकाबाट पनि पानी बग्दैन र जम्छ ।<br>अधिकाँस घरमा सौचालयहरु रिङ्ग सिस्टमका छन् वर्षादको समयमा भरिएर फोहोर र प्रदूषण हुन्छ ।<br>उत्तरी क्षेत्रमा भएका उद्योगहरुबाट निस्केको फोहोरपानी बगेर आउने गर्दछ ।<br>खसी, ब्रोइलरका फ्रेसहाउसबाट निस्केको फोहोर, होटलहरुबाट निस्केको फोहोर पानी, अस्पतालबाट निस्केको फोहोर पानी सबै नै नालीमा मिसिन्छ तर नालीको निकास छैन ।<br>अत्यधिक प्लास्टिकको प्रयोग पछि जलाउनाले र दुध फारामबाट निस्कको दुर्गन्धका कारण वायु प्रदूषण बढेको छ ।<br>घरपालुवा कुकुरलाई सडक पेटीमा विस्ट्याउनाले, छाडा पशुचौपायाले जथाभावी विस्ट्याउनाले पनि प्रदूषण बढेको छ ।<br>हाटबजार लगाएको ठाउँमा समयमा सफा नगर्नाले र निर्माण सामग्री सडक र नालामा हालेर ननिकाल्नाले पनि शहरको सौन्दर्य र सफाईमा समस्या आएको छ ।<br>गाई, कुकुर पाल्ने र आम्दानी दिन छाडेपछि सडकमा छाडिदिने ।<br>आयल निगमका ट्याँकरहरु सडकमा पार्किङ्ग, हर्नका कारण ध्वनी प्रदूषण, मठमन्दिर र धार्मिक अनुष्ठानहरुमा माईकको कारण ध्वनी प्रदूषण । |
| पुष्पमार्ग देखि उत्तर ढाट | करिव १५०० घर | प्रदूषण<br>सडक दुर्घटना | भूकम्प<br>आगलागी<br>हावाहुरी | शीतलहर<br>चट्याङ्ग<br>सर्पदंश | | | क्षेत्री,<br>बाहुन,<br>नेवार, | अधिकाँस पक्की घरहरु । थारैमात्र टिनको छाना भएका । पेशामा नोकरी, व्यापार, उद्योग तथा कलकारखानामा कामदार, प्रहरी, सवारी चालक, ज्याला मजदुरी, शिक्षक, वैदेशिक रोजगारी (१० प्रतिशत) । सामान्यतया घरहरु ३/४ |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| सिमानासम्म | | जनावर आतङ्क | | | | | जनजाति, मधेशी मिश्रित | तला सम्मका र केही ५ तलाका पनि छन् । पिलर नभएका घरहरु २० प्रतिशत । सामान्य आर्थिक अवस्थाका मानिसहरुको संख्या नै अधिक छ ।<br>बारुणयन्त्रको कार्यालय यसै वडामा पर्दछ । दमकलको क्षमता ३ तलामात्र भएकोले अग्लो घरमा आगलागी हुँदा नियन्त्रण गर्न असम्भव हुनसक्छ ।<br>हाटबजार लगाएको ठाउँमा समयमा सफा नगर्नाले र निर्माण सामग्री सडक र नालामा हालेर ननिकाल्नाले पनि शहरको सौन्दर्य र सफाईमा समस्या आएको छ ।<br>हाइवेमा ढाट क्षेत्रमा सडक दुर्घटना बढी नै हुने गरेको छ ।<br>भुस्याहा कुकुरको आतङ्कले धेरै सडक दुर्घटना हुने गरेको छ । नालीहरु बनेका छैनन्, सडक अधिकाँस ग्राभेल । पिच सडकहरु भित्र छैनन् । विजुलीको पोलहरु पनि पुरा भएका छैनन् । पानीको निकास राम्रो छैन । |
| सुकुम्बासी वस्ती (ढाट पूर्व) | १७ घरधुरी | हावाहुरी आगलागी प्रदूषण | सर्पदंश विद्युत दुर्घटना सडक दुर्घटना | असिना चट्याङ्ग भूकम्प | ७ | | मिश्रीत जातजाति | काठ, कर्ची र टिनका झुप्रा घरहरु । बाटो ग्राभेल मात्र छ । फ्याक्ट्रीमा रोजगारी गर्नेको संख्या अधिक छ । कमजोर आर्थिक अवस्था । केहीका अन्यत्र घडेरी पनि छन् । |

## वडा नं. ४

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| चम्राही | १७ घरधुरी | बाढी, कटान र डुवान हावाहुरी आगलागी | शीतलहर सर्पदंश प्रदुषण | असिनापानी जनावर आतंक चट्याङ विद्युत दुर्घटना | करिव १७ घर | १० घर | चमार | भूमिहीन चमार जातिको बसोबास । टाटी र माटोको दिवाल, टिनको छाना भएका केही घरहरु । परालका घरहरु बढी । ऐलानी जग्गामा बसोबास गरिरहेका सबै १७ घर ।<br>मुख्य पेसा : मिस्त्री तथा लेवर, ज्याला मजदुरी, ट्याक्टर ड्राईभर । महिलाहरु घरेलु कामदारको रुपमा । पढाई कम, मदिरा सेवन धेरै । सबै गरिब ।<br>केसलिया खोलाको बाढीले पुरै वस्ती र खेतीबाली पनि हरेक वर्षजसो डुवाउँछ । कटान पनि गराईरहेको छ । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सौचालय छैन । सबै खुल्ला दिसापिसाव ।<br>भुस्याहा कुकुरहरुले बाखाका पाठा, हाँस कुखुराहरु मारेर खाने र मानिसलाई पनि टोक्ने गरेकोले जनावरहरुको प्रकोप धेरै सम्वेदनशील छ । हरेक वर्ष हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ । यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ ।<br>दमकल पुग्नसक्ने कच्ची बाटो भने निर्माण भएको छ । |
| ईक्राही ( चौधरीटोल, यादव टोल, पोखरीचोक, गम्सु टोल, स्कूलटोल, ज्वाला टोल, बंगलोरीचोक, विम, बस्ता, पहाडे टोल आदि | करिव १,२०० घर | बाढी, कटान र डुवान हावाहुरी आगलागी | शीतलहर सर्पदंश प्रदुषण | असिनापानी जनावर आतंक चट्याङ विद्युत दुर्घटना | ९५ घरधुरी | | चौधरी, यादव, गिरी, पासवान, पहाडी, राजवंशी, पाल, झाँगड, विन, बाँतर, सतार, मुसहर | वस्ताटोल पश्चिम २० घर र वंगलोरीमा ७५ घर सुकुम्वासी छन् र अरुको धेरथोर जग्गा छ । सुकुम्बासीहरु लेवर, मिस्त्री, हलो जोत्ने, सिटी, ट्याक्टर चलाउने जस्ता कामहरु गर्छन् ।चौधरी र यादवहरुको आफ्नै खेती छ र जागिर पनि गर्छन । टिनका छाना भएका टाटीका घर धेरै र केही ईंटाको दिवाल भएका पनि छन् । २ वटा उद्योगहरु छन् ।<br>केशलियाको बाढी बुढीगंगाको दक्षिण भेगमा नदी मोडिएको ठाउँबाट पस्छ र पुरैगाउँ डुवाउँछ । यसले नहर पश्चिमसम्म र एयरपोर्ट हुँदै तलैसम्म डुवाउँछ । वडा नं. ३ को पानीपनि यसै वडामा आउँछ । वस्ता पूर्वक्षेत्रमा पनि यो पानी आएर नहरको पश्चिम क्षेत्र डुवाउँछ ।<br>टिन र काठ, बाँसका घरहरु भएकाले हावाहुरी र आगलागीको प्रकोप पनि यो क्षेत्रमा रहेको छ । |
| वडाको उत्तरी क्षेत्रमा रहेको मुसहर वस्ती (नहर पूर्वदेखि दिनभद्री मन्दिर सम्म) | करिव ३२५ घर | प्रदूषण बाढी डुवान आगलागी हावाहुरी | सर्पदंश, शीतलहर महामारी | चट्याङ विद्युत दुर्घटना असिनापानी | ३२५ घर | ३०० घर | सबै ऋषिदेव (मुसहर) | भूमिहिन मुसहर वस्ती । सबैघर बाटोको र ऐलानी जग्गामा बस्छन् (खार्जी देखि बुढीगंगाको बाईपास छुने बाटोमा )। रमेश पौडेलको जग्गामा समेत ५० घर जति बसेका छन् ।<br>मुख्य पेसा : मिस्त्री तथा लेवर, ज्याला मजदुरी, ट्याक्टर ड्राईभर । महिलाहरु घरेलु कामदारको रुपमा । पढाई कम, मदिरा सेवन धेरै । सबै गरिब ।<br>केशलियाको ढुवानक्षेत्रमा यो वस्ती पर्दछ । हरेक वर्ष डुब्छ यो वस्ती । वस्ती फोहोर छ । असुरक्षित छ । सौचालय भएतापनि प्रयोग कमैमात्रले गर्दछन् ।<br>हरेक वर्ष हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ । यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ । |
| नहर पश्चिम | करिव | प्रदूषण | हावाहुरी | चट्याङ | नहरको | २० घर | क्षेत्री, | नोवेल उत्तर, उत्तर पश्चिम, दक्षिण तर्फका टोलमा पक्का, ढलान गरिएका घर |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| देखि वस्ता खोला पूर्वको क्षेत्र (६०), नोवेल उत्तर (६०), दक्षिण गोकुलटोल सम्म (२५०) | ३१० घर | डुवान<br>जनावर आतङ्क<br>भूकम्प | आगलागी<br>विद्युत दुर्घटना | असिना<br>पानी<br>सडक दुर्घटना | डिलमा ३६ घर | | बाहुन, थारु, तवदार, यादव, राजवंशी | छन् । नहर डिलमा कच्ची घरहरु । अविरल वर्षा भएमा वस्ताको पानी पस्छ । एयरपोर्टमा वस्ता ब्लक हुन्छ र डुवाउँछ ।<br>माथिल्लो क्षेत्रमा भएका उद्योगहरुबाट निस्केको फोहोर पानी वस्ता भएर बग्छ । नोबेल अस्पतालको पानी पनि वस्तामा मिसिन्छ । कञ्चनबारीबाट पश्चिम वस्तासम्म नाली बनाएकोले दुधफाराम, वडा नं. ३ समेतको नाली पनि वस्तामा जान्छ तर वस्तामा व्यवस्थित निकास छैन । धेरै वर्षा हुँदा समस्या हुन्छ ।<br>२० भन्दा बढी समूहमा भुस्याहा कुकुरहरु छन् । साँझ विहान धेरै समस्या बनाउँछन् भने रातभरी भुकेर सुत्न दिँदैनन् । बाखाका पाठा, हाँस कुखुराहरु मारेर खाने र मानिसलाई पनि टोक्ने गरेकोले भुस्याहा कुकुरहरुको प्रकोप धेरै सम्वेदनशील छ । |
| नहरपूर्व हाइवे सम्मको क्षेत्र राजवंशी चोक उत्तर | ४०० | प्रदूषण<br>डुवान<br>जनावर आतङ्क | हावाहुरी<br>आगलागी<br>विद्युत दुर्घटना<br>सडक दुर्घटना | चट्याङ<br>असिना<br>पानी<br>भूकम्प | खार्जीमा ५० घर | | क्षेत्री, बाहुन, राई, मुसहर, मधेसी आदि मिश्रीत | अधिकाँस पक्की घरहरु । ३० प्रतिशत टिनको छाना भएका । पेशामा नोकरी, व्यापार, उद्योग तथा कलकारखानामा कामदार, प्रहरी, सवारी चालक, ज्याला मजदुरी, शिक्षक, वैदेशिक रोजगारी (१० प्रतिशत) । सामान्यतया घरहरु २ तला सम्मका र केही ३/४ तलाका पनि छन् । पिलर नभएका घरहरु २० प्रतिशत । सामान्य आर्थिक अवस्थाका मानिसहरुको संख्या नै अधिक छ ।<br>डुवानको ठूलो समस्या छ । उद्योगहरुको पानी, फोहोर र धुलो व्यवस्थापन नभएको, नाली व्यवस्थित नहुनु, ढल निकास नहुनु, बुढीगंगाको टंकी तिरको पानी पनि यतै आउनु, गहिरो भूभाग भएकोले प्रदूषणको समस्या यो वस्तीमा छ ।<br>कच्ची सडकहरु मात्र छन् । व्यवस्थित बजार छैन ।<br>खार्जीमा ५० घर जति भूमिहिन मुसहर वस्ती छ । यहाँ जथाभावी फोहोर फाल्ने गरिएकोले प्रदूषित छ ।<br>भुस्याहा कुकुरको आतंक अत्यधिक छ । |
| राजवंशी चोक देखि कञ्चनबारी सम्मको क्षेत्र | करिव ५०० घरधुरी | प्रदूषण<br>डुवान<br>जनावर आतङ्क | हावाहुरी<br>आगलागी<br>विद्युत दुर्घटना | चट्याङ<br>असिना<br>पानी<br>भूकम्प | २०० घर मुसहर, शर्मा, | | क्षेत्री, बाहुन, राई, मुसहर, | अधिकाँस पक्की घरहरु । ४० प्रतिशत टिनको छाना भएका । पेशामा नोकरी, व्यापार, उद्योग तथा कलकारखानामा कामदार, प्रहरी, सवारी चालक, ज्याला मजदुरी, शिक्षक, वैदेशिक रोजगारी (१० प्रतिशत) । सामान्यतया घरहरु २ तला सम्मका र केही ३/४ तलाका पनि छन् । पिलर नभएका घरहरु २० |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | सडक दुर्घटना | | बाँतर | | मधेसी आदि मिश्रीत | प्रतिशत । सामान्य र कमजोर आर्थिक अवस्थाका मानिसहरुको संख्या नै अधिक छ ।<br>सुकुम्बासी मुसहरहरु बसोवास गरेको क्षेत्रमा अत्यधिक प्रदुषण छ । परालका घरहरु पनि भएकोले आगलागी र हावाहुरीको प्रकोप पनि बढि नै छ ।<br>माथिल्लो क्षेत्रदेखि आएको पानी नाली नभएकोले पुरै वस्ती हुँदै आउँछ । पूर्वमा हाईवे, पश्चिममा नहर र बीचको गहिरो भूभाग ।<br>दुधफारामको प्रदूषण, आयल निगमको दुर्गन्ध, नहरको डिलका वस्ती र होटलहरुको फोहोर नहरमा फालिन्छ तर नहरमा पानी हुँदैन त्यसले गर्दा अत्यधिक प्रदूषण छ । प्लास्टिकको अत्यधिक प्रयोग र जथाभावि फालिने गर्नाले पनि प्रदूषण बढेको छ । सडक प्रायः कच्ची र ग्राभेल भएकोले धुलोको मात्रा पनि अधिक छ । नोवेल अस्पतालमा मानिसको अत्यधिक चाप छ तर राम्रो पार्किङ्ग छैन । खानेपानी योजना छैन । आयल नियम भन्दा तल र नोबेल क्षेत्रमा कलको पानी भन्दा बाहेकको विकल्प पनि छैन ।<br>दुध फाराममा दुर्गन्ध र जल प्रदूषण, आयल निगममा ग्याँसीय वायु प्रदूषण र आगोको उच्च जोखिम, बल्व उद्योगमा सीसाजन्य जोखिम, प्लास्टिक उद्योगमा वायु र पानी प्रदूषण रहेको छ । |
| कञ्चनबारी दक्षिण बरगाछी चाँदनीचोक देखि उत्तरको क्षेत्र | करिव १०५० घरधुरी | प्रदूषण सडक दुर्घटना विद्युत दुर्घटना | जनावर आतंक हावाहुरी भूकम्प | आगलागी चट्याङ्ग | | | पहाडी समुदाय, मारबाडी, थारु, मधेशी लगायत मिश्रित बसोबास | प्रायः सबै पक्की घरहरु । अलि सम्पन्न परिवारका मानिसहरु ।<br>हाम्रो अस्पताल र विद्यालयहरु रहेका छन् ।<br>सामान्यतया घरहरु २ तला सम्मका र केही ३/४ तलाका पनि छन् । पिलर नभएका घरहरु २० प्रतिशत ।<br>नालीका कारण प्रदूषण बढी नै छ । फोहोर व्यवस्थापन हुन सकेको छैन । सडक विस्तार संगै विद्युतका पोल र तारहरु घरको नजिकमा भएकोले विद्युत दुर्घटनाको जोखिम उच्च रहेको छ । |

## वडा नं. ५

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| शंकरबारी उराव टोल | करिव ५० घर | बाढी, कटान र डुवान<br>हावाहुरी<br>आगलागी<br>सर्पदंश | शीतलहर<br>चट्याङ<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>असिनापानी<br>प्रदुषण | करिव ३५ घर | २० घर (उखुको पातको) | झाँगड, दलित, मधेशी, पहाडी समेत | २० घर उरावहरु कोईराला परिवारको खोला उकास जग्गामा बसेका । १५ घर एएरपोर्टको निकास पैनीको डिलको ऐलानी जग्गामा बसेका ।<br>पेशा : ज्याला मजदुरी ( कृषि मजदुर, रंग पेण्टर, ठेला चलाउने, मिस्त्री तथा लेवर, ज्याला मजदुरी) महिलाहरु घरेलु कामदार । विद्यालय छ तर सबै बालबालिकाहरु विद्यालय जाँदैनन् ।<br>टाटी र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । २० जति घरहरु उखुको पातले छाएका छन् । पशुपालन पनि कसैकसैले गर्छन तर व्यवसायिक छैन ।<br>हुकिङ्ग गरेर विद्युतको प्रयोग गर्दा जोखिम बढेको छ । घरको प्रकृति अनुसार हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ । यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ । |
| कोलरुवा टोल | ६८ घर | जनावर आतंक (सुँगुर)<br>आगलागी<br>हावाहुरी | शीतलहर<br>चट्याङ<br>विद्युत दुर्घटना<br>प्रदूषण | असिनापानी<br>सर्पदंश<br>सडक दुर्घटना | २० परिवार | | मण्डल, धानुक, यादव , पहाडी | अधिकाँस टाटी, टाली र टिनका घरहरु । कर्ची र बाँसका घरहरु धेरै छन् । बाहिर आफ्नो जग्गा भएपनि ५ बिगाहा ७ कट्ठा ऐलानी जग्गामा बसोबास गरेका छन् । पेशा : ज्याला मजदुरी ( कृषि मजदुर, रंग पेण्टर, ठेला चलाउने, मिस्त्री तथा लेवर, ज्याला मजदुरी) महिलाहरु घरेलु कामदारको रुपमा काम गर्छन् । आर्थिक अवस्था कमजोर छ ।<br>वडा नं. ११ का डुमहरुले पालेका छाडा सुँगुरहरुले जग्गामा लगाएको बालीनाली बर्षेनी सबै नष्ट गरिदिने र मानिसलाई हैरानी पार्ने गरेको छ ।<br>भुस्याहा कुकुर आतङ्क अत्यधिक बढेको छ । बाख्राका पाठा, हाँस कुखुराहरु मारेर खाने र मानिसलाई पनि टोक्ने गरेकोले जनावरहरुको प्रकोप धेरै सम्वेदनशील छ । लामखुट्टेको प्रभाव बढ्दो छ । ग्राभेल बाटो बनेको छ तर अहिले भत्किएको छ । नाली पनि बिग्रिएको छ । |
| विशाल चोक (चौधरी टोल, जागृति टोल) | करिव २७३ घर | जनावर आतंक (सुँगुर)<br>आगलागी<br>हावाहुरी | शीतलहर<br>चट्याङ<br>विद्युत दुर्घटना | असिनापानी<br>सर्पदंश<br>सडक दुर्घटना | १० परिवार | | चौधरी, कामत, पासवान, मुस्लिम, | विशाल चोकमा पैनी र बाटोको जग्गामा मुस्लिम र मधेशी बसेका छन् । टाटी, कर्ची र टिनाका घरहरु । चौधरी टोलमा पनि यस्तै छन् र थोरै ईटाको दिवाल छन् । चौधरी टोलमा केही घरहरु २ तले पनि छन् । विशालचोकमा आफ्नै जग्गामा । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | डुवान | प्रदूषण | | | | मधेशी र थोरै पहाडी | पेशा : ज्याला मजदुरी ( कृषि मजदुर, रंग पेण्टर, ठेला चलाउने, मिस्त्री तथा लेवर, ज्याला मजदुरी) महिलाहरु घरेलु कामदारको रुपमा काम गर्छन् । आर्थिक अवस्था कमजोर छ ।<br>वस्ती पैनीको डिलमा छ र पैनीमा पानी भरिएर डुवान हुने गर्दछ । वडा नं. ११ का डुमहरुले पालेका छाडा सुँगुरहरुले जग्गामा लगाएको बालीनाली बर्षेनी सबै नष्ट गरिदिने र मानिसलाई हैरानी पार्ने गरेको छ । |
| कोचाखाल | करिव ३५० घर | प्रदुषण<br>महामारी<br>जनावर आतङ्क<br>हावाहुरी | भूकम्प<br>आगलागी<br>विद्युत<br>दुर्घटना | चट्याङ<br>असिनापानी | २ परिवार बाटोमा | | मिश्रित : पहाडी, मधेशी, जनजाति, चौधरी, राजवंशी | सबै नम्बरी जग्गामा । केही ढलानवाला २-३ तले घर र धेरै ईटा र टिनका घरहरु । पेशाः उद्योगमा ज्याला मजदुरी, जागिरे, व्यापारी ।<br>वडा नं. ११ का डुमहरुले पालेका छाडा सुँगुरहरु रातभरी आएर बार तोडेर पनि बालीनाली सबै नष्ट गरिदिने गर्छन् । भुस्याहा कुकुरको समस्या पनि त्यस्तै छ । घरको फोहोर खुल्ला ठाउँमा र  नालीमा हाल्ने गरिन्छ । कुकुरले त्यो पनि तानेर बाटोमा फोहोर गर्छन् । फोहोर व्यवस्थापन राम्रो हुन सकेको छैन । सडक धेरै ग्राभेल भएकोले धुलो उडेर प्रदूषित हुने गर्छ । |
| शान्तिचोक क्षेत्र | करिव ९८० घर | भूकम्प<br>विद्युत दुर्घटना<br>सडक दुर्घटना | हावाहुरी<br>आगलागी<br>चट्याङ्ग | शीतलहर<br>प्रदूषण | | | मारवाडी, पहाडि, मधेशी मिश्रित | यो टोलमा उद्योगपति, जागिरे, व्यापारी, नेता आदिको बसोबास रहेको छ । घरहरु अधिकाँस पक्की ढलानका छन् र केही ईटा र टिनका छन् । सुखिपुर टोलमा ज्याला मजदुरी गर्ने राम(दलित) हरुको बसोबास छ । २० घरजति मुस्लिम छन् । बढी मानिसहरु सम्पन्न छन् । ५ तला सम्मका घरहरु छन् । ८० प्रतिशत सडक पिच छ । आकासबाट परेको पानी केहीबेरमा नै सुक्छ । दाना उद्योग देखि चाँदनी चोकसम्म अलि डुवान हुन्छ । नालीको निकास छैन । |
| हाईवे क्षेत्र (भृकुटी चोक देखि बरगाछी) | करिव ५४५ घर | भूकम्प<br>विद्युत दुर्घटना<br>सडक दुर्घटना | हावाहुरी<br>आगलागी<br>चट्याङ्ग | शीतलहर<br>प्रदूषण | १० घर अरुको जग्गामा | | मारबाडी, पहाडि, मधेशी | धरानरोडका पक्की घरहरु । भृकुटी चोकमा एकजना पाण्डेको जग्गामा विगत ४ पुस्तादेखि १० घर बसेका छन् । केही टाटीका घरहरु पनि छन् । |
| जामुनगाछी | ५४४ | भूकम्प<br>विद्युत दुर्घटना<br>सडक दुर्घटना | हावाहुरी<br>आगलागी<br>चट्याङ्ग | शीतलहर<br>प्रदूषण | | | मारवाडी, पहाडि, मधेशी मिश्रित | यो टोलमा उद्योगपति, जागिरे, व्यापारी, नेता आदिको बसोबास रहेको छ । घरहरु अधिकाँस पक्की ढलानका छन् र केही ईटा र टिनका छन् । बढी मानिसहरु सम्पन्न छन् । ५ तला सम्मका घरहरु छन् । ८० प्रतिशत सडक पिच छ । आकासबाट परेको पानी केहीबेरमा नै सुक्छ । केही भाग अलि समयका लागि डुवान हुन्छ । नालीको राम्रो निकास छैन । |

**वडा नं. ६**

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| ब्रह्मपुरा, मंगलुवा, लालीगुराँस टोल (धुदुवा पश्चिम टोल) | करिव १,००० घर | बाढी, कटान र डुवान<br>हावाहुरी<br>आगलागी<br>जनावर आतंक | शीतलहर<br>चट्याङ<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>असिनापानी<br>प्रदुषण | करिव ६० घर | १० घर | कामत, सहनी, पासवान, झाँगड आदि | टाटी र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । ईटा र टिनका घरहरु पनि छन् । केसलिया र धुदुवा खोलाको बाढीले पुरै वस्ती र खेतीबाली पनि हरेक वर्षजसो डुवाउँछ। कटान पनि गराईरहेको छ।<br>ऐलानी जग्गामा बसोबास गरिरहेका ६० घरजति छन् ।<br>मुख्य पेसा खेतीपाती, कृषि मजदुर, रंग पेण्टर, ठेला चलाउने, मिस्त्री तथा लेवर, ज्याला मजदुरी, पसलहरुमा रोजगारी गर्ने । महिलाहरु घरेलु कामदारको रुपमा। पढाई कम, मदिरा सेवन धेरै । अधिकास गरिब । थोरै मात्र मानिसहरु सम्पन्न र अधिकाँस विपन्न र मध्यम वर्गका।<br>वडा नं. ११ का डुमहरुले सुँगुर व्यापकरुपमा (करिव ५०० को संख्यामा) पालेका छन् र चराउन यहिटोलमा भएको डम्पिङ्ग साईडमा लगेर छोडी दिन्छन् । फर्कदा गाउँ पसेर घर कोट्याउने, भत्काउने, परालको टाल भत्काउने, बाखालाई पनि लखेट्ने र मार्ने र मानिसलाई पनि घाइते बनाउने गर्छन ।<br>भुस्याहा कुकुरहरु पनि डम्पिङ्गसाईडमा खानाको लागि जान्छन् र तिनीहरुले पनि बाखाका पाठा, हाँस कुखुराहरु मारेर खाने र मानिसलाई पनि टोक्ने गरेकोले जनावरहरुको प्रकोप धेरै सम्वेदनशील छ । हुकिङ्ग गरेर विद्युतको प्रयोग गर्दा जोखिम बढेको छ । घरको प्रकृति अनुसार हावाहुरी र आगलागीको प्रकोप पनि रहेकोछ । यो वस्ती विकास निर्माणमा धेरै पछि परेको छ।<br>हालका दिनमा दमकल पुग्ने बाटो भने निर्माण भएको छ। |
| रामपुर टोल (नहर पश्चिम र धुदुवा खोला पूर्व) (नहर पश्चिम, | करिव १,००० घर | बाढी, कटान र डुवान<br>जनावर आतंक<br>सडक दुर्घटना | शीतलहर<br>चट्याङ<br>विद्युत दुर्घटना<br>हावाहुरी<br>आगलागी | असिनापानी<br>प्रदुषण<br>सर्पदंश | | १०० घर<br>मुस्लिम, मुसहर, दलित, सतार, आदि | क्षेत्री, बाहुन, नेवार, राई, लिम्बु, तामाङ, कामत, | अधिकाँस ईटा, टाली र टिनका घरहरु बढी र कर्ची र बाँसका घरहरु केही कम छन् । ज्याला मजदुरी, जनबनी, पनि गर्दछन् । पशुपालन, खेतीमा ज्यालादारी, केही मानिस जागिरे पनि छन् । महिलाहरु घरेलु कामदारको रुपमा काम गदृछन् ।<br>गहिरो ठाउँ, नाली व्यवस्थित नहुनु, पानीको राम्रो निकास छैन । नहरको पानी पनि पस्नु, केशलीया खोलामा तटबन्ध नहुनु जस्ता कारणले बाढी कटान र डुवान हुनु, खोला मिचिनु वा अतिक्रमण हुनु, गहिरा भूभाग |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| ब्रह्मपुरा र धुदुवा पश्चिमको क्षेत्र) | | | | | | | सहनी, यादव, मण्डल, पासवान | जस्ता कारणले गर्दा डुवानको ठूलो समस्या छ । भुस्याहा कुकुरहरु पनि डम्पिङ्गसाईडमा खानाको लागि जान्छन् र तिनीहरुले पनि बाखाका पाठा, हाँस कुखुराहरु मारेर खाने र मानिसलाई पनि टोक्ने गरेकोले जनावरहरुको प्रकोप धेरै सम्वेदनशील छ । |
| वि.एफ.एम टोल (नहर सम्म) | करिव १४०० घर | प्रदूषण सडक दुर्घटना जनावर आतङ्क भूकम्प | हावाहुरी आगलागी विद्युत दुर्घटना | चट्याङ | वि.पी. टोलमा ४० घर र उदय टोलमा १०० घर | | ८०% क्षेत्री बाहुन, २०% मधेशी पासवान, यादव आदि | बजारक्षेत्र, पक्की घरहरु, सम्पन्न मानिसहरु, अधिकाँस जागिरे र व्यापारीहरु । १० प्रतिशत घरहरुमा पिलर छैन । थारै मात्र टिन र टालीका घर । सचेत वर्ग । बढी कर्मचारी, शिक्षक, बैदेशिक रोजगारी । २ देखि ५ तले घरहरु छन् । डुवान, प्रदूषण अरु ठाउँमा भन्दा कम छ । पुरानो खानेपानीको पाईप लिकेज छ । केहीले वि.एफ.एम.को पानी सोझै फिल्टर नगरी धारामा पठाइन्छ । पोल र तार व्यवस्थित नभएकोले आगलागीको खतरा छ । डुम टोलका सुँगुरहरु र भुस्याहा कुकुरहरुको त्रासदी छ । फोहोर व्यवस्थापन राम्रो हुन अझै सकेको छैन । नालीमा पानी जम्नाले प्रदूषण छ । |
| सरोचिया | करिव २,००० घर | प्रदूषण सडक दुर्घटना जनावर आतङ्क भूकम्प | हावाहुरी आगलागी विद्युत दुर्घटना | चट्याङ | १०० परिवार चन्दु धाडेवाल को जग्गामा | | तल्लो क्षेत्रमा मुस्लिम, कामत, सहनी आदि र माथिल्लो क्षेत्रमा पहाडी र मारवाडी | बजारक्षेत्र, ८०% पक्की घरहरु, १५% टिन र टालीका र ५% भाटा र माटोका घरहरु। कवाडी, घरेलु तथा मझौला उद्योगहरु प्रसस्त छन् । करिव १०० मुस्लिम परिवार चन्दु धाडेवालको जग्गामा बसेका छन् ।<br>सम्पन्न मानिसहरु, अधिकाँस जागिरे र व्यापारीहरु । १० प्रतिशत घरहरुमा पिलर छैन । थारै मात्र टिन र टालीका घर । सचेत वर्ग । बढी कर्मचारी, शिक्षक, बैदेशिक रोजगारी । २ देखि ५ तले घरहरु छन् । डुवान, प्रदूषण अरु ठाउँमा भन्दा कम छ । पुरानो खानेपानीको पाईप लिकेज छ । केहीले वि.एफ.एम.को पानी सोझै फिल्टर नगरी धारामा पठाइन्छ । पोल र तार व्यवस्थित नभएकोले आगलागीको खतरा छ । वडा नं. ११ को करिव १२५ घर भएको डुम टोलका सुँगुरहरु छाडा छोड्ने गर्दा शहर बजार र गाउँवस्तीमा फैलिन्छन् । भुस्याहा कुकुरहरुको त्रासदी छ । यसले प्रदुषणका साथै सडक दुर्घटना गराउने गरका छन् । सडकमा गाईवस्तु र बाखाहरु पनि छाडा भेटिन्छन् । कतिपयले घरपालुवा कुकुरलाई सडक डिलमा विस्ट्याउन लैजान्छन् । फोहोर व्यवस्थापन राम्रो हुन अझै सकेको छैन । नालीमा पानी जम्नाले प्रदूषण छ । सडकमा टाँसिएका घरहरु छन् । ढोकाबाट बाहिर निस्कँदा सडकमा टेकिन्छ । बालबालिकाहरु दुर्घटनाको शिकार बन्छन् । धुले सडक, नालाको राम्रो निकास नहुनु, उद्योगहरु |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | व्यवस्थित हुन नसक्नु, मासु काटेको फोहोर राम्ररी व्यवस्थापन नहुनुले प्रदुषण बढाएको देखिन्छ । अग्ला घरहरुमा आगलागी भईहालेमा दमकलको क्षमता ३ तला मात्र रहेकोले निभाउन समस्या हुन्छ । हाल ठूलो नाली बन्ने क्रममा रहेको छ । |

## वडा नं. ७

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| सन्सारी क्षेत्र | करिव ६०० घर | बाढी, कटान र डुवान<br>प्रदुषण<br>आगलागी | हावाहुरी<br>शीतलहर<br>विद्युत दुर्घटना | असिना<br>जनावर आतङ्क<br>चट्याङ्ग | करिव ५२ घर | ५० घर | क्षेत्री, बाहुन, राई, चौधरी, गुरुङ्ग, मुस्लिम, पासवान, शाह, कामत आदि | सिंघिया खोला अव्यवस्थित छ । बाढीको समयमा तिब्र कटान हुन्छ । तटबन्ध छैन । **हरियाली टोल** (सुकुम्बासी वस्ती) खोलाको किनारमा छ । त्यहाँ ३ वटा मात्र पक्की घर छन् । अरु कच्ची भएकोले डुवान र कटानको प्रकोप बढी छ । सुकुम्बासी वस्तीमा खानेपानी छैन । अन्यत्र पनि ५० वर्ष पुरानो जि.आई.पाईप खिया लागेको र पाईपमा प्वाल समेत परेकोले ढल र फोहोर समेत मिसिने भएकोले पानी खान योग्य छैन । विद्युतका पोलहरु काठ र फलामका छन् जो भाँचिने अवस्थामा छन् । खोलाको किनारको क्षेत्र भएकोले सर्प र मच्छरको आतङ्क बढी नै छ । गहेली, धर्मभक्त, हाटखोला, बद्धमिलन, मोतिराम क्षेत्रमा गाडिको अधिक चापका कारण अत्यधिक प्रदूषण र सडक दूर्घटनाको प्रकोप छ ।<br>संसारी क्षेत्रको दक्षिणी वेल्टमा ठूलो क्षेत्रमा रहेका ठूला ठूला उद्योगहरुबाट निस्कने धुवाँ, दुर्गन्ध लगायतको प्रदूषणले नागरिकहरुलाई प्रत्यक्ष असर छ । यस क्षेत्रका अधिकाँस मानिसहरु ज्याला मजदुरीमा काम गर्छन् । महिलाहरु घरेलु कामदार छन् । करिव ३० जना बैदेशिक रोजगारीमा छन् । |
| अस्पताल क्षेत्र | करिव २५० घर | प्रदूषण<br>सडक दुर्घटना<br>हावाहुरी | भूकम्प<br>डुवान<br>आगलागी<br>विद्युत दुर्घटना | शीतलहर<br>चट्याङ्ग<br>सर्पदंश | | | मारवाडी, क्षेत्री, बाहुन, नेवार, राई, | कोशी अञ्चल अस्पताल, नीजि अस्पताल तथा क्लिनिकहरु, सरकारी कार्यालयहरु, टेलीकम आदि रहेको क्षेत्र हो । अधिकाँस पक्की घरहरु । थारैमात्र टिनको छाना भएका । पेशामा नोकरी, व्यापार, वैदेशिक रोजगारी । राम्रो र मध्यम आर्थिक अवस्था । घरहरु ५ तलेसम्म ।<br>अस्पताल र होटलहरुबाट निस्कने फोहोरका कारण अधिक प्रदूषण छ । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गुरुङ्ग मधेसी, दलित आदि | यसको राम्रो व्यवस्थापन हुन सकेको छैन । नालीहरु निर्माणाधिन अवस्थामा छन् । उच्च सवारी चाप, धुलो, ध्वनी प्रदूषण र वर्षादमा व्यापक हिलोका कारण जनजीवन कष्टकर छ । बाटोको साईडमा, फुटपाथमा ठेला र गुम्तीहरु राखेर व्यापार गर्नेहरुका कारण शहरको सौन्दर्यमा आघात परेको छ भने पदयात्रीहरुका लागि समस्या छ । सडकबाटै मानिसहरु हिंड्नुपर्दा दुर्घटनाहरु अधिक नै हुने गरेका छन् ।<br>खानेपानीमा पनि शुद्धता नभएकोले समय समयमा महामारी हुने गरेको छ । छाडा पशुचौपाया (गाई गोरु), कटहरी देखिका वस्तुभाउहरु आउँछन् । भुस्याहा कुकुरको आतंक अधिक छ । नाली फोहोर छ र क्लियर छैन । |
| मेनरोड क्षेत्र | करिव ३०० घर | प्रदूषण<br>सडक दुर्घटना<br>जनावर आतङ्क | भूकम्प<br>आगलागी<br>हावाहुरी<br>डुवान<br>विद्युत दुर्घटना | शीतलहर<br>चट्याङ्ग<br>सर्पदंश | | | क्षेत्री, बाहुन, मारवाडी, नेवार, मधेशी | अधिकाँस पक्की घरहरु । थारैमात्र टिनको छाना भएका । पेशामा नोकरी, व्यापार । सामान्यतया घरहरु ६ तला सम्मका बजारको मुख्यक्षेत्र भएकोले घरहरुको चाप, सवारी साधनको अधिक चाप, घरबाट निस्कने फोहोर र पानीले नाली प्रदुषित ।<br>खानेपानीको ५० वर्ष पुरानो जि.आई.पाईप खिया लागेको र पाईपमा प्वाल समेत परेकोले ढल र फोहोर समेत मिसिने भएकोले पानी खान योग्य छैन र सरसफाईका लागि पनि योग्य छैन । अव्यवस्थित पार्किङ्गले शहरको सौन्दर्यतामा खलल पुऱ्याएको छ र वातावरणीय प्रदूषण बढेको छ ।<br>दमकलको क्षमता ३ तलामात्र भएकोले अग्लो घरमा आगलागी हुँदा नियन्त्रण गर्न असम्भव हुनसक्छ । |
| शनिमन्दिर क्षेत्र | करिव २५० घरधुरी | सडक दुर्घटना<br>जनावर आतङ्क,<br>प्रदूषण | भूकम्प<br>आगलागी<br>डुवान<br>विद्युत दुर्घटना | शीतलहर<br>चट्याङ्ग<br>हावाहुरी | १० घर जति | | क्षेत्री, बाहुन, मारवाडी, नेवार, मधेशी | हाइवे क्षेत्र भएकोले र करिव २० घण्टा सवारी साधन चल्ने हुँदा सडक दुर्घटना प्रमुख प्रकोपको रुपमा रहेको छ । व्यवस्थित पार्किङ्ग छैन । सडकमा नै पार्किङ्ग गरेका सवारी साधनमा ठोक्किएर पनि दुर्घटना हुने गरेको छ । सडक निर्माण भै नसकेकोले डुवानको समस्या पनि धेरै छ भने निर्माणाधिन सडकको धुलो, गाडिहरुको धुवाँका कारण वायु प्रदूषण र ध्वनी प्रदूषण अधिक नै छ । घरहरु अगाडि वा बजार क्षेत्रमा फोहोर राख्ने डस्टविनहरु नभएकोले फोहोर सडकमा नै फाल्ने गरेकोले र फोहोर समयमा नउठाउँनाले प्रदूषण धेरै छ । छाडा घरपालुवा जनावर र भुस्याहा कुकुरको आतंक अधिक छ । |

## वडा नं. ८

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| बालगोपाल टोल (रंगेली रोड दक्षिण कार्टुन उद्योग सम्म र हरिहर चोक पूर्व) | करिव २०० घर | बाढी, कटान र डुवान हावाहुरी आगलागी | सर्पदंश शीतलहर विद्युत दुर्घटना | असिना महामारी चट्याङ्ग | करिव ५० घर | | क्षेत्री, बाहुन, मुस्लिम, डुम, यादव, शाह आदि | सिंघिया खोला अव्यवस्थित छ । बाढीको समयमा तिब्र कटान हुन्छ । तटबन्ध छैन । ऐलानी जग्गामा मुस्लिम, पासवान, डुम, राय, ऋषिदेवहरु वस्छन् । टाटी र टिनका घरहरु र केही ईटाका पनि छन् ।<br>सब्जी, चटपटे व्यापार, लेवर, मिस्त्री, उद्योगमा रोजगारी, महिलाहरु घरेलु कामदार, डुमहरु महानगरपालिकामा सरसफाई गर्ने । विपन्न ।<br>सिंघिया खोलामा बाढी आउँदा पुलदेखि दक्षिणमा देवकोटा चोकबाट लगेको ड्रेनबाट नै पानी फर्किन्छ र डुवान गर्छ ।<br>ठूलो बाढी आएमा ओभर फ्लो हुन्छ र तीनपैनी देखि नै आउँछ बाढी । बालगोपाल टोलको टर्निङ्गमा कटान हुने गरेको छ । पुलको उत्तर पारी पट्टी कटहरीतर्फ रिटेनिङ्गवाल भत्किएकोले पुल जोखिममा छ । हाल बोरा हालेर अड्याईएको छ । डुमहरुले सुँगुर पनि पालेका छन् । यसले प्रदुषण बढेको छ । |
| पशु बधशाला क्षेत्र | करिव १२५ घर | बाढी, कटान र डुवान हावाहुरी आगलागी | सर्पदंश शीतलहर विद्युत दुर्घटना | असिना महामारी चट्याङ्ग | करिव ५० घर | २५ घर | मुस्लिम, दुसाध, डुम, पासवान, मण्डल, मुखिया | बाँसको टाटी, टिन र परालको छाना भएका झुप्रा घर । थोरै मात्र ईटाको दिवाल । सब्जी, चटपटे व्यापार, लेवर, मिस्त्री, उद्योगमा रोजगारी, महिलाहरु घरेलु कामदार, डुमहरु महानगरपालिकामा सरसफाई गर्ने । विपन्न ।<br>सिंघियाको घुमाउरो गरेर गएको बृद्धाश्रम भएको ठाउँमा कटान हुन्छ । नालीको व्यवस्था नभएकोले डुवानको समस्या छ । फोहोरमैला व्यापक छ । सुँगुरहरुको खुल्ला चरण भएकोले पनि सफाई र सुरक्षामा चुनौति देखिन्छ । |
| बिराटेश्वर बृद्धाश्रम क्षेत्र | करिव २५० घर | बाढी, कटान र डुवान हावाहुरी आगलागी | सर्पदंश शीतलहर विद्युत दुर्घटना | असिना महामारी चट्याङ्ग | करिव ५० घर | २५ घर | ९० प्रतिशत मुस्लिम, शर्मा, ऋषिदेव, राजवंशी, पासवान, मुखिया | बाँसको टाटी, टिन र परालको छाना भएका झुप्रा घर । थोरै मात्र ईटाको दिवाल ।<br>सब्जी, चटपटे व्यापार, लेवर, मिस्त्री, उद्योगमा रोजगारी, महिलाहरु घरेलु कामदार, डुमहरु महानगरपालिकामा सरसफाई गर्ने । विपन्न ।<br>सिंघियाको घुमाउरो गरेर गएको बृद्धाश्रम भएको ठाउँमा कटान हुन्छ । नालीको व्यवस्था नभएकोले डुवानको समस्या छ । फोहोरमैला व्यापक छ । सुँगुरहरुको खुल्ला चरण भएकोले पनि सफाई र सुरक्षामा चुनौति देखिन्छ । |
| स्वागतम टोल, | करिव ५०० | बाढी कटान हावाहुरी | आगलागी सर्पदंश | असिना चट्याङ्ग | | | राय, मुखिया, | स्वागतम टोल खोला छेउमा छ । बाढी कटान र डुवानको समस्या यो टोलमा छ । रेलको लिग अग्लो छ र पानीको निकास सानो कल्भर्ट मात्र छ । माथिल्लो |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| बलुवाही र विश्वकर्मा चोक (दक्षिणी क्षेत्र) | घर | शीतलहर | प्रदूषण | भूकम्प | | | शर्मा, ऋषिदेव, पासवान, राजवंशी | क्षेत्रबाट आएको पानीको निकास राम्रो नहुँदा पुरै डुवान हुन्छ । एउटा ड्रेन बोर्डरमा छ । यसले माथिल्लो सबै क्षेत्रदेखि आएको पानी पास गर्न सक्दैन । पूर्वाधारहरुको पनि कमी छ । |
| मधुमारा (रंगेली रोड दक्षिण, धरमबाँध पूर्व, गिता मार्ग पश्चिम र समता चोक हुँदै धरमबाँध रोड उत्तर) | करिव २००० घरधुरी | भूकम्प<br>सडक दुर्घटना<br>जनावर आतङ्क,<br>डुवान | प्रदूषण<br>हावाहुरी<br>विद्युत दुर्घटना | शीतलहर<br>चट्याङ्ग<br>आगलागी<br>असिना | | | क्षेत्री, बाहुन, मारवाडी, नेवार, मधेशी मिश्रित | सम्पन्न मानिसहरुको वसोबास रहेको शहरी क्षेत्र हो । ६ तल्ला सम्मका घरहरु । पिलर नभएको ३० प्रतिशत, ईटा र टिनका १० प्रतिशत घरहरु । जागिरे, व्यापारी, उद्यमी, प्रायः हरेक परिवारका सदस्यहरु युरोप, अमेरिका, अस्ट्रेलियामा बस्ने छन् ।<br>यद्यपी, जयनेपाल पूर्वको पोखरीमा पानी भरिएर गीतामार्ग टोल लगायत धेरै ठाउँमा डुवान हुन्छ ।<br>दमकलको क्षमता ३ तलासम्म मात्र भएको र यो टोलमा ६ तलासम्मका घरहरु भएकोले आगलागी हुँदा समस्या हुनसक्छ । |

## वडा नं. ९

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| रोडशेष क्षेत्र | करिव ६०० घर | सडक दुर्घटना<br>प्रदुषण<br>आगलागी | हावाहुरी<br>शीतलहर<br>विद्युत दुर्घटना | असिना<br>जनावर आतङ्क<br>चट्याङ्ग | करिव ५२ घर | ५० घर | मारवाडी, मधेशी, दलित, मुस्लिम, पहाडी | बाटोमा डिभाइडर नभएको, ट्राफिक नियमको पालना नहुने, सवारी साधनको गति उच्च, साना र ठूला गाडिहरु गुड्ने, अस्पताल र होटलहरु प्रशस्त भएकोले गाडीको चाप अधिक हुनाले यस क्षेत्रको प्रमुख प्रकोपको रुपमा सडक दुर्घटना रहेको छ ।<br>अस्पताल र होटलबाट उत्सर्जन हुने फोहोरको व्यवस्थापन नहुनु, समयमा फोहोर नउठाउनु, वेष्ट मेनेजमेण्टको काम चित्तबुझ्दो नहुनु, घरबाट उत्सर्जित फोहोर बाटोमा फाल्नु, साना ठूला उद्योग धन्दा हुनु र गाडीका ग्यारेज पनि हुनाले धुवाँ, धुलो लगायत पानी र जमिन प्रदूषण अर्को प्रकोपको रुपमा रहेको छ । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | करिव ४० वर्ष पुरानो पानीको पाईपहरु खिया लागेका छन्, छिद्र परेका छन् । नालीको पानी मिसिन आउने गरेकोले पनि खानेपानी प्रदूषित छ ।<br>साना टिनका घरदेखि ७ तलाका घरहरु सम्म पनि छन् । अग्ला घरहरुमा दमकलको क्षमताले नभ्याउने अवस्था छ भने आगो निभाउन वाटर पोईण्ट पनि छैन ।<br>भुस्याहा कुकुरको विगविगी पनि यो टोलमा छ । |
| गुद्री क्षेत्र | करिव १३०० घर | प्रदूषण<br>सडक दुर्घटना<br>महामारी | भूकम्प<br>आगलागी<br>विद्युत दुर्घटना | शीतलहर<br>चट्याङ्ग | २२ घर | | मारवाडी, क्षेत्री, बाहुन, नेवार, मुलिम, मधेसी आदि | यो क्षेत्र मुख्य बजार क्षेत्र भएकोले व्यापार, व्यवसाय र साना उद्योगधन्दा समेत भएको र अत्यधिक बाक्लो वस्ती भएकोले धुलो, धुवाँ, नालीमा फोहो पानी जम्ने, सडक विस्तारका क्रममा रहेकोले धुलो, हिलो हुने, पसलबाट उत्पादित प्लास्टिक तथा फोहोरहरु बाटोमा नै हुने हुँदा अत्यधिक प्रदूषण छ । वेस्ट मेनेजमेण्टको काम पनि सुस्त देखिन्छ । पुरानो र अव्यवस्थित विद्युतीकरणका कारण विद्युत दुर्घटना हुने गरेको छ ।<br>सब्जी बजारमा कुहिएका साग सब्जीहरु यत्रतत्र फालिने, कुहिने गर्दा, पशु बधशाला व्यवस्थित नहुँदा, दुर्गन्ध बढेको छ ।<br>छाडारुपमा रहेका गाईवस्तुहरु र २ वटा मसहुर साँढेहरु तरकारीका अवशेषहरु खान आउने गर्दा मानिस र खासगरी बालबालिकाहरुलाई हान्ने गरेको पनि छ । भुस्याहा कुकुरको विगबिगी पनि त्यत्तिकै छ ।<br>११ बजेसम्म चल्ने रक्सी भट्टीहरुको कारण उत्पन्न हुने हो हल्लाले रात्रीको वातावरणलाई असहज बनाएको छ । रात्रीको समयमा अग्ला घरहरुबाट फोहोर र फोहोर पानी फाल्ने गरेको पाईन्छ ।<br>करिव ४० वर्ष पुरानो पानीको पाईपहरु खिया लागेका छन्, छिद्र परेका छन् । नालीको पानी मिसिन आउने गरेकोले पनि खानेपानी प्रदूषित छ । बोतलको पानी पिउन बाध्यता बनेको छ ।<br>यो टोलमा २२ घर नारायण प्रसाद कोईरालाको जग्गामा बस्ने गरेका छन् । |
| प्रदेश सभा क्षेत्र | करिव ४०० घर | प्रदूषण<br>सडक दुर्घटना<br>महामारी | भूकम्प<br>आगलागी<br>विद्युत दुर्घटना | शीतलहर<br>चट्याङ्ग | | | मारवाडी, क्षेत्री, बाहुन, नेवार, | बाटो घाटो बनिरहेकोले धुवाँ धुलो, हिलो, खाल्डा खुल्डी भएको अवस्था देखिन्छ । नालीहरु व्यवस्थित छैनन् । फोहोर नालीमा फाल्ने गरेको पाईन्छ ।<br>डिजेको आवाज, गाडीको हर्न, मन्दिर, मस्जिदबाट आउने माईकको आवाज र मानिसको भिडभाडका कारण ध्वनी प्रदूषण अधिक छ । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मुलिम, मधेसी आदि | यसका साथै भुस्याहा कुकुरको आतंक, छाडा पशुचौपायहरुको कारण जनजीवन त्रसित बनेको छ ।<br>सम्पन्न मानिसहरुको बसोबास रहेको भएतापनि सरसफाईमा खासै ध्यान दिएको पाईदैन । |

## वडा नं. १०

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| बगैंचा टोल<br>(विसरा मार्ग क्षेत्र) न्यूरो अस्पताल दक्षिण | करिव ५५ घर | हावाहुरी<br>जनावर आतङ्क<br>शीतलहर | भूकम्प<br>आगलागी<br>सडक दुर्घटना | चट्याङ<br>विद्युत दुर्घटना | | | मण्डल, सिंह, मुस्लिम | टाटी र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । केही पक्की ५ तले घरसम्म छन् । केही मानिसहरु सम्पन्न छन् तर अधिकाँस मानिसहरु ज्याला मजदुरी, सिटी रिक्सावाला, जागिरे पनि केही । बढी जनघनत्व भएको । सरसफाई अलि कमजोर ।<br>भुस्याहा कुकुरको ठूलो समस्या । बाटोमा हिंड्न पनि समस्या हुने । |
| शान्तिचोक उत्तरी टोल<br>(धरमबाँध रोड पश्चिम सिद्धार्थ मार्ग पूर्व) | करिव ६० घर | जनावर आतङ्क<br>भूकम्प<br>चट्याङ्ग | शीतलहर<br>हावाहुरी<br>आगलागी | सडक दुर्घटना<br>विद्युत दुर्घटना<br>असिनापानी | | | क्षेत्री, बाहुन, नेवार, लगायत पहाडी र राय, शाह | टाटी र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । १०% पिलर नभएका घर पनि छन् । जागिर, व्यापार गर्नेहरु र उद्योगहरुमा ज्याला मजदुरी गर्नेहरु छन् । भुस्याहा कुकुरको ठूलो समस्या छ । |
| धानुक वस्ती | करिव १५० घर | डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>भूकम्प<br>चट्याङ्ग | सडक दुर्घटना<br>विद्युत दुर्घटना<br>सर्पदंश | ७५ घर | | अधिकाँस धानुक, १८ घर मुस्लिम २ घर कायस्थ | पुरानो हवाईफिल्डको १८ कट्ठा जग्गामा बसेका छन् । ५०% सुकुम्बासी र अरुको अन्यत्र थोरै भएपनि जग्गा छ । टाटी र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । केही ६ इन्चको दिवालका टिनका घरहरु । महिलाहरु अरुको घरमा घरेलु कामदारको रुपमा र पुरुषहरु उद्योगमा ज्याला मजदुरी, राजमिस्त्री, लेवरको काम गर्छन । गाउँको बीचमा पहिलेको ७५ फिटको घोघा पैनी अहिले २ फिट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जति छ (मासिदै गयो) । होचो भूभाग । माथिबाट आएको पानी नेसनल ट्रेडिङ्गमा दिवाल लगाएर सानोमात्र निकास भएकोले वस्ती डुवान हुन्छ । |
| मिनी जतुवा<br>(वडाको दक्षिण पूर्वि क्षेत्र) | ७५ | डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>भूकम्प<br>चट्याङ्ग | सडक दुर्घटना<br>विद्युत दुर्घटना<br>सर्पदंश | | | कर्ण, शाह, चौधरी, पासवान | वडा नं. १४ को नजिकमा रहेको । टाटी र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । केही ढलान घरहरु पनि छन् । पशुपालन, खेती, जागिर, मिस्त्री, लेवरहरु छन् । महानगरपालिकाको माथिल्लो भागबाट बगेर गएको पानी नेशनल ट्रेडिङ्ग-जतुवा मार्गले छेक्छ र डुवान हुन्छ । निकास नभएकोले बाटोमाथिबाट नै पानी बग्छ । |
| तीनटोलिया | करिब १,६०० घर | सडक दुर्घटना<br>भूकम्प<br>जनावर आतङ्ग | आगलागी<br>विद्युत दुर्घटना<br>चट्याङ | हावाहुरी<br>शीतलहर | | | क्षेत्री, बाहुन, कायस्थ, कर्ण, मारबाडी लगायत मिश्रित जाती | बजारक्षेत्र, पक्की घरहरु, पढेलेखेका र सम्पन्न मानिसहरु, अधिकाँस जागिरे, बैंकर्स र व्यापारीहरु । यो VIP हरु बसेको क्षेत्रको रुपमा चिनिन्छ । १० प्रतिशत घरहरुमा पिलर छैन । यहाँ मन्त्रालय र कार्यालयहरु धेरै छन् र केही उद्योगहरु छन् । ९०% सडक पीच भएको छ । धेरै जसो २ तले र केही ६ तलासम्म पनि छन् । केही घरहरु पिलर नभएको पनि छन् जुन भूकम्पको जोखिममा छन् । मर्निङ्ग र ईविनिङ्ग वाकमा भुस्याहा कुकुरले आतङ्कित बनाएको छ । रातभरी भुकेर सुत्न दिदैनन् । सडक फराकिलो बनेसंगै तिब्र गतिका कारण हरेक दिनजसो सडक दूर्घटना हुने गरेको छ । |

## वडा नं. ११

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| धुदुवा पश्चिम टोल | करिव ७० घर | बाढी<br>सर्पदंश<br>आगलागी | शीतलहर<br>हावाहुरी<br>असिनापानी | सडक दुर्घटना<br>चट्याङ<br>विद्युत दुर्घटना | करिव १० घर | १० घर | कामत, सहनी, यादव, शाह, राई आदि | टाटी र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु ।<br>केशलिया खोला वडा नं. ६ को भागबाट पस्छ किनभने त्यहाँ माटो बेच्ने गर्दा गहिरो भएकोछ । केसलिया र धुदुवा खोलाको बाढीले पुरै वस्ती र खेतीबाली पनि हरेक वर्षजसो डुवाउँछ ।<br>अरुको जग्गामा बसोबास गरिरहेका २० घरजति छन् ।<br>मुख्य पेसा खेतीपाती, कृषि मजदुर, उद्योग व्यवसायमा मजदुरी गर्ने ।<br>पश्चिमतर्फ व्यापक उखुखेती छ ।<br>थोरै मात्र मानिसहरु सम्पन्न र अधिकाँस विपन्न र मध्यम वर्गका । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | उच्च शिक्षा लिएका कमै छन् ।<br>दमकल पुग्ने बाटो निर्माण भएको छ । |
| पिचरा टोल (नहर पश्चिम र धुदुवा खोला पूर्व) | करिव १२०० घर | भूकम्प<br>डुवान<br>प्रदूषण | सडक दुर्घटना<br>हावाहुरी<br>आगलागी | चट्याङ<br>विद्युत दुर्घटना<br>असिनापानी | | नहरमा ५, धुदुवा पूर्व ८, चमार टोल १ | क्षेत्री, बाहुन, नेवार, जनजाति कामत, सहनी, यादव, मण्डल, दलित | एयरपोर्ट नजिकबाट केशलिया खोला फुटेर आउँछ र डुवाउँछ ।<br>नहरमा आएको पानी पसेर पनि डुवाउँछ । गहिरो भएकोले पानी जम्छ जसको निकास छैन । जमेको पानीमा भएका किराहरु भान्सा सम्मपनि पुग्छन् । पुराना घरहरु गहिरोमा र नालीहरु पनि गहिरोमा छन् तर अहिले बनेका घर र नालीहरु अग्लोमा भएकोले पुराना नालीको निकास छैन । पुराना पिलर नभएका घरहरु २५ प्रतिशत, पिलर भएका घरहरु २५ प्रतिशत र टाटी, माटो र गिलेवाका घरहरु ५० प्रतिशत भएकोले भूकम्पको जोखिममा छन् । १० प्रतिशत मानिसको आर्थिक अवस्था न्यून रहेको छ । |
| डुम टोल | १२० | प्रदूषण<br>डुवान<br>हावाहुरी | शीतलहर<br>सर्पदंश<br>आगलागी | सडक दुर्घटना<br>चट्याङ<br>विद्युत दुर्घटना | ११२ घर | | डुम जाति | राम्रो व्यवस्थापन नगरी खुल्लारुपमा सुँगुर पाल्छन् । धेरै फोहोरमैला छ । सौचालय पनि राम्रो छैन । सबै मानिसहरु ऐलानीमा बसेका छनु । अधिकाँसले कार्यालय, सडक, अस्पतालको सरसफाई गर्नेछन् तर आफ्नै घरवस्ती फोहोर छ । टाटी र माटोका घर टिनको छाना । शिक्षामा कमजोर । १/२ जनाले मात्र SEE पास गरेका छन् । सबै नै गरिव छन् । आकासबाट परेका पानीले नै डुब्ने यो टोलमा पानीको पोखरी छ र पोखरी भरिएपछि पानी घरसमम आउँछ ।<br>बालविवाह बढी नै छ । |
| जनपथ टोल (केशलिया रोड समेत) | करिव १,००० घर | डुवान<br>सडक दुर्घटना<br>भूकम्प | आगलागी<br>विद्युत दुर्घटना<br>प्रदूषण | चट्याङ<br>हावाहुरी | | | मिश्रीत जाति (पहाडी/ मधेसी) | बजारक्षेत्र, पक्की घरहरु, सम्पन्न मानिसहरु, अधिकाँस जागिरे र व्यापारीहरु । १० प्रतिशत घरहरुमा पिलर छैन । अलि गहिरो भूभाग भएकोले बर्षादको पानी, माथिल्लो भागबाट आएको पानी र नहरबाट आएको पानीले डुवान हुन्छ । पानीको निकास छैन । सबै तिर दमकल पुग्नसक्ने बाटो छैन । २ देखि ५ तले घरहरु छन् । नालीमा पानी जम्नाले प्रदूषण छ । कोशी हाइवे सम्म भएकोले सडक दूर्घटनाको जोखिम पनि छ । |

## वडा नं. १२

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| मलहनुवा | करिव १२५ घर | बाढी<br>डुवान<br>हावाहरी<br>आगलागी | शीतलहर<br>जनावर आतङ्क<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>चट्याङ<br>भूकम्प | करिव ४५ घर | ३५ घर | ऋषिदेव, कामत, राजवंशी, यादव | ऋषिदेवहरु ऐलानी वस्तीमा, बाटोको छेउमा र जमिन्दारको जग्गामा बसेका छन् । टाटी, बाँसको कर्चीं, उखुको पात र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु ।<br>पेशा : जनवनी, राजमिस्त्रि, सिकर्मीको काम गर्छन, महिलाहरु कृषि मजदुरी, आर्थिक अवस्था अत्यन्त कमजोर ।<br>केशलिया खोला वडा नं. ६ को भागबाट पस्छ र एयरपोर्ट भन्दा दक्षिणबाट पनि पस्छ किनभने त्यहाँ माटो बेच्ने गर्दा गहिरो भएकोछ । केसलिया खोलाको बाढीले पुरै वस्ती र खेतीबाली पनि हरेक वर्षजसो डुवाउँछ । घरहरु भत्काउँछ । हुकिङ्ग गरिएकोले विद्युतीय दुर्घटना हुने सम्भावना धेरै छ ।<br>थोरै मात्र मानिसहरु सम्पन्न र अधिकाँस विपन्न र मध्यम वर्गका ।<br>उच्च शिक्षा लिएका कमै छन् । दमकल पुग्ने बाटो निर्माण भएको छ । भुस्याहा कुकुरले मानिस, बाखाका पाठा, हाँस कुखुराहरु खाईदिने गरेकोले नयाँ प्रकृतिको समस्या जन्मिएको छ । |
| गडाहा<br><br>धुधुवा टोल | १००<br><br>५० घर | बाढी<br>डुवान<br>हावाहरी<br>आगलागी | शीतलहर<br>जनावर आतङ्क<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>चट्याङ<br>भूकम्प | १६ परिवार<br>४ परिवार | ३ घर | सहनी, लोहार, कामत र केही पहाडी | टाटी, बाँसको कर्चीं, उखुको पात र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । पेशा : जनवनी, राजमिस्त्रि, सिकर्मीको काम गर्छन, महिलाहरु अरुको घरमा घरेलु कामदार, कृषि मजदुरी, आर्थिक अवस्था अत्यन्त कमजोर । केशलिया र धुधुवाका बीचको वस्ती । एयरपोर्ट नजिकबाट केशलिया खोला फुटेर आउँछ, धुधुवामा मिसिन्छ र डुवाउँछ । बाढीको समयमा टापुजस्तो देखिन्छ ।<br>गहिरो भएकोले पानी जम्छ जसको निकास छैन । वरिपरि खेती छ । भुस्याहा कुकुरले मानिस, बाखाका पाठा, हाँस कुखुराहरु खाईदिने गरेकोले नयाँ प्रकृतिको समस्या जन्मिएको छ । |
| शुक्रवारे हाट मोचीटोल<br>सगरमाथा | १००<br><br>१०० | प्रदूषण<br>डुवान<br>हावाहुरी | शीतलहर<br>सर्पदंश<br>आगलागी | सडक दुर्घटना<br>चट्याङ<br>विद्युत दुर्घटना | ९५ घर | | मोची, कामत, सहनी, महतो, | टाटी, बाँसको कर्चीं, उखुको पात र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । छालाको काम, लेवर, जनवनी गर्छन् । शुक्रबारे टोलका महेन्द्र मोरङ्ग कलेजको जग्गामा बस्छन् । कलेजको सरसफाई लगायतका |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| मोचीटोल<br>पटवारी टोल | १०० | | | जनावर आतङ्क | | | यादव | काम गर्छन् । अति घनावस्ती र बिचमा साँघुरो बाटो । यहाँ गहिरो भाग भएकोले पानी जम्छ । सरसफाई कमजोर । कुष्ठरोगीहरु पनि छन् यहाँ । |
| तालिम केन्द्र मोची टोल,<br>दरैया पोखरी महतो टोल,<br>दरैया स्कूल पश्चिम टोल | १५<br>२५<br>२५ | डुवान<br>हावाहुरी<br>महामारी<br>आगलागी | शीतलहर<br>सर्पदंश<br>विद्युत दुर्घटना<br>प्रदूषण | चट्याङ<br>असिना<br>जनावर आतङ्क | ६५ सबै घरहरु सुकुम्बासी | २५ घर | ऋषिदेव<br>यादव<br>राजवंशी | टाटी, बाँसको कर्ची, उखुको पात र माटोको दिवाल, टिनको छाना भएका धेरै घरहरु । छालाको काम, लेवर, जनवनी गर्छन् । महिलाहरु अरुको खेतमा काम गर्छन् । सरसफाईमा कमीको कारण प्रदूषित छ । केशलिया खोलाको पानी पसेर डुवाउँछ । पानीपर्दा घरहरु पनि बगाउने गर्छ । उखुको पातले खाना पकाउने हुँदा आगलागीको पनि भय छ । |
| कोशी प्रोजेक्ट क्षेत्र | ५०० | डुवान<br>हावाहुरी<br>आगलागी<br>जनावर आतङ्क | सडक दुर्घटना<br>शीतलहर<br>भूकम्प | चट्याङ<br>असिना<br>सर्पदंश | | १० घर | राई,लिम्बु,नेवार, बाहुन, क्षेत्री, कामत, यादव, पासवान, | पक्कीघरहरु ६५ प्रतिशत र टिनका घरहरु ३५ प्रतिशत । जागिरे, व्यापारी छन् । एलिया पोखरी, लक्ष्मी नारायण टोल, तेलिया पोखरी, शुक्रबारे टोलहरुमा र अभिवादन टोलमा केही गरिब वस्तीहरु छन् । माथिल्लो भाग देखिको सबै पानी बगेर आउने ठाउँ यतै हो । गहिरो भएकोले यहाँ डुवान हुन्छ । दक्षिण तर्फ अभिवादन टोलमा ईटा भट्टा थियो त्यसैले यो भाग होचो छ । पानीको निकासका लागि २ वटा साईफनले पठाईन्थ्यो तर अहिले २ वटै साईफन टालेको छ । साँघुरो बाटो, तिब्र गति, सडक दुर्घटना धेरै हुन्छ । |
| बखरी टोल | ८०० | बाढी<br>डुवान<br>हावाहुरी<br>जनावर आतङ्क | सडक दुर्घटना<br>आगलागी<br>भूकम्प | चट्याङ<br>असिना<br>सर्पदंश<br>शीतलहर | २५ घर ऋषिदेव | | बाहुन, क्षेत्री, राई, लिम्बु, चौधरी, सहनी, कामत, मण्डल, यादव, राजवंशी, ऋषिदेव .... | बखरी आ.वि.को जग्गामा २५ घर ऋषिदेवहरु । अरु सामान्य अवस्था देखि सम्पन्न पनि छन् । केशलिया खोला वडा नं. ६ बाट पस्छ र यो वस्तीलाई डुवाउँछ । कुकुर आतंक सबैतिर छ । ४ वटा साँढेहरु छन् । मानिसलाई हान्ने, बालीनाली विनास गर्ने गरिरहेका छन् । हावाहुरीको समयमा धेरै समस्या हुने गर्छ । साँघुरो सडक, तिब्र गति, सडक दुर्घटना धेरै हुन्छ । |

## वडा नं. १३

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| थापा निवास टोल | ६० | भूकम्प<br>आगलागी | सडक दुर्घटना<br>चट्याङ<br>विद्युत दुर्घटना | शीतलहर<br>आगलागी<br>असिनापानी | | | मिश्रीत जाति | बजारक्षेत्र, पक्की घरहरु, सम्पन्न मानिसहरु, अधिकाँस जागिरे र व्यापारीहरु । अग्ला घरहरु भएकोले आगलागीमा दमकलले पनि धान्न सक्दैन । |
| कोशी प्रोजेक्ट | ६५ | भूकम्प<br>आगलागी<br>शीतलहर | सडक दुर्घटना<br>चट्याङ<br>विद्युत दुर्घटना | आगलागी<br>असिनापानी | १२ घर | | मिश्रीत जाति | पुस्तौंदेखि कोशी प्रोजेक्टको जग्गा र क्वाटरमा बसोबास । त्यहिंका जागिरेका परिवार । १२ घर डोमजातिको कतैपनि जग्गा छैन । |
| अभिवादन "क" | ६० | डुवान<br>आगलागी<br>भूकम्प | शीतलहर<br>सर्पदंश<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>चट्याङ<br>हावाहुरी | | | मिश्रीत जाति | बजारक्षेत्र, पक्की घरहरु, सम्पन्न मानिसहरु, अधिकाँस जागिरे र व्यापारीहरु । १/२ घरमात्र कच्ची छन् । व्यवस्थित नाला नभएकोले डुवानको जोखिम छ । |
| अभिवादन "ख" | ६५ | डुवान<br>आगलागी<br>भूकम्प | शीतलहर<br>सर्पदंश<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>चट्याङ<br>हावाहुरी | | | मिश्रीत जाति | बजारक्षेत्र, पक्की घरहरु, सम्पन्न मानिसहरु, अधिकाँस जागिरे र व्यापारीहरु । १/२ घरमात्र कच्ची छन् । अलि गहिरो भूभाग भएकोले डुवान हुन्छ । |
| आश्रम टोल | २२० | डुवान<br>हावाहुरी<br>सर्पदंश | आगलागी<br>विद्युत दुर्घटना<br>शीतलहर | सडक दुर्घटना<br>असिनापानी<br>चट्याङ | १ घर | | ९० प्रतिशत मधेसी र बाँकी पहाडी | ९५ प्रतिशत पक्की ढलान घरहरु । नालाको निकास नभएर डुवान हुन्छ । बाटो भत्किएको छ । केही जागिरे छन् । जुटमिल, सलाई उद्योगमा ज्याला मजदुरी र व्यापार गर्ने । |
| शिवमार्ग | १५० | डुवान<br>हावाहुरी<br>आगलागी | शीतलहर<br>विद्युत दुर्घटना<br>सर्पदंश | सडक दुर्घटना<br>महामारी<br>चट्याङ | १ घर | २ घर | मण्डल, महतो, यादव, सिंह, राम, पासवान, सुरी, केही पहाडी | ८०% मानिसहरु मजदुरी गरिखाने छन् (कारखानामा, मिस्त्री तथा लेवर आदि) । २०% घरहरु पक्की बाँकी माटो, भाटा, ईटा र टिनको छानो भएका घरहरु । |
| सैनिक टोल | १०५ | आगलागी<br>हावाहुरी | शीतलहर<br>आगलागी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>असिनापानी<br>सर्पदंश | ५ घर | | बाहुन क्षेत्री, मधेसी, दर्नाल, पासवान | वर्षा र नालाको पानीको निकास छैन । राम्रो नाली छैन । अधिकाँस पक्की घरहरु । लाहुरे, पेन्सनवाला, जागिरे आदि र केही मानिसहरु कारखानामा काम गर्छन । |
| जयकाली | ८० | आगलागी | शीतलहर | सडक दुर्घटना | ५ घर | | महतो, यादव, | मिश्रित वस्ती । पक्की घर ८०% र २०% कच्ची घरहरु । |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| टोल | | हावाहुरी | आगलागी<br>विद्युत दुर्घटना | असिनापानी<br>सर्पदंश | | | सिंह, पहाडी मिश्रीत जानताजि | |
| ॐहरि मार्ग | ८० | डुवान<br>हावाहुरी<br>भूकम्प | शीतलहर<br>आगलागी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | | | महतो, यादव, सिंह, पहाडी मिश्रीत जानताजि | ६०% मानिसहरु मजदुरी गरिखाने छन् (कारखानामा, मिस्त्री तथा लेवर आदि) । ४०% घरहरु पक्की बाँकी माटो, भाटा, ईटा र टिनको छानो भएका घरहरु । टोलको पूर्विभागमा डुवान हुन्छ । |
| महतो टोल | १५० | डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | ६ घर | ५ घर | मधेसी, दलित र केही पहाडी | टिनको छाना भएका कच्ची घरहरु । सामान्य आर्थिक अवस्था । उद्योगमा र कृषिकार्यमा मजदुर । केही जागिरे । वडाको माथिल्लो भागको सबै पानी महतो टोलमा नै पुग्छ र डुव्छ । व्यवस्थित पानी निकासको लागि नाला छैन । |
| अतिथि मार्ग (आँखा अस्पताल लाईन) | ५० | हावाहुरी<br>आगलागी | शीतलहर<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | | | मिश्रित जातजाति | प्रायः सबै पसल गर्ने , गेष्टहाउस तथा लज सञ्चालनमा छन् । |
| बाँसबारी टोल (तालिम केन्द्र पूर्व) | ८० | डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | | | बढी मधेसी, केहि दलित र केही पहाडी समुदाय | बढी पक्की घरहरु छन् । कर्कटपाताको छानो भएका कच्ची घरहरु पनि छन् । धेरैले ज्याला मजदुरी गर्छन् र केही व्यापारी पनि छन् । व्यवस्थित नालाको अभावमा डुवानको समस्या हुने गरेको छ । |
| ॐकार टोल | ३२ | डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | | | मिश्रित बसोबास | सम्पन्न मानिसहरु । पक्की घरहरु । बाटो र नालीको व्यवस्था राम्रो नहुँदा डुवानको समस्या हुने गरेको छ । |
| नयाँवस्ती | ७० | डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | ५ घर | | महतो, सोनार, पासवान, तत्मा आदि जातिहरु । | वडा कै सबेभन्दा बढी डुवान हुने क्षेत्रमा यो पर्दछ । नाली नभएकोले पानी जम्छ । थोरै पक्की घरहरु अरु कच्ची छन् । राजमिस्त्री र लेवर गर्ने धेरै छन् । |

## वडा नं. १४

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| विद्युत टोल | ३०० | बाढी डुवान<br>सडक दुर्घटना<br>भूकम्प | आगलागी<br>चट्याङ<br>जनावर आतङ्क | विद्युत दुर्घटना<br>असिनापानी | ३ घर | | बाहुन, क्षेत्री नेवार, थारु, जनजाति, मगर,मुस्लिम | प्रायः सबै पक्की घर । केही घरहरु टिनको छाना भएका । पेशा : जागिर, व्यापार र खेती । कोशी राजमार्गसंग जोडिएको वस्ती । वडा नं. ८, १३, १५, १६ को पानी सबै यसै वडा भएर बग्ने । २०७४ सालको बाढीमा यहाँका सबैघरको तल्लो तला डुबेर ठूलो क्षति भएको थियो । |
| कवी टोल (आँखा अस्पताल, डिग्री क्याम्पसको क्षेत्र) | २५० | हावाहुरी<br>सडक दुर्घटना<br>आगलागी | भूकम्प<br>चट्याङ<br>जनावर आतङ्क | विद्युत दुर्घटना<br>प्रदूषण | १५ घर | १० घर र टहरा | बाहुन, क्षेत्री नेवार, थारु, जनजाति, मगर,मुस्लिम | प्रायः सबै पक्की घर । केही घरहरु टिनको छाना भएका । पेशा : जागिर, व्यापार र खेती । कोशी राजमार्गसंग जोडिएको वस्ती । १५ घर मधेसी, मुसलमान, महतो, राम... नहरको डिलमा परालका घर बनाएर बसेका छन् । यो टोलमा डुवानको समस्या छैन तर प्रदुषण भने छ । भुस्याहा कुकुरको आतङ्क भने छ । |
| हंसमुखी टोल | १०० | बाढी डुवान<br>हावाहुरी<br>आगलागी | शीतलहर<br>असिनापानी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>महामारी<br>चट्याङ | १०० घर | ५५ घर | पासवान, खत्वे, ऋषिदेव, हरिजन,राम | बाँस र कर्चीका घर टिन र टालीको छाना । ५५ घर परालको छाना । जनता आवास कार्यक्रमबाट २० घर बन्दैछन् । पेशा : जनवनी, मजदुरी, मिस्त्री, लेवर । व्यापक डुवान छ । पुरानो पानी बग्नेल घोघामा बसेकाले पानी ब्लक भएर डुवान हुँदा करिव २५ बिगाहा जग्गा डुवानमा परेको छ । |
| वयरवना पश्चिम घोंघा टोल | १००<br>४० | बाढी डुवान<br>हावाहुरी<br>आगलागी | शीतलहर<br>असिनापानी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>महामारी<br>चट्याङ | ४० घर | ५ घर | दलित, महतो, यादव, शर्मा | बाँस र कर्चीका घर टिन र टालीको छाना । माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने । गरिवहरुको बाहुल्यता भएको वस्ती । पहिले घोघा थियो त्यो सुक्यो र त्यसैमा बसेका सुकुम्बासीहरु । विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| बयरवना कठकुप्पा | ५०<br>५० | बाढी डुवान<br>हावाहुरी<br>प्रदूषण | आगलागी<br>सडक दुर्घटना<br>चट्याङ | विद्युत दुर्घटना<br>असिनापानी | | | ८०%यादव, २०% कामत | टिनको छाना ईटाको गारो भएका घरहरु । माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने । पशुपालन र खेतीपाती गर्ने । आफ्नै जग्गा छ । आर्थिक अवस्था राम्रै छ । सबैभन्दा ठूलो समस्याको रुपमा डुवान रहेको छ । |
| जतुवा | ७०० | बाढी डुवान<br>हावाहुरी | शीतलहर<br>असिनापानी | सडक दुर्घटना<br>महामारी | | | ७५% यादव, राजवंशी, | टिनको छाना ईटाको गारो भएका घरहरु । माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने । पशुपालन र खेतीपाती गर्ने । आफ्नै जग्गा छ । आर्थिक |

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | आगलागी | विद्युत दुर्घटना | चट्याङ | | | साह, ठाकुर | अवस्था राम्रै छ । सबैभन्दा ठूलो समस्याको रुपमा डुवान रहेको छ तर अरु ठाउँको भन्दा कम डुवान हुने । |
| महतो टोल ( वडा नं. १८ को सिमाना) | ५०० | डुवान<br>हावाहुरी<br>आगलागी | प्रदूषण<br>सडक दुर्घटना<br>चट्याङ | विद्युत दुर्घटना<br>असिनापानी<br>महामारी | ५० घर | १०० घर | महतोको वर्चस्व, झा, चौधरी, मुस्लिम | पुरानो बासिन्दा । पराल वा फुसका करिब १०० घर । महतोहरुको आर्थिक अवस्था राम्रै छ । तर सुकुम्बासीहरु घोघा सुकेकोले त्यहिं बसोबास गरे । उनीहरु राज मिस्त्री, लेवर, रंग लगाउने, खेतीमा मजदुरी गर्ने छन् । आर्थिक रुपमा सबलछैनन् । बाढीको समस्या प्रमुख रुपमा रहेको छ । |
| शाही टोल | १०० | डुवान<br>हावाहुरी<br>आगलागी | प्रदूषण<br>सडक दुर्घटना<br>चट्याङ | विद्युत दुर्घटना<br>असिनापानी<br>महामारी | | | पहाडी, साहु, शर्मा, सोनार, खत्वे आदि | सबैको आफ्नै जग्गा छ । व्यापार र खेतीपाती गर्दन् । ईंटा टिनका कच्ची घरहरु छन् । वडा नं. १५ र १३ को पानीका कारण डुवान हुने गर्दछ । |

## वडा नं. १५

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| श्रीराम स्कूल देखि सुडीटोल सम्मको क्षेत्र | ४०० | हावाहुरी<br>जनावर आतङ्क<br>प्रदुषण | आगलागी<br>महामारी<br>विद्युत दुर्घटना | शीतलहर<br>चट्याङ<br>असिनापानी | हर्ताली हाटमा १२० | | राई, लिम्बु, मुस्लिम, दलित, सुडी, क्षेत्री, बाहुन (मिश्रित) | बिराटनगर जुटमिलको जग्गामा १२० घर । कम्पनीको क्वाटरमा पनि बसेका छन् । ईटाको वाल टिनको छानो भएका घरहरु नै धेरै छन् । २५ प्रतिशत पक्की घर । अधिकाँस मानिसहरु ज्याला मजदुरी, राजमिस्त्री, लेवर । केही जागिरे र साना व्यापारी । सुँगुर पाल्ने गरेका र छाडारुपमा रहेका । नालीमा सौचालयको फोहोर पनि हुने भएकोले अत्यन्तै प्रदुषित छ । यसले महामारी देखा परिरहने गरेको छ । गाईहरु पनि छाडा हुन्छन् । भुस्याहा कुकुरको पनि बिगबिगी छ । |
| सुडीटोल देखि बाबाहल सम्मको क्षेत्र | ३०० | सडक दुर्घटना<br>डुवान<br>प्रदुषण<br>जनावर आतङ्क | भूकम्प<br>आगलागी<br>शीतलहर | चट्याङ<br>विद्युत दुर्घटना<br>आगलागी | | | सुडी, पहाडी, दलित, मण्डल, यादव, ठाकुर | सबैको थेर थोर आफ्नै जग्गा छ । बढी पक्का घर । टाली र टिनका कमै घर छन् । हाईवे संग जाडिएको र महेन्द्र मार्ग पनि यसमा पर्छ । प्रमुख पेसा व्यापार । प्राय घरहरु सडकमा जोडिएका छन् । गाई, भैंसी पाल्नेले सडकमा नै छाडिदिन्छन् । यसले सडक दुर्घटना बढेको छ । नालीमा सौचालयको फोहोर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पनि हुने भएको र बाईपास नभएकोले अत्यन्तै प्रदुषित छ । यसले महामारी देखा परिरहने गरेको छ । गाईहरु पनि छाडा हुन्छन् । भुस्याहा कुकुरको पनि बिगबिगी छ । गहिरो भएकोले डुवानको समस्या ठूलो छ । |
| मण्ठपोखरी देखि बोर्डर सम्मको क्षेत्र (रानीबजार क्षेत्र) | १२० | सडक दुर्घटना<br>डुवान<br>भूकम्प<br>जनावर आतङ्क | प्रदुषण<br>आगलागी<br>शीतलहर | चट्याङ<br>विद्युत दुर्घटना<br>आगलागी | | | मुस्लिम, मण्डल, सोनार, राजपुत (सिंह) | बजारक्षेत्र, पक्की घरहरु, सम्पन्न मानिसहरु, अधिकाँस जागिरे र व्यापारीहरु । बैदेशिक रोजगारीमा धेरै गएका छन् । अधिकाँस व्यापारी र राम्रो व्यापार । केही घरमात्र कच्ची छन् । पशुपालन भएपनि छाडा छैनन् । भुस्याहा कुकुरको पनि बिगबिगी छ । ६ लेनको सडकमा तिब्र गति र व्यस्त सडकका कारण सडक दुर्घटना बढी नै छ । व्यवस्थित नाला र वाईपास नहुँदा डुवानको जोखिम छ । |
| भट्टा क्षेत्र (बैंक रोड देखि रानी थाना सम्मको क्षेत्र) | ३५० | डुवान<br>प्रदुषण<br>सडक दुर्घटना | शीतलहर<br>आगलागी<br>विद्युत दुर्घटना | चट्याङ<br>हावाहुरी<br>सर्पदंश | २०० घर | | सिंह, मुस्लिम, शाह नेवार, बाहुन, जनजाति<br>मलाह, नेवार, बाहुन | भट्टा क्षेत्रमा मुस्लिम, सिंह, साह (२००) घर बिराटनगर जुटमिलको जग्गामा ईटा र टाली, टिनका साना घरहरु बनाएर बसेका छन् । सब्जी र मसलाको व्यापार गर्छन । अरु टोलमा बढी जागिरे र व्यापारी । हाईवे माथि छ र हाल बनेको सडकको नाली पनि अग्लो छ तर घरहरु तल छन् । धेरै माथिदेखि आएको पानीका कारण डुवान हुन्छ । हाईवे बाटा वडा नं. १४ तिर पानी जानका लागि हाईवेमा २ वटा कल्भर्ट छन् तर त्यहाँबाट पुरै पानी जान सक्दैन । पानी केशलिया तिर अग्लो भएकोले जान सक्दैन । वडा नं. १४ मा पनि घोघा मिचेको र व्लक भएकोले पानी राम्ररी जान सक्दैन त्यसैले यो ठाउँ डुवानको उच्च जोखिममा छ । नालीमा सौचालयको फोहोर पनि हुने भएको र बाईपास नभएकोले अत्यन्तै प्रदुषित छ । यसले महामारी देखा परिरहने गरेको छ । |
| पशुपति टोल | १५० | डुवान<br>प्रदुषण<br>सडक दुर्घटना | शीतलहर<br>आगलागी<br>विद्युत दुर्घटना | चट्याङ<br>हावाहुरी<br>सर्पदंश | | | ९० प्रतिशत पहाडी (बाहुन, क्षेत्री, नेवार, तामाङ्ग, मगर र केही मधेसी समुदाय | अधिकाँस पक्की ढलान घरहरु । सरकारी जागिरे र बैदेशिक रोजगारमा । युरोप, अमेरिका पनि गएका छन् । व्यापारी पनि छन् । समग्रमा आर्थिक अवस्था राम्रो छ । हाईवे माथि छ र हाल बनेको सडकको नाली पनि अग्लो छ तर घरहरु तल छन् । धेरै माथिदेखि आएको पानीका कारण डुवान हुन्छ । हाईवे बाटा वडा नं. १४ तिर पानी जानका लागि हाईवेमा २ वटा कल्भर्ट छन् तर त्यहाँबाट पुरै पानी जान सक्दैन । पानी केशलिया तिर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अग्लो भएकोले जान सक्दैन । वडा नं. १४ मा पनि घोघा मिचेको र ब्लक भएकोले पानी राम्ररी जान सक्दैन त्यसैले यो ठाउँ डुवानको उच्च जोखिममा छ । नालीमा सौचालयको फोहोर पनि हुने भएको र बाईपास नभएकोले प्रदुषित छ । |

## वडा न.. १६

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| बर्माटोल "क" | ३५ | डुवान<br>हावाहुरी<br>भूकम्प | शीतलहर<br>आगलागी<br>असिनापानी | सडक दुर्घटना<br>चट्याङ<br>विद्युत दुर्घटना | ५ घर | | राई, लिम्बु, तामाङ, गुरुङ, क्षेत्री बाहुन, दलित | केही पक्की ढलान घरहरु, अधिकाँस टाली र कर्कटपाताको छाना भएका घर । आफ्नो जग्गा नहुने ५ परिवार । राम्रै आर्थिक अवस्था<br>नालीहरुमा जाम हुनाले प्रदुषण र दुर्गन्धको समस्या । |
| बर्माटोल "ख" | १२० | डुवान<br>हावाहुरी<br>भूकम्प | शीतलहर<br>आगलागी<br>असिनापानी | सडक दुर्घटना<br>चट्याङ<br>विद्युत दुर्घटना | १० घर | | राई, लिम्बु, तामाङ, गुरुङ, क्षेत्री बाहुन, दलित | केही पक्की ढलान घरहरु, अधिकाँस टाली र कर्कटपाताको छाना भएका घर । आफ्नो जग्गा नहुने १० परिवार । |
| बर्माटोल "ग" | १४० | प्रदुषण<br>हावाहुरी<br>भूकम्प | शीतलहर<br>सर्पदंश<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>चट्याङ<br>डुवान | १५ घर | | राई, लिम्बु, तामाङ, गुरुङ, क्षेत्री बाहुन, दलित | केही पक्की ढलान घरहरु, अधिकाँस टाली र कर्कटपाताको छाना भएका घर । मिल, उद्योग, ज्याला मजदुरी र व्यापार गर्ने । मध्यम आर्थिक अवस्था । नारायण प्रसाद कोइरालाको जग्गामा बसेका र आफ्नो जग्गा नहुने १५ परिवार । |
| बर्माटोल "घ" | १३५ | सडक दुर्घटना<br>हावाहुरी<br>भूकम्प | आगलागी<br>शीतलहर<br>सर्पदंश | विद्युत दुर्घटना<br>चट्याङ | ४५ घर | | क्षेत्री, बाहुन, राई, दलित, चमार | अधिकाँस गणपति जुटमिल (गायत्री ट्रेडर्स लि.) को जग्गामा बसेका । ४५ घरको लालपूर्जा छैन ।<br>केही पक्की ढलान घरहरु, अधिकाँस टाली र कर्कटपाताको छाना भएका घर । मिल, उद्योग, ज्याला मजदुरी र व्यापार गर्ने । |
| बर्माटोल "ङ" | ९० | डुवान<br>हावाहुरी<br>सर्पदंश | आगलागी<br>विद्युत दुर्घटना<br>शीतलहर | सडक दुर्घटना<br>असिनापानी<br>चट्याङ | | | राई, लिम्बु, तामाङ, गुरुङ, क्षेत्री बाहुन, दलित | पक्की ढलान घरहरु धेरै । बाँकी टाली र कर्कटपाताको छाना भएका घर । नाला निकास नभएर बाटोको पानी घरमा पस्छ । बाटो भत्किएको छ । जुटमिल, सलाई उद्योगमा ज्याला मजदुरी र व्यापार गर्ने । मध्यम आर्थिक अवस्था । |
| दरैया नं. १ | ३६ | बाढी<br>डुवान(धारी) | शीतलहर<br>आगलागी | सडक दुर्घटना<br>महामारी | २ घर परालको | २ घर | मण्डल, राय, यादव, दलित २५ प्रतिशत | केशलीया बढेर धारीमा पस्छ र धारी खोलाले गाउँमा पसेर पुरै वस्ती डुवाउँछ । भाटा र माटोका घर कर्कटपाताको छाना । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | हावाहुरी<br>सर्पदंश | विद्युत दुर्घटना | चट्याङ | छाना भएको | | | राजमिस्त्री, लेवर, जुटमिलमा मजदुर, खेती किसानी ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| आर्यटोल | ६० | बाढी डुवान<br>हावाहुरी<br>सर्पदंश | शीतलहर<br>आगलागी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>असिनापानी<br>चट्याङ | २५ घर | | मण्डल, राय, यादव, दलित २५ प्रतिशत | केशलिया खोलाको पानी वडा नं. १२ को मुसहरी टोलबाट पूर्वतिर पस्छ र वस्ती तथा खेती डुवाउँछ । नाली क्लियर छैन । ५ घर मात्र पक्की छन् बाँकी । भाटा र माटोका घर कर्कटपाताको छाना भएका घर । २५ घर जनता प्रा.वि.को जग्गामा बस्छन् । |
| दरैया कोल्हर | १७० | बाढी डुवान<br>हावाहुरी<br>सर्पदंश | शीतलहर<br>आगलागी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>असिनापानी<br>चट्याङ | ७० घर | | मण्डल, राय, यादव, दलित २५ प्रतिशत | केशलिया खोलाको पानी वडा नं. १२ को मुसहरी टोलबाट पूर्वतिर पस्छ र वस्ती तथा खेती डुवाउँछ । नाली क्लियर छैन । ५ घर मात्र पक्की छन् बाँकी । भाटा र माटोका घर कर्कटपाताको छाना भएका घर । ७० घर जनता प्रा.वि.को जग्गामा बस्छन् । |
| मिलन टोल | ८० | बाढी<br>हावाहुरी<br>असिनापानी | शीतलहर<br>आगलागी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | २५ घर | | करिव ५० घर दलित र अरु मिश्रित समुदायको बसोबास | केशलीया बढेर धारीमा पस्छ र धारी खोलाले गाउँमा पसेर पुरै वस्ती डुवाउँछ । भारतको वोर्डरमा अग्लो बाटो बनाएकोले पानी फेरि यतै फर्किन्छ । भाटा र माटोका घर, टाली र कर्कटपाताको छाना । राजमिस्त्री, लेवर, जुटमिलमा मजदुर, खेती किसानी । वडा नं. १२ को जनता आ.वि.को जग्गामा करिव २२ घर बसेका ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| दरैया चौठी | १०५ | बाढी<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | २० घर | | करिव ५० घर दलित र अरु मिश्रित समुदायको बसोबास | केशलीया बढेर धारीमा पस्छ र धारी खोलाले गाउँमा पसेर पुरै वस्ती डुवाउँछ । भारतको वोर्डरमा अग्लो बाटो बनाएकोले पानी फेरि यतै फर्किन्छ । भाटा र माटोका घर, टाली र कर्कटपाताको छाना । राजमिस्त्री, लेवर, जुटमिलमा मजदुर, खेती किसानी । विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| दरैया प्रेमनगर | ९५ | बाढी<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | ७० घर | | करिव ७० घर ऋषिदेव र अरु मिश्रित समुदायको बसोबास | केशलीया बढेर धारीमा पस्छ र धारी खोलाले गाउँमा पसेर पुरै वस्ती डुवाउँछ । भारतको वोर्डरमा अग्लो बाटो बनाएकोले पानी फेरि यतै फर्किन्छ । भाटा र माटोका घर, टाली र कर्कटपाताको छाना । राजमिस्त्री, लेवर, जुटमिलमा मजदुर, खेती किसानी । वडा नं. १२ को जनता आ.वि.को जग्गामा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ऋषिदेवहरु ७० घर बसेका ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| दक्षिण दरैया | १९० | बाढी<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>भूकम्प<br>चट्याङ | ५० घर | | ५० घर ऋषिदेव र अरु मिश्रित समुदायको बसोबास | केशलीया बढेर धारीमा पस्छ र धारी खोलाले गाउँमा पसेर पुरै वस्ती डुवाउँछ । भारतको वोर्डरमा अग्लो बाटो बनाएकोले पानी फेरि यतै फर्किन्छ । भाटा र माटोका घर, टाली र कर्कटपाताको छाना । राजमिस्त्री, लेवर, जुटमिलमा मजदुर, खेती किसानी । ५० घर मुसहरहरु ऐलानी जग्गामा बसेका ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| दक्षिण गेट | १७० | हावाहुरी<br>शीतलहर<br>आगलागी | विद्युत दुर्घटना<br>असिनापानी<br>सडक दुर्घटना | भूकम्प<br>चट्याङ | १७० घर | | मिश्रित बसोबास | सबैजना विराटनगर जुटमिलको जग्गामा बसेका । कसैको पनि लालपूर्जा छैन । कतिपय कम्पनीको क्वाटरमा बस्छन् । कम्पनी बन्द भएकोले अन्यत्र गएर काम गर्दछन् । आफ्नो जग्गा छैन । |

## वडा नं. १७

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहीन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| लाईन क्वाटर दक्षिण<br>हिमालय राईस मिल टोल<br>ईस्लामपुर | ७०<br>७०<br><br>५० | बाढी डुवान<br>हावाहुरी<br>जनावर आतङ्क (कुकुर र साँढे) | आगलागी<br>शीतलहर<br>लु<br>भूकम्प | सडक दुर्घटना<br>विद्युत दुर्घटना<br>चट्याङ्ग असिना<br>लु | ७० घर<br>५५ घर<br><br>३० घर | | मुस्लिम<br>दलित, शाह, कलवार<br>मधेसी र पहाडी मिश्रित | टाली र टिनको छाना, बाँसको टाटीको घर, पक्की घर छैनन् । पेशा : उद्योगमा मजदुर सिकर्मी, डकर्मी, लेवर, रिक्सा चालक । रघुपति जुटमिलको जग्गा, १० गजाको ऐलानी र अरुको जग्गामा बसेका । गरिबीमा बाँचेका । वडाको दक्षिण वडा नं. १८ मा अन्तर्राष्ट्रिय कस्टम अफिस (ICP) को पर्खालले पानीको बहाव रोकेर डुवान हुन्छ । |
| गफुरटोल पूर्व<br>पर्तिटोल<br>कासिम टोल पूर्व<br>डंग्राहा टोल | ५०<br>६०<br>३०<br>२० | बाढी डुवान<br>शीतलहर<br>जनावर आतङ्क (भुस्याहा कुकुर) | हावाहुरी<br>आगलागी<br>सर्पदंश<br>भूकम्प | विद्युत दुर्घटना<br>चट्याङ्ग असिना<br>लु | पर्ति टोल र डंग्राहा ऐलानी जग्गामा बसेका ४० घर | १० घर | सबै टोलमा मुस्लिम । डंग्राहामा केही दलित र पासवान छन् | पर्तिटोलमा ४० घर जनता आवास कार्यक्रमबाट बन्दैछन् । टाली र टिनको छाना, बाँसको टाटीको घर, पक्की घर छैनन् । पेशा : उद्योगमा मजदुर सिकर्मी, डकर्मी, लेवर, रिक्सा चालक । IPC संग जोड्ने ४ लेनको सडक बनेको छ । यसले पुरै पानी रोकेको छ । पानीको निकासका लागि ८ फुटे कल्भर्ट मात्र छ । त्यसको दक्षिण तर्फ रेलवे लाईन छ त्यसमा पनि ८ फुटेमात्र कल्भर्ट छ । माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने गरेको छ । विद्युत हुकिङ र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| लाईन क्वाटर उत्तर भन्सार पूर्व र बिराट मार्ग पश्चिम | ३०० ३०० | सडक दुर्घटना हावाहुरी जनावर आतङ्क (कुकुर र साँढे) | शीतलहर आगलागी भूकम्प | चट्याङ असिनापानी विद्युत दुर्घटना लु | रघुपतिको जग्गामा २००, ऐलानीमा ७० घर | | पहाडी, मधेसी र मुस्लिमको मिश्रित बसोबास | टाली र टिनको छाना, बाँसको टाटीको घर र केही मात्र पक्की घर । ५ प्रतिशत साना व्यापारी र बाँकी सबै ज्याला मजदुरी ।<br>यी टोलहरुमा भुस्याहा कुकुर, साँढेको विगविगी छ , कुकुरले प्रतिमहिना १० जना भन्दा बढीलाई टोकेको छ । बालबालिका विद्यालय जाँदा डरमर्दो हुन्छ । बाखाका पाठा, हाँस, कुखुरा पनि मार्ने गरेको छ । भुस्याहा कुकुर सडक दुर्घटनाको एउटा कारण बनेको छ । रेविजको सुई लगाउने गरेपनि सबैलाई लगाएको छैन । छाडा साँढेले पनि धेरैलाई हानेर घाइते बनाएको र सडक दुर्घटना गराएको छ । गाई पनि छाडा छन् । |
| मदरसा टोल<br>गफुर टोल<br>मेटयर्वा | २३०<br>१५०<br>१५० | सडक दुर्घटना हावाहुरी जनावर आतङ्क (कुकुर र साँढे) | शीतलहर आगलागी भूकम्प | चट्याङ असिनापानी विद्युत दुर्घटना लु | ७५ घर | | ९६% मुस्लिम<br>सबै मुस्लिम<br>८०% मुस्लिम | टाली र टिनको छाना, बाँसको टाटीको घर र केही मात्र पक्की घर । ५ प्रतिशत साना व्यापारी र बाँकी सबै ज्याला मजदुरी । केहीले खेतीपाती गर्छन् ।<br>यी टोलहरुमा भुस्याहा कुकुर, साँढेको विगविगी छ , कुकुरले प्रतिमहिना १० जना भन्दा बढीलाई टोकेको छ । बालबालिका विद्यालय जाँदा डरमर्दो हुन्छ । बाखाका पाठा, हाँस, कुखुरा पनि मार्ने गरेको छ । भुस्याहा कुकुर सडक दुर्घटनाको एउटा कारण बनेको छ । रेविजको सुई लगाउने गरेपनि सबैलाई लगाएको छैन । छाडा साँढेले पनि धेरैलाई हानेर घाइते बनाएको र सडक दुर्घटना गराएको छ । गाई पनि छाडा छन् । भित्री साँघुरो सडकमा दुर्घटना हुने गरेको छ भने ६ लेनको सडकमा पनि तिब्र गतिका कारण दुर्घटना भईरहन्छ । |

## वडा न १८

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| झटियाही<br>लवटोलिया | ४०० | बाढी डुवान हावाहुरी शीतलहर | आगलागी चट्याङ असिनापानी | सडक दुर्घटना विद्युत दुर्घटना महामारी | | ७० घर | मिश्रित | सिंघिया खोलाको वडा नं. १४ को पार्क नजिकको नालाबाट पानी पस्छ र यी टोलहरुलाई डुवाउँछ ।<br>जस्तापाताको छाना भएका भाटा र माटोले बनाएका घरहरु धेरै छन् । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| फडानी | ३०० | बाढी डुवान<br>हावाहुरी<br>शीतलहर<br>विद्युत दुर्घटना | आगलागी<br>चट्याङ<br>असिनापानी | सडक दुर्घटना<br>महामारी | | १५० घर र टहरा | ७५ प्रतिशत ऋषिदेव, राम, तत्मा र २५ प्रतिशत अन्य | माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने । भारततिरबाट पनि पानी आएर डुवाउँछ ।<br>गरिव र दलितहरुको बाहुल्यता भएको वस्ती ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| नावघाट | १५० | बाढी डुवान<br>हावाहुरी<br>आगलागी | शीतलहर<br>असिनापानी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>महामारी<br>चट्याङ | | ५० घर | मण्डल, शाह, यादव, पासवान | रेल्वे र हाईवेको बीचमा पर्ने गहिरो भूभाग भएकोले डुवानको ठूलो समस्या । |
| दमादिघी | २०० | बाढी डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>चट्याङ<br>असिनापानी | सडक दुर्घटना<br>विद्युत दुर्घटना<br>महामारी | | ७५ घर | मण्डल, शाह, यादव, पासवान | माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने । भारततिरबाट पनि पानी आएर डुवाउँछ । सिंगियाको पानी पनि जान्छ ।<br>गरिवहरुको बाहुल्यता भएको वस्ती ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| भेडिहारी | ३५० | बाढी डुवान<br>हावाहुरी<br>शीतलहर | आगलागी<br>विद्युत दुर्घटना<br>असिनापानी | सडक दुर्घटना<br>महामारी<br>चट्याङ | | ५० घर | मण्डल, शाह, यादव, दलित १० प्रतिशत | माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने । भारततिरबाट पनि पानी आएर डुवाउँछ । सिंगियाको पानी पनि जान्छ ।<br>गरिवहरुको बाहुल्यता भएको वस्ती ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| खोक्सा | ५०० | बाढी डुवान<br>हावाहुरी<br>आगलागी | शीतलहर<br>असिनापानी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>महामारी<br>चट्याङ | | ५० घर | मण्डल, शाह, यादव, दलित २५ प्रतिशत | रेल्वे र हाईवेको बीचमा पर्ने गहिरो भूभाग भएकोले डुवानको ठूलो समस्या ।<br>विद्युत हुकिङ र लुज वायरिङको कारण वस्तीहरु जोखिममा । |
| कालाबञ्जार | १२० | हावाहुरी<br>आगलागी | शीतलहर<br>असिनापानी<br>विद्युत दुर्घटना | सडक दुर्घटना<br>महामारी<br>चट्याङ | | १० घर | मण्डल, शाह, यादव, दलित १० प्रतिशत | नहरदेखि दक्षिणमा रहेको । कमजोर प्रकारका घरहरु । |

## वडा न १९

| गाउँ तथा टोल | घरधुरी | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | भूमिहिन | परालको छाना | जातजाति | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|---|---|
| सरदार टोल (मिलनचोक उत्तर) (१) | १५६ | हावाहुरी<br>आगलागी<br>सर्पदंश | विद्युत दुर्घटना<br>सडक दुर्घटना<br>शीतलहर | भूकम्प<br>चट्याङ्ग | १४२ | ४५ | सरदार | केही ऐलानी जग्गामा बसेका र केही अरुको जग्गामा बसेका । सरदारहरु कमैको मात्र आफ्नो जग्गा छ । बाक्लो वस्ती, पराल र टिनको छाना भएका घरहरु । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | वस्तीबाट नै सडक गएको छ । जनवनी, राजमिस्त्री, लेवर । |
| खवास टोल (२) | ५५ | पैनीखोलाको बाढी<br>सर्पदंश<br>हावाहुरी | आगलागी<br>सडक दुर्घटना<br>विद्युत दुर्घटना | चट्याङ्ग<br>असिना | | | खवास | पैनी खोलाको बाढी, डुवान, पुल भत्काउने गरेको । नम्बरी जग्गामा बसेका भएपनि अधियाँ बटवामा काम गर्ने । सबैको जग्गा छैन। |
| मिलन चोक (२) | ८० | सडक दूर्घटना<br>आगलागी | हावाहुरी<br>सर्पदंश<br>विद्युत दुर्घटना | चट्याङ्ग<br>असिना | | | खवास,<br>चौधरी,<br>मधेशी,<br>पहाडी | विराटनगर-विराटचोक व्यस्त सडकमा रहेको वस्ती । साँघुरो सडक । कमजोर ट्राफिक प्रणाली । बाक्लै र साना घरहरु । हावाहुरी चल्ने । व्यवस्थित विद्युतीकरण छैन । हुकिङ गर्ने प्रचलन पनि छ । |
| राजवंशी टोल (३) | ३० | डुवान<br>हावाहुरी<br>आगलागी | सर्पदंश<br>विद्युत दुर्घटना | असिना<br>चट्याङ्ग | २२ | ६ | राजवंशी | गरिबीमा बाँचेको समुदाय । कमजोर पराल र टिनका छाना भएका घर । राम्रो घेराबार नहुनु । |
| मुसहरी टोल (३) | ३० | डुवान<br>हावाहुरी<br>आगलागी | सर्पदंश<br>विद्युत दुर्घटना | असिना<br>चट्याङ्ग | २७ | २५ | मुसहर | ३ जनाको बाहेक सबै ऐलानी जग्गामा । गहिरो जग्गा । परालका झुप्रा घर । हुकिङको चलन । जनवनी, राजमिस्त्री, लेवर । |
| सरदार टोल (४) | ४० | आगलागी<br>हावाहुरी<br>विद्युत दुर्घटना | शीतलहर<br>सर्पदंश | असिना<br>चट्याङ्ग | ४० | २० | सरदार | सबै अरुको जग्गामा बसेका । परालका झुप्रा घर कर्कटपाताको छाना । नजिकमा खुल्ला तार । हुकिङको चलन । जनवनी, राजमिस्त्री, लेवर । |
| राजवंशी टोल (४) | ३० | आगलागी<br>हावाहुरी<br>विद्युत दुर्घटना | शीतलहर<br>सर्पदंश | असिना<br>चट्याङ्ग | २४ | ४ | राजवंशी | केहीको मात्र आफ्नो जग्गा छ । परालका झुप्रा घर कर्कटपाताको छाना । नजिकमा खुल्ला तार । हुकिङको चलन । |
| दुर्गा मन्दिर टोल (४) | १९ | बाढी डुवान<br>हावाहुरी<br>सर्पदंश | आगलागी<br>विद्युत दुर्घटना | असिना<br>चट्याङ्ग<br>सडक दुर्घटना | | | पहाडी क्षेत्री बाहुन | मध्यम वर्गका मानिसहरुको बसोबास । खेतीपाती र जागिर । आफ्नै जग्गा जमिन । ईटाको गारो र जस्ताको छाना भएका घर । पहाडी क्षेत्री बाहुनको बसोबास भएको । |
| माथिल्लो खापटोल (५) | ५५ | सिंघियाको बाढी<br>आगलागी<br>हावाहुरी | शीतलहर<br>विद्युत दुर्घटना<br>सर्पदंश | असिना<br>चट्याङ्ग | ४८ | ३५ | मुसहर,<br>सरदार | प्रायः सबै ऐलानी जग्गामा । खोला किनारको वस्ती । परालका झुप्रा र बाक्लै घर । हुकिङको चलन । जनवनी, राजमिस्त्री, लेवर, घरेलु कामदारमा महिला । चरम गरिबी । |
| तल्लो खापटोल (५) | ६५ | सिंघियाको बाढी<br>आगलागी<br>हावाहुरी | शीतलहर<br>विद्युत दुर्घटना<br>सर्पदंश | असिना<br>चट्याङ्ग | ६५ | ४५ | मुसहर,<br>सरदार | सबै ऐलानी जग्गामा । खोला किनारको वस्ती । परालका झुप्रा र बाक्लै घर । हुकिङको चलन । जनवनी, राजमिस्त्री, लेवर, घरेलु कामदारमा महिला । चरम गरिबी । |
| सून्दर टोल | ३२ | सिंघियाको बाढी | शीतलहर | असिना | ३२ | १८ | मुसहर, | सबै ऐलानी जग्गामा । खोला किनारको वस्ती । परालका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **शान्तिचोक क्षेत्र र उत्तर जामुनगाछी क्षेत्रमा निकास छैन** नहर अग्लोमा छ र नालीहरु गहिरोमा | केशलिया रोडसम्म पुऱ्याएर ठूलो नालीमा मिसाउने । * दाना उद्योग देखि शान्तिचोक हुँदै BFM बाट केशलिया रोडमा जोड्ने । * गणेश चोक (चाँदनी चोक) देखि वस्ता पैनी (जामुनगाछी पश्चिम) मा जोड्ने जुन पैनी बोर्डरसम्म जान्छ । | **लाख** | वडा समिति | | | |
| **वडा नं. ६** | | | | | | | |
| | **ब्रह्मपुरा, मंगलुवा, लालीगुराँस टोल** (धुदुवा पश्चिम टोल) **केसलिया र धुदुवा खोलाको बाढीले पुरै वस्ती र खेतीबाली पनि हरेक वर्षजसो डुवान र कटान गर्छ ।** | * वडा नं. ५ को माथिल्लो क्षेत्रमा नहरबाट पानी धुँदुवामा मिसाएको छ । * केशलिया र धुधुवाको जोखिमयुक्त भागमा तटबन्धन गर्ने । * खोला किनारमा बृक्षारोपण गर्ने । * रिङ्गरोडलाई अलि अग्लो बनाउने । | ??? | महानगरपालिका वडा समिति | महानगरपालिका | प्रदेश सरकार संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |
| | **सरोचिया क्षेत्र बाढीले डुवाउँछ ।** | * सरोचियाको पानी केशलिया सडकको उत्तरतर्फको नालीबाट रामपुर हुँदै धुधुवामा पठाउने । * कृषि भवन देखि केशलिया सडकसम्म जोड्ने (BFM हुँदै) व्यवस्थित नाली निर्माण गर्ने । | **१० लाख** **२० लाख** | महानगरपालिका वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |
| **वडा नं. ७** | | | | | | | |
| | **सन्सारी क्षेत्र सिंघिया खोला अव्यवस्थित छ । बाढीको समयमा तिब्र कटान हुन्छ । तटबन्ध छैन । हरियाली टोल ( सुकुम्बासी वस्ती) खोलाको किनारमा छ** | * सिंघिया खोलालाई व्यवस्थित गर्न सर्वप्रथम खोलामा तटबन्ध निर्माण गर्ने । * नदी किनारको ऐलानी जग्गामा बसोबास गरेका ५२ घर सुकुम्बासीहरुको पहिचान गरी अन्यत्र स्थानान्तरण गर्ने । * जग्गा हुनेहरुलाई हटाउने । * डुवानग्रस्त स्थानमा नाली निर्माण गरेर समस्या समाधान गर्ने । | ??? **१ करोड ५० लाख** **३० लाख** | महानगरपालिका वडा समिति | महानगरपालिका | प्रदेश सरकार संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| **वडा नं. ८** | | | | | | | |
| | **बालगोपाल टोल, पशु बधशाला क्षेत्र, बिराटेश्वर बृद्धाश्रम क्षेत्र, स्वागतम टोल, बलुवाही र विश्वकर्मा चोक सिंघियाको किनारमा भएकोले डुवान र कटान** | * सिंघिया खोलालाई व्यवस्थित गर्न सर्वप्रथम खोलामा तटबन्ध निर्माण गर्ने ।<br>* नदी किनारको ऐलानी जग्गामा बसोबास गरेका ५० घर सुकुम्बासीहरुको पहिचान गरी अन्यत्र स्थानान्तरण गर्ने ।<br>* जग्गा हुनेहरुलाई हटाउने ।<br>* सबै टोलहरुमा नाली निर्माण गरेर त्यसको निकास सिंघिया खोलामा पुऱ्याउने । | ???<br>**१ करोड ५० लाख**<br>**२० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |
| | **मधुमारा क्षेत्रमा नाली व्यवस्थित नभएकोले डुवानको ठूलो समस्या छ ।** | * सुशिक्षा स्कूल टोलको डुवान समस्या समाधान गर्न टोल देखि सिंघिया सम्म जाने नाला सानो भएकोले यसको क्षमता बृद्धि गर्ने ।<br>* जयनेपाल चोक बाँके विहारी मन्दिर, आर.के. अस्पताल जाने क्षेत्रसमेतको लागि आर.कें चिल्ड्रेन अस्पताल देखि जयनेपाल चोक सम्म नाली बनाएर सिंघियासम्म विस्तार गर्ने ।<br>* हाम्रो चोकदेखि हरिहर चोकसम्म बाटोको दुबै साइडमा नाली निर्माण गरी सिंघियामा मिसाउने ।<br>* गिता मार्गक्षेत्रमा नाला सानो छ । यसको सरसफाई र स्तरबृद्धि गर्ने । | **२० लाख**<br>**३० लाख**<br>**३० लाख**<br>**१० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |
| **वडा नं. ९** | | | | | | | |
| | **नाली व्यवस्थित नहुँदा डुवानको समस्या हुने** | * सबै टोलहरुमा नाली निर्माण गरेर त्यसको निकास सिंघिया खोलामा पुऱ्याउने । | **५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |
| **वडा नं. १०** | | | | | | | |
| | **धानुक वस्ती र मिनी जतुवा :**<br>**घोघा पैनी मासिदै गएकोले माथिबाट** | * धानुक वस्ती र मिनी जतुवाको पानीको निकासका लागि घोघा खोलेर ठूलो बनाउने ।<br>* नेशनल ट्रेडिङ्ग भित्रबाट ह्युमपाईप लगाएर निकास बाहिर | **१० लाख**<br>**५ लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | **आएको पानी नेसनल ट्रेडिङ्गमा दिवालको सानोमात्र निकास भएकोले वस्ती डुवानमा पर्ने गरेको** | पठाउने ।<br>* वडाको सिमाना सडकमा ड्रेन बनाउन शुरु भएको छ । पानीलाई सो ड्रेनबाट धरमबाँध रोड हुँदै ट्रिटमेण्ट प्लाण्ट भएर (वडा नं.१४) भएर सिंघिया खोलामा मिसाउने । | **काम भईरहेको** | | | | |
| **वडा नं. ११** | | | | | | | |
| | **धुदुवा पश्चिम टोलः केसलिया र धुदुवा खोलाको बाढीले पुरै वस्ती र खेतीबाली हरेक वर्ष डुवाउँछ** | * धुदुवा पश्चिम टोलको सुरक्षाका लागि वडा नं. ६ को नदी किनारको माटो बेच्ने काम रोक्नु पर्दछ ।<br>* केशलिया खोलामा २ मिटर अग्लो तटबन्ध निर्माण गर्ने । | ??? | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |
| | **पिचरा टोल : एयरपोर्ट नजिकबाट केशलिया खोला फुटेर आएको र नहरको पानी पसेर पनि डुवाउँछ, निकास छैन** | * पिचरा टोलमा हुने डुवान र प्रदूषणको समस्या समाधानका लागि नालीहरुको लेवलिङ्ग गर्ने ।<br>* नहरको पश्चिममा गहिरो नालीको निर्माण गर्ने र साना नालीहरुको पानी सो ठूलो नालीमा मिसाउने । | **करिव ५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |
| | **डुम टोल आकासबाट परेका पानीले नै डुब्छ ।** | * नाली निर्माण गर्ने र श्रीलंका टोल हुँदै नहरमा निकाल्ने । (करिव ३०० मिटर) | **करिव १० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |
| | **जनपथ टोल बर्षादको पानी, माथिल्लो भागबाट आएको पानी र नहरबाट आएको पानीले डुवान हुन्छ** | * जनपथ टोलमा पनि डुवान र प्रदूषणको समस्या समाधानका लागि नालीहरुको लेवलिङ्ग गर्ने ।<br>* नहरको पूर्वमा गहिरो नालीको निर्माण गर्ने र साना नालीहरुको पानी सो ठूलो नालीमा मिसाउने । सो नालीलाई सिधै दक्षिणमा लगेर खोल्सीमा मिसाउने । | **करिव ५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| **वडा नं. १२** | | | | | | | |
| | **मलहनुवा र बखरी टोलमा केसलिया खोलाको बाढीले पुरै वस्ती र खेतीबाली पनि हरेक वर्षजसो डुवाउँछ ।** | * केशलिया खोलाको वडा नं. ६ बेलाहा रोडबाट पानी पस्ने भएकोले उक्त स्थानदेखि तलसम्म तटबन्ध गर्नु पर्ने<br>* खोला किनारमा ग्रिनबेल्ट निर्माण गर्ने । | ??? | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |
| | **गडाहा धुदुवा टोल गहिरो भएकोले पानी जम्छ , निकास छैन** | * नहरको २ साईडमा नाली क्लियर गर्ने । | **१० लाख** | | | | |
| | **शुक्रवारे हाट र सगरमाथा मोचीटोल पटवारी टोल गहिरो भएकोले पानी जम्छ** | * अभिवादन टोलको दक्षिणतर्फको हाल बन्द रहेको साईफन खोलेर तीनवटै बाटोको साईडमा नाली निर्माण गरेर च्याङ्वारी पैनीमा मिसाउने ।<br>* वडाका सबै नाली क्लियर गर्ने । | **१० लाख**<br><br>**२० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |
| | **कोशी प्रोजेक्ट क्षेत्र माथिल्लो भाग देखिको सबै पानी बगेर आउने ठाउँ यतै हो । गहिरो भएकोले डुवान हुन्छ** | * कोशी प्रोजेक्ट दक्षिण रहेको नहरको बाटो नाली निर्माण गरी १३ नं वडा हुँदै १४ नम्बरबाट सिंघियामा पठाउने ।<br>* नालीको आकार वर्षाको पानी थेग्न सक्ने क्षमताको बनाउने ।<br>* यसमा भएको प्राविधिक कमजोरी हटाउने ।<br>* प्लटिङ्ग गर्दा गहिरो र डुब्ने ठाउँमा नगर्न नियमन गर्ने । | **करिव ५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्षभित्र |
| **वडा नं. १३** | | | | | | | |
| | **वडाको सबै क्षेत्रमा व्यवस्थित नाली नहुनु, माथिल्लो भागको पानी यतै भएर बग्नु र गहिरो भूभाग भएकोले डुवानको समस्या** | * सबैभन्दा बढी डुवानको समस्या भएकोले नाला निर्माण गरेर रोडशेष देखि छुट्टै नाली मलायारोड देखि वडा नं. १५ को मण्ठा पोखरी सम्म लगेर छाडेमा डुवानको समस्या समाधान हुन्छ ।<br>* प्रत्येक टोलका नालीहरु क्लियर गर्ने । | **५० लाख** | | | | |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| **वडा नं. १४** | | | | | | | |
| | **कोशी राजमार्ग पूर्वको माथिल्लो क्षेत्रको पानी, हाइवे पश्चिममा रहेका वडा नं. १३, १५ सबै र १२ को केही, पानीसंग नाली र सौचालयको प्रदूषित पानी, सिंघिया खोलाको पानी बाढी आउँदा र यो वडामा परेको पानीले पनि वडालाई डुवाउँछ।** | * सडक र रेलवेमा रहेका ८ फुटका कल्भर्ट (निकास) लाई चौडा गर्ने वा करसेकम २५ फुटको बनाउने।<br>* नालीहरु सफा राख्ने र ढल नालाको क्षमतालाई बढाउने।<br>* बिराटनगरको सबै प्रदुषित पानी यहि वडामा जाने भएकोले प्रदुषण बढ्दै गएको छ। व्यवस्थित ढलनाला निर्माण गर्ने।<br>* बिराटनगरको डम्पिङ्ग साईट वडानं. ८ र १४ को सिमानामा रहेको छ। पछि यसले प्रदुषणको ठूलो समस्या आउने भएकोले यसलाई व्यवस्थित गर्नु पर्ने।<br>* सिंघिया खोलाको माथिल्लो भाग वडा नं. १, २, ७, ८, १४ र १८ को अन्त्य सम्म तटबन्धन गर्ने। खोला किनारमा ग्रिनवेल्ट बनाउने र खोला किनारमा सडक निर्माण गर्ने। | ???<br><br>**५० लाख**<br><br>??? | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |
| **वडा नं. १५** | | | | | | | |
| | **घरहरु भन्दा हाईवे अग्लो छ र सडकको नाली पनि अग्लो छ। धेरै माथिदेखि आएको पानीका कारण डुवान हुन्छ । हाईवे बाट वडा नं. १४ तिर पानी जान हाईवेमा २ वटा साना कल्भर्ट मात्र छन् पुरै पानी जान सक्दैन । वडा नं. १४ मा पनि घोघा व्लक भएकोले पानी राम्ररी जान सक्दैन।** | * हाईवेको साइडमा रोडशेषचोक देखि नाली निर्माण गर्ने र सबै टोलको पानी त्यो नालीमा मिसाउने।<br>* वडाका सबै नालीहरुको पानीको निकाशका लागि हाईवेमा च्यानल बेनेको छ, त्यसैबाट वडा नं. १४ को घोघामा पठाउने र वडा नं. १४ को घोघा क्लियर गर्ने। | **१ करोड**<br><br>**५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार | यसैवर्ष देखि आरम्भ गरी ३ वर्षभित्र सम्पन्न गर्ने |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| **वडा नं. १६** | | | | | | | |
| | **केशलीया बढेर धारीमा पस्छ र धारी खोलाले गाउँमा पसेर पुरै वस्ती डुवाउँछ । भारतको वोर्डरमा अग्लो बाटो बनेकोले पानी फेरि यतै फर्किन्छ ।** | * केशलिया खोलामा कमसेकम ४ फिट अग्लो तटबन्ध निर्माण गर्ने ।<br>* धारी खोलालाई सफा गरेर निकास हुने व्यवस्था गर्ने ।<br>* दशगजा नजिक पानीको ड्रेन बनाएर माथिल्लो क्षेत्रबाट आएको पानीलाई निकास गर्ने ।<br>* वडाका सबै टोलहरुमा नालीहरुको निर्माण गर्ने । | ???<br><br>**५ लाख**<br>**५० लाख**<br>**३० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |
| **वडा नं. १७** | | | | | | | |
| | **लाईन क्वाटर दक्षिण हिमालय राईस मिल टोल, ईस्लामपुर गफुरटोल पूर्व पर्तिटोल**<br>**कासिम टोल पूर्व डंग्राहा टोलहरुमा माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने गरेको छ ।**<br>**अन्तर्राष्ट्रिय कस्टम अफिस (ICP) को पर्खालले पानीको बहाव रोकेर डुवान हुन्छ ।** | * IPC को पहिलेको बहाव हुने ईस्लामपुरको दक्षिणी खोक्साहामा खोलेर भेडिहारी तिर पानी पठाउने । त्यहाँ खोला छ त्यसमा मिसाउने ।<br>* वडा नं. १७ बाट जाने डंग्राहा पैनीबाट गएको पानी ८ फुटेलाई हटाएर कमसेकम १५ फुटे निर्माण गर्नुपर्दछ । | **३० लाख**<br><br>**३० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार | यसैवर्ष देखि आरम्भ गरी ३ वर्षभित्र सम्पन्न गर्ने |
| **वडा नं. १८** | | | | | | | |
| | **झटियाही,लवटोलिया फडानी, नावघाट दमादिघी, भेडिहारी** | * सडक र रेलवेमा रहेका ८ फुटका कल्भर्ट (निकास) लाई चौडा गर्ने वा कमसेकम २५ फुटको बनाउने ।<br>* बिराटनगरको सबै प्रदुषित पानी यहि वडामा जाने | ??? | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | **खोक्सा टोलहरुमा माथिल्लो क्षेत्रको पानीले डुवान गर्ने । भारततिरबाट पनि पानी आएर डुवाउँछ । सिंघियाको पानी पनि जान्छ ।** | भएकोले बाढीको समयमा प्रदुषण बढ्दै गएको छ । व्यवस्थित ढलनाला निर्माण गर्ने ।<br>* सिंघिया खोलाको माथिल्लो भाग वडा नं. १, २, ७, ८, १४ र १८ को अन्त्य सम्म तटबन्धन गर्ने । खोला किनारमा ग्रिनवेल्ट बनाउने र खोला किनारमा सडक निर्माण गर्ने । | **५० लाख**<br>??? | | | | सम्पन्न गर्ने |
| **वडा नं. १९** | | | | | | | |
| | **सिंघिया खोलाको बाढीको उच्च जोखिममा रहेका शिशवनी टोलका ५० घर, धनपुराका ८ घर, खापटोलका ३५ घर र काठेपुलका २० घर मुसहर वस्ती** | * उच्च जोखिममा रहेका घरधुरीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।<br>* वस्तीको नजिकमा रहेको सिंघिया खोलाको खापटोल देखि धनपुरा सम्म करिव २.५ किलोमिटर क्षेत्रमा तटबन्ध निर्माण गर्ने ।<br>* खोला किनारमा बाँस लगायत बहुउपयोगी वृक्षारोपण गर्ने । | **करिव ५० लाख**<br>??? | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार | यसैवर्ष देखि आरम्भ गरी ५ वर्षभित्र सम्पन्न गर्ने |
| | **घिनाघाट देखि उत्तर खापटोल सम्मको खोला किनारको क्षेत्र** | * घिनाघाटको उत्तरतर्फबाट बग्ने पानीको निकासका लागि सडक मुनी ठूलो **ह्युम पाईप** गाडेर पानी निकास गराई सिंघियामा मिसाउने ।<br>* सिंघिया खोलाले माथिबाट हान्ने लखन्तरी र महानगरपालिकाको सिमानामा २०० मिटर **तटबन्ध** निर्माण गर्ने ।<br>* **नयाँवस्तीको ढल** निकास गर्ने । | **४ लाख**<br>**करिव ५० लाख**<br>**करिव ५ लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार | २ वर्षभित्र |
| | **शिवजी आ.वि. पूर्व सरदार टोल(१३ घर)**<br>**कुरन्वा खोलाको बाढीले हरेकवर्ष डुवान गर्ने, घर भत्किने र बाली** | * सिमानाको कुरन्वा खोलालाई स्काईबेटर लगाएर सफा गर्ने वा अवरोधहरु हटाउने ।<br>* NCell टावर पूर्वको भौडाहा जाने सडकमा कुरन्वा खोलामा पुल वा कल्भर्ट निर्माण गर्ने र सोभन्दा दक्षिणमा खोला सफा गर्ने । | **५० लाख**<br>**करिव १ करोड** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | प्रदेश सरकार<br>महानगरपालिका<br>गैरसरकारी तथा सामाजिक संस्थाहरु | २ वर्ष भित्र |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | **क्षति हुने** | * यसो गर्दा सो भागमा १ बिगाहा जति ऐलानी जग्गा निस्कन्छ सो स्थानमा असुरक्षित वस्तीलाई व्यवस्थापन गर्ने | | | | | |
| | **धद्रा खोला किनारमा धर्माटोलका ६ र खद्रा टोलका ५ घर उच्च जोखिममा** | * खद्रा खोलालाई स्काईवेटर लगाएर सफा गर्ने ।<br>* खद्रा टोलमा करिव २०० मिटर तटबन्ध गर्ने ।<br>* खोला किनारमा बाँस खेती गर्ने । | **५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका | | २ वर्ष भित्र |
| | **मिलनचोक दक्षिण कटहरी जोड्ने सडकमा खवास टोल र राजवंशी टोलमा पैनी खोलाको पानी ओभरफ्लो भएर डुवान हुने** | * मिलनचोक-कटहरी सडकको राजवंशी टोलमा पानीको निकास नहुँदा जाम भएर वर्षाको समयमा डुबान हुने भएकोले सडकको पूर्वतर्फ नाली निर्माण गरेर पानी जाने व्यवस्था मिलाउने ।<br>* पासलालको घर नजिक ह्युम पाईपको बदलामा कलभर्ट निर्माण गर्ने ।<br>* वडाका सबै नाली र खोलाहरुलाई सफागरी पानीको निकास गराउने । | **१ लाख**<br>**१० लाख**<br>**१ लाख** | वडा समिति | महानगरपालिका | गैरसरकारी तथा सामाजिक संस्थाहरु | १ वर्ष भित्र |
| | **मिलनचोक तथा विराटनगर -बिराट चोक सडकको उत्तरी भागमा हुने बाढी तथा डुवान** | * **मिलनचोक उत्तर**को पानी निकासको लागि जागेश्वरको घरदेखि मिलनचोकसम्म करिव ७५० मिटर नाली निर्माण गरी ढल निकासको व्यवस्था गर्ने ।<br>* मिलनचोक उत्तर **पोखरीको डिलमा** करिव १०० मिटर लम्बाई र ४ फिट अग्लो ग्याविनवाल निर्माण गर्ने । | **१ लाख**<br>**५ लाख** | वडा समिति | महानगरपालिका | गैरसरकारी तथा सामाजिक संस्थाहरु | १ वर्ष भित्र |
| **३. सडक दुर्घटना** | | | | | | | |
| | **सडक दुर्घटना**<br>**ट्राफिक व्यवस्थापनमा कमजोरी, सडकमा नै हटिया लाग्ने, मादक पदार्थको खुल्ला व्यापार र बोर्डरबाट लागु औषध भित्रिने र यसको सेवन गरेर** | * सडकमै हटिया लगाउन नदिई **हटियालाई अन्यत्र व्यवस्थापन** गर्ने ।<br>* मुख्य सडकहरुमा **जेब्रा कसिङ्ग** निर्माण गर्ने ।<br>* व्यस्त सडक हुने क्षेत्रका चोक तथा टोलमा सडक **सचेतना होडिङ्गबोर्ड** राख्ने ।<br>* **ट्राफिक व्यवस्था** कडा बनाई सडक सुशासन कार्यक्रम | **करिव २० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>ट्राफिक प्रहरी<br>नेपाल प्रहरी | प्रदेश सरकार | १ वर्षभित्र सम्पन्न गर्ने |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | **सवारी चलाउने,साँढे, घरपालुवा छाडा पशु चौपायाहरु र भुस्याहा कुकुरको संख्यामा अत्यधिक बृद्धि भएको र ति सडकमा नै दौडिरहने, फुटपाथमा व्यापार गरेका कारण मानिसहरु सडकबाट हिंड्न बाध्य हुनु, निर्माण सामग्रीहरु सडकमा राख्ने गर्नु, सडकमा टाँसिएका घरहरु र बालबालिका सडकमा नै खेल्ने हुनाले सडक दुर्घटना हुने गरेको छ ।** | सञ्चालन गर्ने ।<br>* बजारक्षेत्रमा, पशु आवतजावत गर्ने स्थान, घुम्ती तथा मोडहरुमा २*३ साईजका टल्कीने **होडिङ्गबोर्ड**हरु राख्ने ।<br>* **सडक पेटीमा** सामान फिंजाउन र व्यापार गर्न रोक लगाउने ।<br>* सडक किनारामा **निर्माण सामग्री** भण्डार गर्न नदिने ।<br>* भुस्याहा कुकुर नियन्त्रण तथा छाडा पशुचौपायाको उचित व्यवस्थापन गर्ने नीति तयार गरी कार्यानवयन गर्ने ।<br>* वडागतरुपमा सडक प्रयोग सम्बन्धी अभिमुखिकरण गर्ने ।<br>* | | | | | |
| **४. (क) जनावर आतङ्क (घरपालुवा जनावर र छाडा साँढे साँढी)** | | | | | | | |
| | **साँढे साँढीहरु, छाडा चरणका गाई, भैंसी, बाखाहरु, छाडिएका बुढापशुहरु सडकमा भौतारिईरहेका हुन्छन् मानिसलाई हान्ने, बाली विनास गर्ने, पसलको सामान नष्ट गर्ने र सडक दुर्घटना गराउने भएकोले जनजीवन कष्टकर बनाएका छन् । यो समस्या सबै वडामा छ ।** | * हाल भएका साँढे साँढीहरुलाई कोशी टप्पु वन्यजन्तु आरक्षमा लगेर छाडिदिने ।<br>* धर्मको नाममा साँढे छोड्नेलाई गाउँ शहरमा हैन की साँढे छोड्ने संस्कारमा परिवर्तन गरी जङ्गलमा लगेर छाड्न नियम बनाई कार्यान्वयन गर्ने ।<br>* त्यसै छाडिएका बुढा पशुहरुलाई पनि वन्यजन्तु आरक्षमा लगेर छाड्ने ।<br>* घरपालुवा पशुहरुलाई खुल्ला छाड्न निषेध गर्ने गरी नियम बनाई कार्यान्वयन गर्ने । जरिवाना गर्ने नियम बनाउने ।<br>* वडा नं. १५ आसपास, बीच शहरी क्षेत्र र माथिल्लो क्षेत्रमा आवश्यकतानुसार कान्जी हाउस बनाउने र छाडा पशु चौपायाहरुलाई त्यहाँ राखेर जरिवाना गर्ने संयन्त्रको विकास गर्ने । | **करिव ५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति<br>पशु सेवा कार्यालय | प्रदेश सरकार | १ वर्षभित्र सम्पन्न गर्ने |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| **४. (ख) जनावर आतङ्क (भूस्याहा कुकुर)** | | | | | | | |
| | **सबै वडामा भुस्याहा कुकुरका हुलका हुल छन् । जसले हरेक महिना ५० जना भन्दा बढीलाई टोकेको छ, बालबालिका विद्यालय जाँदा समस्या हुने, सडक दुर्घटना गराउने, प्रातः तथा संध्या भ्रमणमा खतरा हुने, बाखाका पाठा, हाँस, कुखुरा पनि मार्ने गरेको छ ।** | * भुस्याहा कुकुर नियन्त्रणको लागि गम्भिररुपमा पहल गर्ने ।<br>* डाँगोलाई वन्ध्याकरण र छाउरी लाई डिपोप्रोभेरा पद्धती अपनाउने ।<br>* कुकुरपालकहरुलाई खुल्ला नछाड्न निर्देशन गर्ने ।<br>* कुकुरहरुलाई एण्टिरेविज भ्याक्सिन दिने प्रवन्ध गर्ने ।<br>* रेविज लागेका कुकुरहरुलाई तत्काल मार्ने व्यवस्था गर्ने ।<br>* विशेषगरी कुकुरको प्रजननको समयमा छाउरीहरुलाई खुल्ला नछोड्ने वा बन्द गरेर राख्ने व्यवस्था मिलाउने । | ??? | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति<br>पशु सेवा कार्यालय | प्रदेश सरकार<br>सामाजिक संस्थाहरु | १ वर्षभित्र |
| **४. (ग) जनावर आतङ्क (सुंगुर)** | | | | | | | |
| | **वडा नं. ११ का डुम जातिले करिव ५०० को संख्यामा खुल्ला रुपमा पालेका सुँगुरहरुले दिन रात नै गाउँ पसेर घर कोट्याउने, भत्काउने, बाली विनास, परालको टाल भत्काउने, बाखालाई पनि लखेट्ने, मार्ने र मानिसलाई पनि घाइते बनाउने गर्छन् । यी सुँगुरहरुका कारण वडा नं. ५, ६, ११, १२ र हाईवे** | * यहाँ पालेका सुँगुर हरुका कारण अरु नजिकका वडाहरुमा समेत व्यापक असर परिरहेकोले त्यसलाई व्यवस्थित गर्न नियम तथा कानुन बनाउने र नियमन गर्ने ।<br>* सुँगुरहरुलाई खोरमा व्यवस्थित पाल्ने व्यवस्था मिलाउने ।<br>* डुम टोलमा जनचेतना जागरण गराउने ।<br>* | **५० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति<br>पशु सेवा कार्यालय | प्रदेश सरकार<br>सामाजिक संस्थाहरु | १ वर्षभित्र |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | पूर्व पनि आतंकित छ | | | | | | |
| **५. प्रदूषण** | | | | | | | |
| | ***नालीमा सौचालयको फोहोर, खसी, कुखुरा, माछा काटेर बेच्नेले सबै फोहोरहरु नालीमा नै हाली दिने गर्छन ।**<br>***सौचालयका लागि छुट्टै ढलको व्यवस्था गरिएको छैन । बाह्रै महिना नालीमा फोहोर भैरहन्छ ।**<br>***वडा नं. ३ को माथिल्लो क्षेत्र बाहेक खानेपानीका पाईपहरु धेरै पुराना र फुटेका छन् ।**<br>***बंगुर पालन छाडा रुपमा गरिएको छ ।**<br>***सडकको धुलो सफा गर्ने चलन नभएकोले हावाहुरीको बेला व्यापक धुलो उडेर वायु प्रदूषण बढेको छ ।**<br>***घरबाट निस्कने फोहोर सडकमा जथाभावि छन् ।** | * खसी कुखुरा काट्ने, माछा व्यापारीहरुबाट हुने प्रदूषणको रोकथामको लागि व्यवस्थित फ्रेसहाउस र पशु बधशालाको स्थान निर्धारण गरी व्यवस्था गर्ने ।<br>* खुल्लारुपमा सञ्चालित फ्रेसहाउस बन्द गर्ने र व्यवस्थित रुपमा चलाउन मापदण्ड निर्धारण गर्ने ।<br>* फ्रेसहाउसको फोहोरलाई व्यवस्थित गर्न नियमन र प्रभावकारी अनुगमन गर्ने । नालीमा फोहोर फाल्न नदिने ।<br>* सबै टोलहरुमा नाली निर्माण गरेर त्यसको निकास खोला तथा पैनीमा पुऱ्याउने ।<br>* सबै खानेपानी आयोजनाहरुमा फिल्टरको व्यवस्था गरी खानेपानीको स्वच्छता कायम गर्ने ।<br>* खानेपानीका पुराना पाईपहरु फेर्ने ।<br>* सौचालयको लागि ढल निर्माण अनिवार्य भएको ।<br>* छाडा बंगुर तथा चौपायाहरुहरुको उचित व्यवस्थापनका लागि आवश्यक नीति तयार गरी कार्यान्वयन गर्ने ।<br>* प्लास्टिक मुक्त महानगरको रुपमा विकास गर्ने ।<br>* सबै वडाका सबै टोलका मा डस्टविनहरुको व्यवस्था गर्ने र प्रत्येक दिन फोहोर उठाउने व्यवस्था मिलाउने ।<br>* सरसफाई कार्यक्रममा सबै घरलाई अनिवार्य सदस्य बनाउने ।<br>* फोहोर गर्नेलाई जरिवाना गर्ने प्रवन्ध मिलाउने । यसका लागि टोल विकास संस्थाहरुसंग समन्वय गर्ने ।<br>* सौचालय नालीमा मिसाउनेलाई सार्वजनिक अपराध | **करिव ५० लाख**<br>**करिव २ करोड**<br>**करिव ५ करोड**<br>**नियमित कार्यक्रमलाई व्यवस्थित गर्दा पनि हुन्छ ।** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति<br>पशु सेवा कार्यालय | प्रदेश सरकार<br>सामाजिक संस्थाहरु | तत्काल शुरु गरेर २ वर्षभित्र सम्पन्न गर्ने |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | ***पशुहरु पनि छाडा नै हुने गर्छन ।**<br>***नालीको पानीको बाईपास नभएकोले अत्यन्तै प्रदुषित र दुर्गन्धित छ ।**<br>***उद्योग, अस्पताल हरुको प्रदूषित पानीका कारण प्रदूषण बढेको ।**<br>***स्मसान घाट पनि व्यवस्थित नहुँदा प्रदुषण बेढेको छ ।** | अन्तरगत सख्त कारवाही गर्ने ।<br>* सरसफाईमा कडा नीति अपनाउने । सूचना दिनेलाई पुरस्कृत गर्ने ।<br>* स्मशानघाटलाई व्यवस्थितरुपमा निर्माण गर्ने ।<br>* उद्योगबाट उत्सर्जन हुने प्रदूषित पानीलाई प्रसोधन गरेर मात्र नालीमा बगाउन नियमन गर्ने ।<br>* होटलको फोहोर, अस्पतालको फोहोर , सिसाजन्य वस्तुहरुको उचित व्यवस्थापनका लागि होटल, अस्पताल तथा उद्योगहरुलाई व्यवस्थापनका लागि नियमन गर्ने र परेमा आवश्यक जरिवाना गर्ने । | | | | | |
| **६. आगलागी र हावाहुरी** | | | | | | | |
| | **महानगरपालिका भित्र करिब ६,०४६ घरहरु सुकुम्वासी र अरुको जग्गामा बसेका छन् भने करिव २,०८३ घरहरु परालले छाएका छन् । पराल र काठका घरमा आगलागी र हावाहुरीको प्रकोप अधिक रहेको छ ।** | * आगलागीको प्रमुख कारकतत्वको रुपमा रहेको बाँस र पराल प्रयोग गरी निर्माण भएका अति विपन्न करिव घर टहरा सुकुम्बासी घरधुरीका झुप्रा घरहरु भएकोले कमसेकम **कर्कटपाताको छाना** भएका घर निर्माण गर्ने ।<br>* सुकुम्वासीवस्तीहरुलाई सुरक्षित स्थानमा एकिकृत वस्तीको रुपमा विकास गर्ने ।<br>* व्यवस्थित र सुरक्षित घरहरु निर्माण गर्न नसक्नुको कारक तत्व गरिबी भएकोले **जीविकोपार्जनका विकल्पहरु**को खोजी गरी कार्यान्वयन गर्ने ।<br>* होचा घरहरु भएकोले पनि आगलागीको जोखिम बढेकोले अब बन्ने घरहरु **केही अग्ला** निर्माण गर्ने ।<br>* बाक्लै वा जोडिएका घरहरुको निर्माण नगरी सम्भव | **सम्पूर्ण सुकुम्वासी व्यवस्थापन गर्न करिव १ अर्व ५० करोडको आवश्यकता पर्नजान्छ ।** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति | प्रदेश सरकार<br>संघीय सरकार<br>सामाजिक संस्थाहरु | तत्काल शुरु गरेर ३ वर्षभित्र सम्पन्न गर्ने |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | | भएसम्म **केही दूरीमा** घर निर्माण गर्ने ।<br>* सबै वडाका टोलसम्म **दमकल पुग्ने बाटो**को निर्माण गर्ने ।<br>* शहरी क्षेत्रमा ११ तल्ला सम्मका घरहरु छन् तर दमकलको क्षमता ३ तल्लासम्म मात्र भएकोले बढी क्षमताको दमकलका लागि प्रयाश गर्ने ।<br>* आगलागीको समयमा दमकलमा पानी भर्न Water Point का लागि उपयुक्त ३ स्थानहरुमा पोखरी निर्माण गर्ने र सो स्थानमा पार्क समेत बनाउने । | **करिव १ करोड**<br><br>**करिव ५० लाख** | | | | |
| **७. शीतलहर** | | | | | | | |
| | **शीतलहरको प्रकोप विपन्न ग्रामिण वस्ती तथा सुकुम्वासी वस्तीहरुमा बढी छ र मानवीय क्षतिका अतिरिक्त हिउँदे वाली र पशु चौपायामा बढी नै क्षति हुने गरेको छ ।** | * शीतलहरको बढी प्रभाव ग्रामीण र विपन्न वस्तीमा हुने हुन्छ । महानगरपालिकाका दशौं हजार घरहरु कमजोर प्रकृतिका छन् । यस्ता घरहरुको क्षमता विकास गर्नु पर्छ ।<br>* गरिबीको न्यूनीकरणका लागि कृषिको माध्यमबाट आर्थिक समृद्धिको योजना तयार गरी कार्यान्वयन गर्ने ।<br>* शीतलहरको समयमा पूर्व चेतावनीका कुराहरु सञ्चार माध्यम र पोष्टर, पम्पलेटबाट आम समुदायमा गराउने ।<br>* तरकारी उत्पादन गर्ने किसानले टनेलमा खेती गर्ने प्रविधिको विकास गर्ने । | **करिव १ करोड** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति | प्रदेश सरकार<br>संघीय सरकार<br>सामाजिक संस्थाहरु | तत्काल शुरु गरेर ३ वर्षभित्र सम्पन्न गर्ने |
| **८. विद्युत दुर्घटना** | | | | | | | |
| | **केही विद्युत पोलहरु गुणस्तरीय छैनन् । सडकमा पोलहरु व्यवस्थित गाडिएका पनि छैनन् । विद्युत हुकिङ्ग गरेर प्रयोग गर्ने गरिएको ।** | * **विद्युत हुकिङ्ग** गरी चोरी गर्ने प्रचलन रहेकोले यसलाई तत्काल रोक लगाउने ।<br>* **अर्थिङ्ग** सहितका व्यवस्थित विद्युत वायरिङ गर्ने ।<br>* विद्युत वायरिङ्ग गर्दा **लुज तारको** प्रयोग नगर्ने ।<br>* काठ र बाँसका कमजोर पोलहरु फेरबदल गरेर **बलियो** | | वडा समिति<br>विद्युत प्राधिकरण | महानगरपालिका | गैरसरकारी तथा सामाजिक संस्थाहरु | १ वर्ष भित्र |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | | **पोल**हरुबाट विद्युतीकरण गर्ने ।<br>* विद्युत प्रयोग सम्बन्धी **सचेतीकरण** गर्ने । | | | | | |
| **९. महामारी** | | | | | | | |
| | **प्रदुषित खानेपानी, नालीमा फोहोर जम्नाले र विशेष गरी तल्लो क्षेत्रमा माथिल्लो क्षेत्रको प्रदुषित पानी गएर जम्नाले जण्डिस, पेटको समस्या, टाइफाइट,** झाडापखाला **आदिका महामारी र लामखुट्टेका कारण डेन्गुको महामारी बढ्दै गएको ।** | * सरसफाईमा कडा नीति अपनाउने । सूचना दिनेलाई पुरस्कृत गर्ने ।<br>* लामखुट्टेको नियन्त्रणका लागि समय समयमा औषधी छर्कने ।<br>* सबै टोलहरुमा नाली निर्माण गरी निकासको व्यवस्था गर्ने,<br>* आयल निगम अगाडि ट्याँकरवालाहरुले फोहोर बोरामा हालेर नालीमा फाल्ने गरेकोले यसलाई बन्द गर्न कारबाहीको दायरामा ल्याउने ।<br>* सडकको नाली नियमित सफा गर्ने ।<br>* खानेपानीका पुराना पाईपहरु फेर्ने र खानेपानीका आयोजनाहरुमा अनिवार्यरुपमा फिल्टरको व्यवस्था गर्ने/गराउने ।<br>* बिभिन्न स्थानमा पशु बधशालाको निर्माण गर्ने ।<br>* माछा मासु फुटपाथमा भुईमा वा खाटमा राखेर बेच्न निषेध गर्ने ।<br>* सरसफाई सम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने । यसका लागि टोल विकास संस्थाहरु र साझेदार संस्थाहरु संग समन्वय गर्ने । | **करिव १० लाख**<br>**करिव २ करोड**<br>**१ करोड** | वडा समिति<br>खानेपानी संस्थान | महानगरपालिका | प्रदेश सरकार<br>संघीय सरकार<br>गैरसरकारी तथा सामाजिक संस्थाहरु | २ वर्ष भित्र |
| **१०. जलवायु परिवर्तन र हरियाली शहर विराटनगर** | | | | | | | |
| | **जलवायु परिवर्तनको प्रभाव उच्च रहेको, निरन्तर तापक्रम** | महानगरपालिकाको पहिलो नमूनाकोरुपमा वडा नं ३ को पूर्वतर्फको नहरलाई व्यवस्थित गर्ने । जसमा निम्न कामहरु गर्ने : | **करिव १० करोड र क्रमशः गर्दै** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति<br>वन कार्यालय | प्रदेश सरकार<br>संघीय सरकार<br>सामाजिक संस्थाहरु | तत्काल शुरु गरेर ३ वर्षभित्र सम्पन्न गर्ने |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | **बढ्दै गएको, रुखविरुवाहरु मासिंदै गएको, सडक विस्तारसंगै धेरै रुखहरु काटिएका, नहरहरु मासिंदै पानी बग्न छाडेका, हरियालीपना निरन्तर कम हुँदै गएको ।** | ✓ नहरको २ तिर ब्लक हालेर ४ फुटको बाटो बनाउने,<br>✓ दुवैतिर आलंकारिक विरुवाहरु लगाउने ।<br>✓ ठाउँ ठाउँमा फलैंचा बनाउने ।<br>✓ नहरलाई सफा गरेर २ तिर भित्तामा ढुङ्गाको गारो मिलाएर लगाउने । <br>✓ वाइपास कल्भर्टहरु निर्माण गर्ने ।<br>✓ बाँस, काठ र फलामका पुलहरु ठाउँठाउँमा निर्माण गर्ने ।<br>✓ यो क्षेत्रलाई फ्रि वाईफाई जोनको रुपमा विकास गर्ने<br>✓ यो क्षेत्रलाई हरियाली क्षेत्र, आत्मीयता, प्रकृति प्रेम, मायाँलु वातावरण, प्रातः भ्रमण, सन्ध्याकालिन भ्रमणका लागि उपयुक्त, बालबालिकाहरुका लागि मनमोहक बनाउने । जसले शहरको सौन्दर्यतामा बृद्धि गर्नुका साथै हरियाली र जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्न सहयोग गर्नेछ ।<br>✓ यो कार्य सम्पन्न गर्न सो ठाउँमा रहेका टोल विकास संस्थाहरुसंग कार्यगत साझेदारी गर्ने ।<br>* वडा नं. ३ को माथिको मोडलमा पश्चिमको नहरमा पनि गर्न सकिने भएकोले यसको व्यवस्थित योजना बनाएर काम गर्ने ।<br>* **"हरेक घर २ विरुवा जग्गा भए खाली, नभएमा गमला दश छतमै हरियाली"** अभियान चलाउने ।<br>* सबै वडाका ऐलानी जग्गाहरुको पहिचान गर्ने र घेराबार गर्ने । पार्क, खेलकुद मैदान बनाउने र खुल्ला क्षेत्रको रुपमा विकास गर्ने दमकलको लागि पानीको स्रोतका लागि पोखरीहरु निर्माण गर्ने । | **जाने** | | | | |

| क्रसं | समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित लागत | मूख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | | * ऐलानी जग्गामा बसोबास गरेका जग्गा भएकाहरुलाई न्यायोचित रुपमा हटाउने । ऐलानी जग्गा अतिक्रमण हुनबाट रोक्ने ।<br>* सार्वजनिक ऐलानी जग्गा व्यक्ति वा संस्थाहरुलाई भोगाधिकार दिन बन्द गर्ने ।<br>* ऐलानी जग्गाहरुको थप पहिचान गरी स्थानीयहरुको साझेदारीमा पार्क तथा हरियाली क्षेत्रको रुपमा विकास गर्ने<br>* वडा भित्रका नदी नहरलाई ग्रिनपार्क र सुरक्षित स्थानको रुपमा विकास गर्ने ।<br>* यसैगरी महानगरपालिका सबै वडाहरुमा यस्तै प्रकारका योजनाहरु तयार गरी कार्यान्वयन गर्दै जाने ।<br>* प्रत्येक नहर र घोघाको दुबतिर डिलमा आलंकारिक विरुवा वृक्षारोपण गर्ने र खोलाको किनारमा बाँस खेती गरी तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकहरुको जीविकोपार्जन सुधारका लागि संरक्षण र उपयोग गर्ने । | | | | | |
| **११. सुख्खाखडेरी** | | | | | | | |
| | **महानगरपालिकाका ग्रामिण क्षेत्रहरुमा अत्यधिक खेतहरु भएको र सिंचाईको सुविधा नहुँदा समयमा खेती लगाउन नसकिने र उत्पादनमा कमी** | * यसै योजनाको **खण्ड ३.४** को तालिकामा उल्लेख भए अनुसार करिव **१६ स्थानमा डिप बोरिङ्ग** लगायतका योजनाहरु तयार गरी कार्यान्वयन गर्ने ।<br>* हाल भएका नहरहरुको मर्मत सम्भार गरी पानी सुचारु गराउने । | **करिव ११ करोड**<br><br>**२० लाख** | महानगरपालिका<br>वडा समिति | महानगरपालिका<br>वडा समिति | प्रदेश सरकार, संघीय सरकार जिल्ला सिंचाई कार्यालय, भूमिगत जलस्रोत डिभिजन, गैससहरु | ३ वर्ष भित्र |

### ३.१.४ आपतकालिन प्रतिकार्य योजना

महानगरपालिका भित्र कुनै समयमा विपद् परेमा प्रभावितहरुको उद्धार, जीवनरक्षा र सम्पत्ति संरक्षणका लागि आपतकालिन समयमा गर्नुपर्ने क्रियाकलापहरुलाई यसमा उल्लेख गरिएको छ । यसमा विशेषगरी हराएकाहरुको खोजी, प्रभावितको उद्धार, सुरक्षा निकायमा खवर, आपतकालिन बसोबास र राहत व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरु रहेका छन् ।

| समयावधि | सञ्चालन गर्ने गतिविधि | मुख्य जिम्मेवारी |
|---|---|---|
| ० देखि २४ घण्टा भित्र | * क्षति तथा नोक्सानीको प्रारम्भिक जानकारी लिन आरम्भ गर्ने । | विपद् व्यवस्थापन समितिका सदस्यहरु |
| | * सुरक्षा निकाय, रेडक्रस, महानगरपालिकामा प्रारम्भिक अवस्थाको जानकारी गराउने र सहयोगका लागि अनुरोध गर्ने । | वडास्तरीय विपद् व्यवस्थापन समिति |
| | * साईरन बजाउने । साईरन नभएमा सिट्ठी बजाउने । (फोन सम्पर्क हुन नसकेमा) | वडाका नागरिकहरु |
| | * वडास्तरीय विपद् व्यवस्थापन समितिको **आपत्कालीन बैठक** बस्ने । (२ घण्टाभित्र) | वडास्तरीय विपद् व्यवस्थापन समिति |
| | * महानगरपालिकामा गठित स्थानीय विपद् व्यवस्थापन समितिको **आपतकालिन बैठक** बस्ने । (४ घण्टाभित्र) | स्थानीय विपद् व्यवस्थापन समिति |
| | * स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र (LEOC) लाई सक्रिय गराउने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| | * महानगरपालिका, सुरक्षा निकायहरु, रेडक्रस, स्थानीय साझेदार संस्था, उद्योग बाणिज्य संघ, व्यापार संघहरु तथा युथ भोलेन्टियरहरुको **कमाण्ड पोष्ट** महानगरपालिकामा गठन गर्ने । | महानगरपालिका |
| | * तालिम प्राप्त खोज तथा उद्धार, प्राथमिक उपचार र आवास, खाद्यान्न तथा खानेपानी **कार्यदलहरुको परिचालन** गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| | * सुरक्षा निकाय, रेडक्रस, नगरपालिका तथा विपद्को क्षेत्रमा कामगर्ने संघसंस्थाहरुलाई **खोज, उद्धार र राह**तको लागि अनुरोध गरी परिचालन गराउने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| | * आवश्यकता अनुसार महानगरपालिकाको समन्वयमा एम्बुलेन्स, दमकल परिचालन गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| | * सुरक्षित स्थानमा, विद्यालय तथा सामुदायिक भवनहरुमा विपद् प्रभावितहरुलाई राख्ने र सो सम्भव नभएमा त्रिपालको प्रयोग गरी सेल्टर निर्माण गर्ने । सेल्टरको निर्माण गर्दा अस्थायी सौचालय समेत निर्माण गर्ने । यसो गर्दा स्फेयर तथा **आधारभूत मानवीय सहायता मापदण्डका (CHS)** लाई ख्याल गर्नुपर्नेछ । (खण्ड ३.४ अनुसार) | सुरक्षा निकाय, खोज तथा उद्धार कार्यदल |

| समयावधि | सञ्चालन गर्ने गतिविधि | मुख्य जिम्मेवारी |
|---|---|---|
| | * सामान्य प्रकृयाबाट नै भएपनि प्रारम्भिक **तथ्याङ्क संकलन** गर्ने । | सुरक्षा निकाय, वडा समिति, रेडक्रस |
| | * विपद् प्रभावितहरुलाई आवश्यकताका आधारमा खाद्यान्न, पानी तथा गैरखाद्य **राहतको व्यवस्था** गर्ने । राहतमा महिला मैत्री, बाल मैत्री, जेष्ठ नागरिक मैत्री र आधारभूत मानवीय सहायता मापदण्ड अनुसार हुनुपर्ने कुराको सुनिश्चित गर्ने । | वडास्तरीय विपद् व्यवस्थापन समिति<br>स्थानीय विपद् व्यवस्थापन समिति<br>नेपाल रेडक्रस सोसाइटी |
| | * क्षति तथा नोक्सानीको प्रारम्भिक विवरण तयार गरी महानगरपालिका, सुरक्षा निकाय, रेडक्रस, जिल्ला विपद् व्यवस्थापन समिति आदिमा **प्रतिवेदन** पठाउने । | वडास्तरीय विपद् व्यवस्थापन समिति<br>स्थानीय विपद् व्यवस्थापन समिति |
| | * प्राथमिक उपचारका लागि नजिकका स्वास्थ्य केन्द्रहरुमा अनुरोध गर्ने र **थप उपचार**को लागि नजिकको अस्पताल वा उपचार केन्द्रहरुमा पठाउने र उपचारको व्यवस्था मिलाउने । | वडास्तरीय विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समिति<br>स्वास्थ्य संस्थाहरु |
| | * आवश्यकतानुसार **मनोसामाजिक परामर्श** सेवा उपलब्ध गराउने । | तालिम प्राप्त परामर्शदाता,<br>महानगरपालिका |
| | * शव व्यवस्थापन कार्यविधि अनुसारका प्रकृया पुरा गरी **मृतकका शवको अन्त्येष्ठीको** लागि आवश्यक कार्य आरम्भ गर्ने । | सुरक्षा निकाय |
| | | |
| | | |
| २४ देखि ४८ घण्टा भित्र | * खोज तथा उद्धारको कार्यलाई निरन्तरता दिने । | सुरक्षा निकाय, महानगरपालिका,<br>कार्यदलहरु, रेडक्रस |
| | * सनाखत भएका शवहरुलाई सम्बन्धित आफन्तहरुलाई बुझाउने । | सुरक्षा निकाय |
| | * सनाखत नभएका शवहरुलाई आवश्यकता अनुसार र नियमानुसार व्यवस्थापन गर्ने । | सुरक्षा निकाय, महानगरपालिका,<br>कार्यदलहरु, रेडक्रस |
| | * सामुदायिक भवन र शिविरमा रहेका विपद् प्रभावितहरुलाई राहत सामग्री, स्वास्थ्य उपचार र सरसफाईलाई निरन्तरता दिने । | सुरक्षा निकाय, महानगरपालिका,<br>कार्यदलहरु, रेडक्रस, स्वास्थ्य संस्थाहरु |
| | * थप खाद्यान्न तथा राहतको लागि जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस, प्रदेश सरकार तथा अन्य गैरसरकारी सामाजिक संस्थाहरुमा अनुरोध गरी व्यवस्था गर्ने । | सुरक्षा निकाय, महानगरपालिका, रेडक्रस |
| | * द्रुत लेखाजोखाको औजार (Rapid Assessment Tool-RAT) को प्रयोग गरेर प्रारम्भिक तथ्याङ्क संकलन गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, |

| समयावधि | सञ्चालन गर्ने गतिविधि | मुख्य जिम्मेवारी |
|---|---|---|
| | यस्तो क्षति र नोक्सानीको विवरण यकिन गर्न विभिन्न सरकारी कार्यालयका कर्मचारीहरु परिचालन गर्ने । | रेडक्रस, सुरक्षा निकायहरु |
| | * विस्थापितहरुलाई आवश्यकतानुसार न्यूनतम लत्ताकपडा तथा आधारभूत सामग्रीहरुको व्यवस्था मिलाउने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| | * अस्थायी शिविरको व्यवस्था मिलाउने । जसमा महिला तथा किशोरीहरुका लागि उपयुक्त हुनेगरी सौचालय, पानी तथा अन्य सुविधाको व्यवस्था गर्ने । | वडास्तरीय विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |
| | * स्वच्छ खानेपानी, विद्युत सेवा, सरसफाई आदिको लागि आवश्यक व्यवस्था गर्ने । | वडास्तरीय विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, विद्युत प्राधिकरण, स्वास्थ्य चौकी |
| | * सम्भावित जोखिममा रहेकालाई अन्यत्र सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | वडास्तरीय विपद् व्यवस्थापन समिति स्थानीय विपद् व्यवस्थापन समिति, |
| | * तथ्याङ्क संकलनलाई निरन्तरता दिने । | स्थानीय विपद् व्यवस्थापन समिति, वडा समिति, रेडक्रस, सुरक्षा निकायहरु |
| | * विपद् प्रभावितहरुको सुरक्षा र बालबालिका तथा महिला, किशोरीहरुको संरक्षणका लागि युवा स्वयंसेवक दल तयार गरी परिचालन गर्ने । | सुरक्षा निकाय, युवा स्वयंसेवक दल, महिला विकास शाखा |
| | * मृत पशुहरुको शवलाई आवश्यक प्रभावकारी व्यवस्थापन गर्ने । | महानगरपालिका, सुरक्षा निकायहरु |
| | * स्वीकृत फाराम अनुसार प्रारम्भिक द्रुत लेखाजोखा गर्न टोलीको परिचालन गर्ने र सो को विश्लेषण गरी सम्बन्धित निकायहरु, महानगरपालिका, सुरक्षा निकायहरुमा प्रेषण गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, |
| | * विपद् प्रभावितहरुको आवश्यकताको लेखाजोखा गर्ने । (Need Assessment) | स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस, सुरक्षा निकायहरु |
| | * आवश्यकता अनुसार घाइतेको सघन उपचारको लागि आवश्यक व्यवस्था मिलाउने । | प्राथमिक उपचार कार्यदल, स्वास्थ्य संस्था |
| | * आपराधिक गतिविधि नियन्त्रण गर्न प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने । | सुरक्षा निकाय |
| | * आवस्यकतानुसार सिघ्रातिसिघ्र सञ्चार माध्यम र स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र (LEOC) र जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) मा प्रत्येक दिन सूचना तथा समाचार उपलब्ध गराउने । | वडास्तरीय विपद् व्यवस्थापन समिति स्थानीय विपद् व्यवस्थापन समिति, |
| | | |
| ४८ घण्टा देखि ७२ | * खोज तथा उद्धार कार्यलाई निरन्तरता दिने । | सुरक्षा निकाय |
| | * आवश्यक राहत सामग्री, औषधी उपचार र सरसफाईलाई निरन्तरता दिने । | वडा समिति, स्थानीय विपद् व्यवस्थापन |

| समयावधि | सञ्चालन गर्ने गतिविधि | मुख्य जिम्मेवारी |
|---|---|---|
| घण्टा भित्र | | समिति, रेडक्रस, स्वास्थ्य संस्थाहरु |
| | * क्षति तथा नोक्सानीको यकिन तथ्याङ्क संकलन गरिसक्ने । | वडा समिति, स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस, सुरक्षा निकायहरु |
| | * आपराधिक गतिविधि नियन्त्रण गर्न आवश्यक सुरक्षा व्यवस्थालाई निरन्तरता दिने । | सुरक्षा निकाय |
| | * थप सहयोगका लागि प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी व्यवस्था गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, |
| | * क्षति तथा नोक्सानीको विवरण दैनिक रुपमा जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउँदै रहने । | स्थानीय विपद् व्यवस्थापन समिति, |
| | | |
| ७२ घण्टा देखि ७ दिन भित्र | * विभिन्न निकाय, संघसंस्थाहरुबाट आएका राहत सामग्री र सहयोग संकलन गरी क्षतिको विवरण अनुसार आवश्यकताको आधारमा, आवश्यक स्थानमा परिचालन गर्ने । यसको लागि एकद्वार प्रणाली (One Door System) अवलम्बन गर्ने । | कमाण्ड पोष्ट |
| | * अल्पकालिन आवासको व्यवस्था गरी पुनर्स्थापन गर्ने । | वडा समिति, स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस, सुरक्षा निकायहरु |
| | * आपराधिक गतिविधि नियन्त्रण गर्न आवश्यक सुरक्षा व्यवस्था गर्ने । | सुरक्षा निकायहरु |
| | * खोज, उद्धार, राहत, उपचार, सरसफाई, संरक्षणका कार्यहरुलाई निरन्तरता दिने । | वडा समिति, स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस |
| | | |
| ७ दिन देखि १५ दिन भित्र | * क्षति तथा नोक्सानी भएका भौतिक संरचनाहरुको पुनर्निर्माणका लागि आवश्यक दीर्घकालिन योजना बनाउने । | वडास्तरीय विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, |
| | * खोज, उद्धार, राहत, उपचार, सरसफाई, संरक्षणका कार्यहरुलाई निरन्तरता दिने । | वडा समिति, स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस, स्वास्थ्य संस्थाहरु |
| | * आपराधिक गतिविधि नियन्त्रण गर्न आवश्यक सुरक्षा व्यवस्था गर्ने । | सुरक्षा निकायहरु |
| | * नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त आर्थिक तथा भौतिक सहयोगलाई निश्पक्षता र तटस्थताको सिद्धान्त अनुसार आवश्यकताका आधारमा विपद् प्रभावितहरुलाई उपलब्ध गराउने । | वडास्तरीय विपद् व्यवस्थापन समिति स्थानीय विपद् व्यवस्थापन समिति, |
| | | |

### ३.१.५ प्रतिकार्यका लागि पूर्वतयारी

यसमा विपद् पश्चात गरिने प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्व नै वडाको तर्फबाट गर्नुपर्ने पूर्वतयारीका क्रियाकलापहरुलाई समावेश गरिएको छ ।

| क्र.सं. | पूर्वतयारी कार्य | जिम्मेवारी | सहयोगी |
|---|---|---|---|
| | * सुरक्षा निकायहरु, महानगरपालिका, रेडक्रस, एम्बुलेन्स स्थानीय जनप्रतिनिधिहरुको सम्पर्क नम्बर संकलन गरी हरेक व्यक्तिको मोवाईलमा र घरघरमा रहने गरी व्यवस्था गर्ने । | वडा कार्यालय<br>महानगरपालिका | |
| | * वडा तहमा र महानगरपालिका तहमा प्राथमिक उपचार, आधारभूत खोज तथा उद्धार, मनोसामाजिक परामर्श, अस्थायी आवास व्यवस्थापन, मनोसामाजिक परामर्श कार्यदल गठन गर्ने । | वडास्तरीय विपद् व्यवस्थापन समिति<br>स्थानीय विपद् व्यवस्थापन समिति, | गैरसरकारी<br>सामाजिक<br>संघसंस्थाहरु |
| | * वडा तहमा र महानगरपालिकातहमा प्राथमिक उपचार, आधारभूत खोज तथा उद्धार, मनोसामाजिक परामर्श, अस्थायी आवास व्यवस्थापन, मनोसामाजिक परामर्श तथा शव व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गर्ने वा तालिममा कार्यदलका सदस्यहरुलाई सहभागी गराई क्षमता विकास गर्ने । | महानगरपालिका | गैरसरकारी<br>सामाजिक<br>संघसंस्थाहरु |
| | * महानगरपालिका, रेडक्रस र सुरक्षा निकायमा आधारभूत खोज तथा उद्धार सामग्री तथा विपद् व्यवस्थापन सामग्रीहरु क्रमिक रुपमा खरिद गरी तयारी अवस्थामा राख्ने । | महानगरपालिका, सुरक्षा निकायहरु | प्रदेश सरकार |
| | * सम्भव भएसम्म घरघरमा नभए कमसेकम टोलगतरुपमा र सबै कार्यालयहरु, उद्योगहरु आदिमा **अग्नी शमनयन्त्र** (Fire extinguisher) राख्ने । | वडा समिति, महानगरपालिका | प्रदेश सरकार |
| | * **दमकलको क्षमतामा बृद्धि** गर्ने अर्थात बढी क्षमताको दमकलको व्यवस्था गर्ने ।<br>* दमकलका कर्मचारीहरुलाई **तालिम**को व्यवस्था गर्ने ।<br>* बिभिन्न ठाउँहरुमा **Water Point** हरु निर्माण गर्ने । | महानगरपालिका | प्रदेश सरकार |
| | * वडा र महानगरपालिका तहमा आपतकालिन कोषको स्थापना गरी कोष सञ्चालन निर्देशिका तयार गर्ने । | वडा कार्यालय<br>महानगरपालिका | सामाजिक<br>संघसंस्थाहरु |
| | * एम्बुलेन्स, शववाहन, दमकलहरु तयारी अवस्थामा राख्ने । | महानगरपालिका | प्रदेश सरकार |
| | * द्रुत लेखाजोखा गर्ने फर्मेट प्रिण्ट गरी महानगरपालिका र वडास्तरीय विपद् व्यवस्थापन समितिका हरेक सदस्यहरुलाई उपलब्ध गराउने । | वडा समिति, महानगरपालिका | |
| | * हरेक टोलमा कमसेकम एक एकवटा स्ट्रेचर र प्राथमिक उपचार सामग्रीहरुको बाकस उपलब्ध गराउने । | वडा समिति, महानगरपालिका | स्वास्थ्य संस्थाहरु,<br>रेडक्रस |

| | | | |
|---|---|---|---|
| | * विपद् व्यवस्थापन समितिलाई कृत्रिम घटना अभ्यास (Simulation) तालिमको आयोजना गर्ने र समय समयमा विद्यालय र समुदायमा कृत्रिम घटना अभ्यास गर्ने । | महानगरपालिका | सुरक्षा निकायहरु, सामाजिक संस्थाहरु |
| | * "विपद्मा युवा" अवधारणा अनुसार सक्रिय **युवाहरुको द्रुत प्रतिकार्य टोलीको** गठन गर्ने र तालिम दिएर सुरक्षा निकायहरुसंगको समन्वयमा तम्तयारी अवस्थामा राख्ने । | महानगरपालिका | सुरक्षा निकायहरु, सामाजिक संस्थाहरु |
| | * विपद् प्रतिकार्यको लागि द्रुत परिचालन गर्न महानगरपालिका, सुरक्षा निकायहरु, रेडक्रस लगायतका सरोकारवाला निकायहरुको बीचमा **प्रभावकारी समन्वय संयन्त्रको** विकास गर्ने । | महानगरपालिका | सुरक्षा निकायहरु, सामाजिक संस्थाहरु |
| | * अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आपतकालिन अवस्थाको लागि **औषधी तथा सामग्रीहरुको जोहो** गरिराख्ने । | महानगरपालिका | प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी |
| | * अति आवश्यक राहत सामग्रीहरुको भण्डारण गर्ने । जस्तै : त्रिपाल, कम्बल, सेफ्टी प्याड आदि । | महानगरपालिका | सामाजिक संघसंस्थाहरु |
| | * वर्षादको समयमा बढी डुवान हुने वडाहरुमा पानी बाहिर पठाउन **पम्पिङ्गसेटको** व्यवस्था गर्ने । | वडा कार्यालय महानगरपालिका | प्रदेश सरकार |
| | * वडा र महानगरपालिकामा गठित विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि आधारभूत मानवीय सहायता मापदण्ड र स्फेयर सम्बन्धी **तीनदिने तालिमको** व्यवस्था गर्ने । | महानगरपालिका | सामाजिक संघसंस्थाहरु |
| | प्रतिकार्य सामग्रीहरु तयारी अवस्थामा राख्ने । **कम्बल वा ब्लाङ्केट, त्रिपाल, म्याट, दाउरा, लगाउने न्यानो कपडा (स्वेटर, मोजा, ज्याकेट, ट्राउजर, टोपी, थर्मकोट**...आदि) । यसमा **महिला तथा किशोरी**हरुका लागि आवश्यक सामग्रीहरुमा विशेष ध्यान दिएर व्यवस्था गर्ने । | वडा कार्यालय, महानगरपालिका | प्रदेश सरकार सामाजिक संघसंस्थाहरु |
| | * **पूर्व मनसुन कार्यशालाको** आयोजना गरी सम्भावित विपद्को लागि सरोकारवाला सबै निकायहरुलाई तम्तयारी अवस्थामा राख्ने । | महानगरपालिका | सुरक्षा निकायहरु, रेडक्रस |

### ३.१.६ विपद् पश्चात् पुनर्लाभका क्रियाकलापहरु :

विपद् भइसकेपछि त्यसबाट परेको प्रभाव र भएको क्षतिको विश्लेषण गरी जनजीवनलाई सामान्य बनाउन, पूर्ण विस्थापित परिवारको पुनर्स्थापना गर्न, क्षतिग्रस्त भौतिक संरचनाको मर्मत सम्भार तथा पुनर्निर्माण गर्न र भविष्यमा पर्नसक्ने विपद्को सामना गर्न आवश्यक पर्ने क्रियाकलापहरु निम्न अनुसार छन् ।

| कस | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | विद्युत आपूर्ति, सञ्चार सम्बन्ध, सडक सुचारु गर्ने ।<br>विद्यालय तथा शिक्षण संस्थाहरु सुचारु गर्ने ।<br>आवत जावत गर्ने बाटोहरु मर्मत गरी व्यवस्थित गर्ने । | महानगरपालिका, वडा समिति | महानगरपालिका, वडा समिति | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, सरोकारवाला निकाय तथा अन्य गै.स.स, | ३ महिना भित्र |
| २ | आवस्यकतानुसार जोखिमपूर्ण स्थानबाट विस्थापित भएका परिवारलाई सुरक्षित स्थानहरुमा स्थानान्तरण गर्ने । | महानगरपालिका, वडा समिति | महानगरपालिका, वडा समिति | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, सरोकारवाला निकाय तथा अन्य गै.स.स, | ३ महिना भित्र |
| ३ | दीगो जिविकोपार्जनको अवधारणा अनुसार सबै विस्थापित र प्रभावित परिवारहरुलाई जिविकोपार्जनका लागि तत्पर गराई सहयोग उपलब्ध गराउने । | महानगरपालिका, वडा समिति | महानगरपालिका, वडा समिति | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, सरोकारवाला निकाय तथा अन्य गै.स.स, | ३ महिना भित्र |
| ४ | आर्थिक, मानसिक, सामाजिक, स्वास्थ्य तथा साँस्कृतिक विचलन भएको असामान्य अवस्थाबाट स्वाभाविक तथा सहज अवस्थामा ल्याउन प्रभावकारी कार्यहरु गर्ने । | महानगरपालिका, वडा समिति | महानगरपालिका, वडा समिति | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, सरोकारवाला निकाय तथा अन्य गै.स.स, | ३ महिना भित्र |
